# मगर खाममा स्थानीय विषयको पाठ्यक्रम

आधारभूत तह (कक्षा १–८)



सुनछहरी गाउँपालिका

रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मगर खाममा स्थानीय विषयको पाठ्यक्रम
सुनछहरी गाउँपालिका, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

# मगर खाममा

# स्थानीय विषयको पाठ्यक्रम

आधारभूत तह (कक्षा १-८)

**सुनछहरी गाउँपालिका**

रोल्पा

लुम्बिनी प्रदेश

**सुनछहरी गाउँपालिकाको मगर खाममा स्थानीय विषयको पाठ्यक्रम**
आधारभूत तह (कक्षा १ - ८)

Sunchhahari Rural Municipality
Magar Kham Curriculum for 'Local' Subject
Basic Level (Classes 1-8)


प्रकाशक : सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

प्रकाशन वर्ष : २०८० (वि.सं.)
प्राविधिक सहयोग : मगर आदिवासी प्राज्ञिक प्रतिष्ठान, काठमाडौं ।



सर्वाधिकार © : सुनछहरी गाउँपालिकामा सुरक्षित



प्राज्ञिक परामर्श : मा. अमृत योञ्जन-तामाङ (सदस्य, भाषा आयोग), डा. नरमाया थापामगर (शिक्षाविद), डा. छविलाल चिदी (उप-प्राध्यापक, त्रि.वि.), डा. कर्ण राना (उप-प्राध्यापक, ने.खु.वि.), अमर तुम्याङ (उप प्राध्यापक, त्रि.वि.), डा. नारायण मगर (क्याम्पस प्रमुख, मेगा कलेज, ललितपुर), सन्त गाहा (सम्पादक, हिमाल खवरपत्रिका), जगबहादुर बुढामगर (लेखक एवं मावनशास्त्री)

टिम लिडर : डा. विष्णु कुमार सिङ्जाली
लेखन/सम्पादन : डा. विष्णु कुमार सिङ्जाली, जीवनप्रवेश रोकामगर

अनुसन्धान तथा
सूचना सङ्कलन : बल बहादुर घर्तीमगर, माया रोकामगर, पंकज रानामगर

कार्यक्रम संयोजन : माया रोकामगर



आवरण : चुडामणि नेपाल "मणि"
लेआउट : सुरेन्द्र महर्जन
मुद्रण : कानुङ प्रिन्टिङ प्रेस, बागबजार, काठमाडौं



सुनछहरी गाउँपालिका/लेखकहरूको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

**सुनछहरी गाउँपालिका**
**पोवाङ रोल्पा**
**गाउँ कार्यपालिकाको कार्यालय**
(लुम्बिनी प्रदेश, नेपाल)

मितिः २०८०/०१/१५

# प्रकाशकीय

बहुभाषिक-बहुसाँस्कृतिक इन्द्रेणी नेपालको सुनछहरी गाउँपालिकामा प्रचलित मगर भाषा-संस्कृति पनि राज्यको एक सम्पदा हो । यो पालिकामा मगर भाषा-संस्कृति ऐतिहासिक कालदेखि निरन्तरता रहेको छ । स्थानीय/रैथाने सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि नेपालको संविधान-२०७२ ले स्थानीय सरकारलाई जिम्मा दिएको छ । नेपालको संविधानको प्रावधानहरुलाई आत्मसाथ गर्दै विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ (दोस्रो संस्करण, २०७९) र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ मार्गनिर्देश गरेका महत्वपूर्ण पक्ष र प्रक्रियालाई आत्मसाथ गर्दै हालमा कक्षा १- ८ सम्मको मगर खाममा स्थानीय पाठ्यक्रम र कक्षा १ को पुस्तक तयार पार्ने काम सम्पन्न गर्न पाएकोमा खुसी लागेको छ । हामीले आधारभुत विद्यालय तह (कक्षा १-८) सम्म नै मगर खाममा पाठ्यपुस्तक तयार पार्ने लक्ष्य राखेका छौं । यसलाई क्रमश लागू गरिँदै गइनेछ । विद्यालय तहको शिक्षाको व्यवस्थापनको जिम्मा स्थानीय तहलाई प्राप्त भएपाश्चात हाम्रो पालिका भित्र रहेका विद्यालयहरुलाई अभिभावकत्वको प्रत्याभुती दिलाउने प्रयत्न गरिराखेकै छौं । यस क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन- २०७४, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ का प्रावधानलाई मध्यनजर गरेर पालिका भित्रका स्थानीय सम्पदाहरु, साधनस्रोत र स्थानीय भूगोल, स्थानीय विषयवस्तुहरु चिनाउँदै सोमा गौरव गर्न सक्ने जनशक्ती तयार पार्नका लागि  आधारभूत विद्यालय तहको मगर खाममा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने जमर्को गरेका हौं ।

राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहका सबै क्षेत्र, भाषा-संस्कृति र विषयलाई समेट्न, संरक्षण र सम्बर्द्धन गर्न नसकेकोले राष्ट्रिय शिक्षा आयोग-२०४९ ले नै स्थानीय बिषयवस्तुको पठनपाठनको सिफारिश गरेको भएता पनि लामो समय स्थानीय विषय वस्तु, स्थानीय मातृभाषा-संस्कृतिहरु समेट्ने प्रयाशहरु सफल हुन सकेन । नेपालको सम्बिधान-२०७२ जारी भएपछि नेपालमा स्थानीय भाषा-संस्कृति, विषयवस्तु समेटेर रैथाने मातृभाषामा स्थानीय पाठ्यक्रम निर्माणको लागि सहजता भयो । यहि प्रावधानलाई टेकेर पालिकाको स्थानीय र रैथाने विषयवस्तुलाई समेटे मगर खाम (भाषा)को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरिएको हो ।

हामीले ऐतिहासिक कालदेखि प्रचलनमा रहेको मगर (खाम)मा स्थानीय पाठ्यक्रम पढाउँदै गर्दा विद्यार्थीहरुलाई बहुभाषिक-बहुसाँस्कृतिक चेत विकास गर्ने लक्ष्य राखिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकमा मगर खाम (भाषा) बाट नेपाली र अँग्रेजी सिक्न सक्ने, नेपाली र अँग्रेजीबाट मगर खाम (भाषा) सिक्न सक्ने गरि बहुभाषिक विधी

अपनाउने प्रयाश गरेका छौं । यसको अर्थ, बालबालिकाहरु मगर खाम, नेपाली र अँग्रेजी तीनवटै भाषामा पोख्त बनून् भन्ने चाहाना राखेका छौं । यसैगरी, पालिकाको भूगोल, समाज, भाषा-संस्कृति, आर्थिक दृष्टिकोणले सम्भाव्यता, जिविकोपार्जन, साधन स्रोत, प्राकृतिक स्रोत आदिको बारेमा पनि गौरव गर्न सक्ने जनशक्ती विकास गर्ने आशा गरेका छौं । पालिका भित्र विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरुको कदर गर्न सक्ने र सोबाट प्रेरणा लिएर स्थानीय विषयवस्तुलाई आत्मसाथ गर्दै गौरवबोधमा सचेत जनशक्ती उत्पादन गर्ने चाहाना राखेका छौं । यसैगरी हामीले पालीकामा ऐतिहासिककालदेखि प्रचलित अरु मातृभाषाहरुलाई पनि प्राथमिकतामा राख्दै आएका छौं । ति सम्पदाहरुको पनि संरक्षण, संवर्द्धनमा पालिकाले पनि प्रयास गरिरहेको छ । पालिकामा प्रचलित मातृभाषाहरुमा पनि आवस्यकता र संभावनालाई अध्ययन गरि विद्यालयमा लागू गरिँदै लगिनेछ । पालिकामा मगर खाम (भाषा)को पाठ्यक्रम र पाठ्यपुस्तकहरु तयार गर्नको लागि स्थानीय रुपमा भुमिका खेल्नुहुने मगर खाम शिक्षा सञ्चालन समितिका संयोजक अमरजित पुनमगर (वडा अध्यक्ष, वडा नं. ६) शिक्षा शाखा प्रमुख रेगबहादुर पुन लगायतको टिम, यस अभियानमा खटिनुभएका शिक्षकहरु, पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी वर्गहरु, गाउँपालिकाका पदाधिकारीहरु तथा यस कार्यलाई सफल पार्नका लागि बौद्धिक योगदान गर्नुहुने मगर आदिवासी प्राज्ञिक प्रतिष्ठान, काठमाडौं प्रति पनि आभारी छौं । मगर खाम (भाषा)को पाठ्यक्रम र पाठ्यपुस्तकको आधारभुत विद्यालय तह (कक्षा १-८) सम्म तयार पारी लागू गर्नका लागि यहाँहरुको निरन्तर सहयोगको अपेक्षा गर्दछौं । यसैगरी मगर खाम (भाषा)को पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष सुधार गर्दै जाने नै छौं । यसैले यहाँहरुको रचनात्मक सुझावको पनि अपेक्षा गर्दछौं । मगर खामको पाठ्यक्रम र पाठ्यपुस्तक पालिकाको गौरव भएकोले पनि यसलाई कार्यान्वयन गर्नको लागि यहाँहरु सबैको सहयोगको अपेक्षा पनि गर्दछौं ।

| | | |
|---|---|---|
| **लालसिंह खड्का** | **ननकला घर्ती** | **धन बहादुर पुनमगर** |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

## मगर खाममा स्थानीय पाठ्यक्रम लेखनको सन्दर्भ

नेपालको संविधान-२०७२ बमोजिम नेपाल बहुभाषिक-बहुसाँस्कृतिक देश हो । बहुभाषिक-बहुसाँस्कृतिक इन्द्रेणीमा मगर भाषा-संस्कृति पनि राज्यको एक अभौतिक सम्पदा हो । राज्यको सम्पदाहरूको संरक्षण, संबर्द्धन र विकास गर्नु राज्यको कर्तव्य हो । वर्तमान संविधान, ऐन, कानून तथा अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र कानूनहरूको प्रावधानलाई पालना गर्दै सुनछहरी गाउँपालिकाले पालिकाको ऐतिहासिक भाषा 'मगर खाम'मा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारी पठनपाठनको अभ्यासमा ल्याएको कार्य निकै सराहनीय छ । राज्यको सम्पदा बालबालिकाहरूलाई सिकाउनु भनेको पुस्तान्तरण हुनु हो, यसले राज्यको सम्पदाको संरक्षण गर्दछ । नेपाल राज्य तथा मानव सभ्यताको सम्पदा संरक्षण गर्ने, बालबालिकाहरूको दिगो सिकाई र स्थानीय विषयवस्तुको ज्ञान तथा सिप सिकाएर आफ्नो जन्मभूमिमा स्वावलम्बन बन्नको लागि प्रेरित गर्ने अभियानमा हामीलाई पनि सहभागी गराएकोमा सुनछहरी गाउँपालिका प्रति अभारी छौं ।

मगर भाषा-संस्कृतिले आदिवासी मगरहरूको पहिचान र इतिहास पनि बोकेको छ । यसले विश्वविद्यालय तथा औपचारिक शिक्षा, आम सञ्चार (मिडिया)मा उचित स्थान पाएको छैन । शिक्षा र मिडियाको विकासमा मगर भाषा-संस्कृति संरक्षण, सम्बर्द्धन र विकासका लागि आवश्यक सुरक्षण (Safeguards) नीतिको अभाव तथा एकल भाषा-संस्कृतिको माइन्सेटले गर्दा राज्यको सम्पदा मगर भाषा-संस्कृति लोपोन्मुख अवस्थामा पुगेको छ । मगर भाषाको साहित्य तथा भाषा विकासका लागि ठोस सरकारी नीतिको अभाव र लगानीको शुन्यता भएकोले पनि मगर भाषामा प्रशस्त साहित्यहरू उत्पादन हुन सकेको छैन । यस्तो परिस्थितिमा; मगर भाषा-संस्कृतिको औपचारिक शिक्षा (विद्यालय तथा विश्वविद्यालय तह)मा अध्ययन अध्यापनको लागि पहल गर्ने, प्राविधिक सहयोग प्रदान गर्ने र पठनपाठनका कार्यहरू गर्ने मुख्य उद्देश्यहरू राखेर प्राज्ञिक व्यक्तित्वहरूको संलग्नतामा यो संस्थाको स्थापना भएको हो । स्थापनाकालदेखि संस्थाले मगर भाषा-संस्कृति विश्वविद्यालयमा अध्ययन अध्यापन गर्नको लागि लबिङ गरिराखेको छ र स्थानीय सरकारसँग मिलेर विद्यालय तहमा पनि कार्यहरू गर्दै आएको छ ।

मगर भाषामा मगरहरूको संस्कृति, इतिहास, आदिवासी ज्ञान र सिप, पहिचान, मगर शौन्दर्यशास्त्र र मगर दर्शन रहेको छ । नेपालको बाइसी-चौबिसी भुरे राज्यकालमा अर्घाखाँची, गुल्मी, पश्चिम पाल्पा, पर्वत, बाग्लुङ र म्याग्दी जिल्लाहरू (हिमालदेखि तराईसम्म) मगर भाषा बोल्न तथा प्रयोग गर्न बन्देज गरेको र आधुनिक नेपाल बनिसकेपछि पनि राज्यले मगर भाषा-संस्कृतिलाई विभेद गरेकाले पनि एक-आपसमा भाषिक सम्पर्क हुन नसकी मगर भाषाहरू फरक पर्न गयो । आज मगरहरू (क) मगर ढुट (ख) मगर खाम (ग) मगर काईके बोल्दछन् । पछिल्लो समय भाषा आयोगको अध्ययनमा मगरहरूको तिछुरुङ पोइके भाषा पनि थपिएको छ । यहाँ राप्ती-भेरी नदी प्रश्रवण क्षेत्रमा ऐतिहासिक कालदेखि प्रचलनमा रहेको मगर खाममा स्थानीय विषय

पठनपाठन गर्न गराउनका लागि यो आधारभूत विद्यालय तहको पाठ्यक्रम तयार गरिएको छ। यो पाठ्यक्रमको आधारमा कक्षा १-३ सम्म पाठ्यपुस्तक लेखन पनि भैसकेको छ र बाँकी कक्षाहरूको पाठ्यपुस्तक लेखन कार्य निरन्तर चलिरहेको छ । यो पाठ्यक्रम तयार पार्न डा. विष्णु कुमार सिङ्जालीको नेतृत्व गर्नुभएको थियो र जिवन प्रवेश रोकामगरको साथसहयोग थियो । लेखकहरूलाई पाठ्यक्रमको खाका तयार पार्नका लागि सैदान्तिक तथा व्यवहारिक पक्षहरुको परामर्श तथा फिल्ड भ्रमणमा समेत सहभागी भएर गहन परामर्श भाषाविद तथा भाषा आयोगका सदस्य मा. अमृत योञ्जन तामाङले प्रदान गर्नु भएको छ। उहाँप्रति यो संस्था आभारी छ। यसैगरी डा. नरमाया थापामगर (शिक्षाविद, सेभ द चिल्ड्रेन), मा. अमृत योञ्जन-तामाङ (सदस्य, भाषा आयोग), डा. छविलाल चिदी (उप-प्राध्यापक, भूगोल विभाग, त्रि.वि.), डा. कर्ण राना (उप-प्राध्यापक, खुल्ला विश्वविद्यालय), डा. नारायण मगर (क्याम्पस प्रमुख, मेगा कलेज,  ललितपुर), सन्त गाहा (सम्पादक, हिमाल खवरपत्रिका), जगबहादुर बुढामगर (लेखक एवं मावनशास्त्री), अमर तुम्याङ (उप प्राध्यापक, भक्तपुर शिक्षा क्याम्पस, त्रि.वि.)बाट महत्वपूर्ण सुझावहरू दिनु भएकोमा अभारी छौं। यसै गरी पाठ्यक्रम तयारको लागि अध्ययन गोष्ठी, पाठ्यक्रमको मस्यौदा प्रतिवेदन शेयरीङ गोष्ठीमा उपस्थित भई सुझाव दिनु हुने वि.व्य.स.का पदाधिकारीहरू, वडा अध्यक्ष तथा जनप्रतिनिधिहरू, विद्यालयका शिक्षकहरू, अभिभावकहरू तथा सरोकारलाला र अध्ययन कार्यका लागि सुचना उपलब्ध गराउनुहुने मुख्य सुचनादाताहरू, सामुहिक छलफलमा सहभागी हुनु हुने सुचनादाताहरू सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छौं। यस अभियानलाई हृदयदेखि नै सहयोग गरिदिनु हुने गाउँपालिका अध्यक्ष धन बहादुर पुनमगर, उपाध्यक्ष, ननकला घर्तीमगर, वडा अध्यक्ष तथा सम्पुर्ण जनप्रतिनिधीहरू, प्रमुख कार्यकारी अधिकृत लालसिङ खड्का, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रेग बहादुर पुन (रेशम संगीत) सुझाव कार्यदलका संयोजक तथा पदाधिकारीहरू, गाउँ शिक्षा समितिका पदाधिकारीहरू सबैमामा धन्यवाद ज्ञापन गर्दछौं।

अन्तमा, यो पाठ्यक्रममा बहुभाषिक-बहुसाँस्कृतिक दृष्टिकोणबाट स्थानीय बिषयवस्तुलाई जोड दिइएको छ। एक समुदायको विद्यार्थीले अर्को समुदायको विद्यार्थीलाई सम्मान प्रदान गर्न सक्ने र आफ्नो विषयवस्तुमा गौरव गर्नसक्ने विषयवस्तुलाई जोड दिइएको छ। पालिकाभित्रको विविधतालाई समेट्ने प्रयास गरिएको छ। मगर भाषामा विद्यालय तहको स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक लेखनको शुरुवाती अवस्था रहेकोले अझ धेरै बौद्धिक बहसहरू गर्न जरुरी छ। यसैले पनि मगर खाममा स्थानीय विषयको तयारी तथा लेखनमा कमीकमजोरीहरू, प्राविधिक त्रुटीहरू हुन सक्दछन र यस्ता त्रुटीहरू आगामी संस्करणमा न्युनीकरण गरेर मगर भाषा-संस्कृतिको विद्यालय तहमा पठनापाठनको अभियानलाई सघाउनको लागि यहाँहरू सबै अभिभावक तथा सरोकारवालाहरूको सुझावको अपेक्षा गरेका छौं। यहाँहरूको सल्लाह सुझाव हाम्रो लागि पनि भविष्यमा मार्गनिदेशन हुनेछ।

जिलौ (धन्यवाद) !

डा. नरमाया थापामगर
अध्यक्ष

## गाउँ शिक्षा समितिका पदाधिकारीहरू

| क्र.सं. | नाम | जिम्मेवारी |
|---|---|---|
| १. | धन बहादुर पुनमगर | संयोजक- अध्यक्ष, सुनछहरी गा.पा. |
| २. | लालसिङ खड्का | सदस्य- प्रमुख प्रशासकीय अधिकृत |
| ३. | अमरजित पुनमगर | सदस्य- वडा अध्यक्ष (वडा नं. ६) |
| ४. | हिमलाल पोखरेल | सदस्य- प्रअ, रोल्बाङ मा.वि., जेलबाङ |
| ५. | दुर्गा बुढाथोकी | सदस्य- वि.व्य.स. अध्यक्ष |
| ६. | अनिषा विष्ट | सदस्य- कार्यपालिका महिला सदस्य |
| ७. | उदविर घर्तिमगर | सदस्य- कार्यपालिका सदस्य |
| ८. | खड्क बहादुर घर्तीमगर | सदस्य- शिक्षक अभिभावक संघ, अध्यक्ष |
| ९. | रेग बहादुर पुन (रेशम संगीत) | सदस्य सचिव- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख |

## मगर खामको स्थानीय पाठ्यक्रम सुझाव कार्यदलका पदाधिकारीहरू

गठन मिति २०७९/१२/२७ गते

| क्र.सं. नाम | जिम्मेवारी |
|---|---|
| १. अमरजित पुनमगर | संयोजक- वडा-६ अध्यक्ष, सुनछहरी गा.पा. |
| २. बागविर घर्तीमगर | सदस्य- प्र.अ. जनता मा.वि. गाम |
| ३. पुनम पुन बुढाथोकी | सदस्य- प्र.अ. सरस्वती मा.वि. घुसबाङ |
| ४. गणेश रोकामगर | सदस्य- शिक्षक |
| ५. रण बहादुर घर्तीमगर | सदस्य- वि.व्य.स. अध्यक्ष |
| ६. दिवस बुढामगर | सदस्य- शिक्षक |
| ७. सुन बहादुर पुन | सदस्य- स्थानीय बुद्धिजीवि |
| ८. किरण बुढामगर | सदस्य- शिक्षक |
| ९.रेग बहादुर पुन (रेशम संगीत) | सदस्य सचिव- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख |

---

## केही संक्षिप्त तथा पारिभाषिक शब्दावली

| | |
|---|---|
| आवि | : आधारभूत विद्यालय |
| उदा. | : उदाहरण |
| गापा | : गाउँपालिका |
| गाविस | : गाउँ विकास समिति |
| नपा | : नगरपालिका |
| निमावि | : निम्न माध्यमिक विद्यालय |
| पाविके | : पाठ्यक्रम विकास केन्द्र |
| प्रअ | : प्रधान अध्यापक |
| प्रावि | : प्राथमिक विद्यालय |
| मावि | : माध्यमिक विद्यालय |
| विव्यस | : विद्यालय व्यवस्थापन समिति |

# विषय सूची

**खण्ड – क**


१.१ पृष्ठभूमि ........ १
१.२ मगर खाम (भाषा)को स्थानीय पाठ्यक्रमको आवश्यकता ........ २
१.३ वर्तमान अवस्था ........ ३
१.४ निर्देशक सिद्धान्तहरू ........ ४
१.५ मगर खाममा स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया ........ ५


**खण्ड २**


२.१ मगर खाममा स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता/तहगत उद्देश्यहरू ........ ८
२.१ विषयवस्तुको क्षेत्र र क्रम ........ १०
२.२ कक्षागत विषयवस्तु/क्षेत्र र क्रम ........ १४
२.३ विषयवस्तुको विस्तृतीकरण ........ २५
कक्षा १ ........ २५
कक्षा २ ........ ३४
कक्षा ३ ........ ४३
कक्षा ४ ........ ५२
कक्षा ५ ........ ६१
कक्षा ६ ........ ७२
कक्षा ७ ........ ८२
कक्षा ८ ........ ९२


**खण्ड – ग**


१. शिक्षण सिकाइ प्रक्रिया ........ १०३
२. विद्यार्थीको सिकाइ मुल्याङ्कन ........ १०४
३. मगर खाममा स्थानीय पाठ्यक्रम कार्यान्वयन, अनुगमन र मुल्याङ्कन ........ १०७
४. मगर खाममा स्थानीय पाठ्यक्रमको मुल्याङ्कन ........ १०८
५. मगर खाममा स्थानीय पाठ्यक्रम समीक्षा र परिमार्जन ........ १०८
६. शिक्षक तालिम ........ १०९

# खण्ड – क

# मगर खामको स्थानीय पाठ्यक्रम परिचय र दिग्दर्शन

## १.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम नेपाल बहुभाषिक र बहुसाँस्कृतिक विविधताको सम्पदाले भरिपूर्ण राष्ट्र हो । नेपालमा भौगोलिक विविधताको सम्पदा रहेकोले जैविक विविधता (बायो डाइभर्सिटी) पनि रहेको छ । भाषिक, सामाजिक-साँस्कृतिक र प्राकृतिक वातावरणको दृष्टिकोणबाट पनि नेपालमा विविधताको इन्द्रेणी छ। यहि विविधताको सम्पदा बोकेको पालिका सुनछहरी गाउँपालिका पनि हो । रोल्पा जिल्लाको पूर्वि उत्तर भेकमा २७७.६२ वर्ग कि.मी.क्षेत्रफलमा फैलिएको सुनछहरी गाउँपालिका संघर्षशाली र स्वाभिमानी इतिहास, मनोरम प्रकृति र साँस्कृतिक उत्कृष्टता र विशिष्टताले भरिएको महत्वपूर्ण क्षेत्र हो । नेपाल सरकारको राज्य पुनः संरचना अनुसार साविकका सेरम, गाम, स्यूरी, जैमाकसला, फगाम (२-९), र जेलबाङ्ग गा.वि.स.लाई समायोजन गरी वि.स. २०७३ सालमा सुनछहरी गाउँपालिका नामाकरण गरि स्थापना भएको थियो । विगत १० वर्षे रुपान्तरकारी जनक्रान्तीका ऐतिहासिक महत्व बोकेका गाम, जेलबाङ्गलाई साछी राखेर सामाजिक न्याय र समृद्धिको दिशामा अघि बढेको यस गाउँपालिका मुलत मगरात आदीवासी संस्कृतिले विभुसित रहेको छ (सुनछहारी गाउँपालिका, २०७६) ।

शिक्षाले व्यक्तिको जीवन यापनलाई सहज बनाउँदै सामाजिक उत्तरदायित्व, जिम्मेवारी बहन गर्दै मौलिक हक अधिकारहरूको संरक्षण र सम्बर्द्धनको भूमिका निभाउनका लागि धेरै महत्वपूर्ण रहेको हुन्छ । शिक्षाका माध्यमबाट स्थानीय र राष्ट्रिय साधनस्रोतहरू पहिचान गरेर उचित प्रयोगबाट राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिहरू तथा समस्याहरूको समाधान गरी राज्यको समृद्धिमा टेवा पुऱ्याउन पनि मद्दत गरेको हुन्छ । तर, हाम्रो देशको शिक्षा घोकन्ते र बहिर्मुखी भएको सबै तहबाट महसुस गरिएको छ । आफ्नो स्थानीय र छरछिमेकका बारेमा जानकारीको अभाव हुने तर विदेशी मुलुकहरूको गल्ली गल्लीको बारेमा परिचित तथा सु-सूचित हुने अवस्था रहेको छ । स्थानीय स्तरमा सम्भावनाको ढोका खोल्ने भन्दा पनि परदेशतिर पलायन हुन प्रेरित गर्ने वातावरण निर्माण भएको छ । जति शिक्षित भयो ऊ आफ्नो परिवेश, पहिचान र आफैंदेखि त्यति टाढिँदै जाने प्रवृत्ति देखिएको छ । अर्कोतर्फ फरक मातृभाषा-संस्कृति हुने समुदायका बालबालिकाहरूको लागि ज्ञान निर्माण र सिकाइका लागि बाधा अड्चन खडा गरिदिएर विद्यालय छोड्नु परेको यथार्थहरू हामी माझ रहेको छ ।

यस्तो यथार्थलाई मनन् गर्दै पालिकाले ऐतिहासिक पृष्ठभूमि बोकेको स्थानीय मगर खाम (भाषा)मा स्थानीय पाठ्यक्रम बनाइ बालबालिकाहरूको भाषा र ज्ञानको पहुँचमा सहजीकरण गर्दै स्थानीय विषयवस्तु, साधनस्रोत र सम्पदाहरूको बारेमा सु-सूचित गर्नको लागि यो पाठ्यक्रम बनाएको छ । स्थानीय परिवेश बुझेर तथा स्थानीय साधनस्रोत र सम्भावनाहरूको खोजी गर्न प्रेरित गरेर पालिकाको दिगो विकास र समृद्धिमा टेवा पुऱ्याउने जनशक्ति निर्माणमा कडी (ब्रिजिङ)को लागि स्थानीय पाठ्यक्रमको महत्व रहेकोले पालिकाले अग्रसरता देखाएको हो । विद्यार्थीहरूलाई मगर खाम भाषा-संस्कृति, आदिवासी/रैथाने ज्ञान र सीप, स्थानीय गौरव र अपनत्व पुस्तान्तरण गरी सम्भावनाको ढोकाहरूलाई उजागर गर्न सकून भन्ने अभिप्रायबाट पनि मगर खाममा पालिकाको यथार्थ परिचय दिन सक्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरेको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ (दोस्रो संस्करण, २०७९)को मौजुदा संरचना अनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टा (क्रेडिट आवर)का दरले वार्षिक १६० कार्यघण्टाको स्थानीय विषयवस्तु वा मातृभाषिक सीपसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ कार्यघण्टा (क्रेडिट आवर)का दरले वार्षिक १२८ घण्टाको मातृभाषा वा स्थानीय विषय समावेश गरेको छ । यो प्रावधानलाई पुरा गर्दै पालिकाले स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकका साथै पालिकासँग सहकार्य गर्दै आएको मगर आदिवासी प्राज्ञिक प्रतिष्ठानको ऐक्यवद्धता र प्राविधिक सहयोगमा यो पाठ्यक्रम तयार पारिएको छ । यो पाठ्यक्रमको नेपाल सरकारले निर्दिष्ट गरेका विद्यालय शिक्षाको व्यवस्था तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रचलित सिद्धान्त, अभ्यासहरूलाई ध्यानमा राख्दै स्थानीय विषयवस्तु समेटेर विद्यार्थीको ज्ञान र मातृभाषाको विकासमा पहुँच पुऱ्याउने दृष्टिकोणबाट तयार पारिएको छ । यो पाठ्यक्रम पालिकाले वि.सं. २०८०को शैक्षिक शत्र देखि लागू गर्ने योजना बनाएको छ । पाठ्यक्रम गतिशील विषय

भएकोले पनि यसको समय सान्दर्भिक पुनरावलोकन र परिपार्जनहरू हुँदै जानेछ । समसामयिक शिक्षक अभिमुखिकरणबाट पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिनेछ ।

## १.२ मगर खाम (भाषा)को स्थानीय पाठ्यक्रमको आवश्यकता

बहुसाँस्कृतिक-बहुभाषिक नेपालमा सुनछहरी गाउँपालिकाको ऐतिहासिक कालदेखि नै प्रचलनमा रहेको मगर भाषा-संस्कृति पनि राज्य र मानव सभ्यताको सम्पदा हो । पालिकाको आफ्नै भौगोलिक र प्राकृतिक, सामाजिक-साँस्कृतिक विशेषताहरू रहेका छन् । पालिका भित्र प्राकृतिक तथा मानवीय सृजनाका विविध सम्पदाहरू, साधनस्रोतहरू रहेका छन् । पालिकाको आफ्नै गौरव गाथाहरू रहेको छ । यस्ता यथार्थहरूलाई चिनाउन र स्थानीय मगर खाम (भाषा) संरक्षण तथा विकास गरेर स्थानीय स्तरमा सम्भावनाहरूको ढोका खोल्नको लागि केन्द्रीय पाठ्यक्रमहरूबाट समेट्न सक्दैन । अर्कोतर्फ फरक मातृभाषा र संस्कृतिका कारण स्थानीय तहमा विद्यार्थीको ज्ञानमा पहुँच नपुग्ने विवशताका कारण विद्यालय छोड्ने र स्थानीय ठाउँहरूबाट पलायन हुने जनसंख्यालाई कम गर्नको लागि पनि स्थानीय स्तरको विषयवस्तु समेटेर मगर खाम (भाषा)को पाठ्यक्रमको आवश्यकता रहेको छ । पछिल्लो समयमा राष्ट्रिय ऐन, कानून तथा संविधान र अन्तर्राष्ट्रिय ऐन कानून  तथा सन्धी सम्झौताले पनि रैथाने/आदिवासी भाषा-संस्कृति, आदिवासी ज्ञानहरूको संरक्षण गर्नुपर्ने कुरामा जोड दिएको छ । आधुनिक शिक्षा र आमसञ्चार (मिडिया)को विकासबाट ओझेलमा परेको रैथाने भाषा-संस्कृतिको सुरक्षण (Safeguard) गरी आदिवासी ज्ञान र सीपको संरक्षण, संवर्द्धन गर्नका लागि पनि मातृभाषामा स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको छ । आदिवासी/रैथाने ज्ञान र सीपका अभ्यासहरू वातावरण मैत्री भएकोले पनि बदलिँदो जलवायु परिवर्तनको समस्यासँग जुध्ने एकमात्र औजारको रुपमा रहेको पनि छ ।

नेपालको सन्दर्भमा स्थानीय मार्गदर्शन “स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ( मातृभाषा सहित)”मा स्थानीय पाठ्यक्रमको आवश्यकता, महत्व र विशेषतासम्बन्धी कुराहरू निम्न बमोजिम उल्लेख गरिएको पाइन्छ ।

> “राष्ट्रिय र स्थानीय स्तरका पेसा, व्यवसाय एवम् रोजगारीका साथै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्ने राष्ट्रिय उद्देश्य पूरा गर्न केन्द्रबाट निर्देशित पाठ्यक्रम मात्र पर्याप्त भएन । निर्देशित पाठ्यक्रमले समेट्न नसकेको लुप्त (Hidden) विषयवस्तु र स्थानीय जीवन पद्धतिलाई समेत स्थानीय पाठ्यक्रमको माध्यमबाट नियमित सिकाइमा समावेश गर्न सकिन्छ । यसका लागि स्थानीय ज्ञान, सीप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न स्थानीय आवश्यकतामा आधारित विद्यालय पाठ्यक्रम स्थानीय तहमा उपलब्ध जनशक्तिबाट नै तयार गर्न सकिन्छ । यसबाट शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना  गरेको सीपयुक्त तथा दक्ष जनशक्ति तयार गर्न सहयोग पुग्दछ । देशको भौगोलिक, सांस्कृतिक, जातीय, लैङ्गिक, वर्गीय, विविधतालाई सम्बोधन गर्ने, समावेशी पाठ्यक्रममा जोड दिने तथा रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य अनुरुप नै स्थानीय स्तरको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास गरिन्छ । शैक्षिक क्षेत्रमा स्थानीय आवश्यकता सम्बोधन गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नसमेत स्थानीय पाठ्यक्रम नै एक उपयुक्त विकल्प हुन सक्छ (पृ १९) ।
>
> राष्ट्रिय पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि देशको भौगोलिक, सांस्कृतिक, जातीय, क्षेत्रीय लैङ्गिक, वर्गीय विविधतालाई सम्बोधन गर्न, समावेशी पाठ्यक्रममा जोड दिन रोजगार एवम् स्वरोजगारलााई प्रोत्साहन गर्न, स्थानीय ज्ञान, सीप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको विकास, विस्तार र कार्यान्वयन गर्न आवश्यक छ (पृ २०) ।”

यसै गरी विद्यालय शिक्षाको राष्ट्रिय प्रारुप-२०७६ को दास्रो संस्करण (वि.सं. २०७९) ले पनि मातृभाषामा स्थानीय पाठ्यक्रमको आवश्यकता, महत्व र विशेषता सम्बन्धी निम्न तथ्यहरू उल्लेख गरिएको पाइन्छः

> "प्रारम्भिक तहका कक्षाहरूमा मातृभाषिक संरचना (ध्वनि, वर्ण, शब्दभण्डार, वाक्य संरचना र बोध) का कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षणसमेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठनपाठन गर्न उपयुक्त हुने कुरा अध्ययनहरूले औँल्याएका छन्" (पृ. १३) ।

> "नेपालको विद्यमान कानुनी प्रावधानले मातृभाषाका सम्बन्धमा केही व्यवस्था गरेका छन् । सबैका लागि शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताले समेत आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने कुरालाई जोड दिएको छ । नेपालको संविधानले माध्यमिक तहसम्म मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा लिएको छ । विभिन्न आवधिक विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय योजनाहरूले मातृभाषामा शिक्षा दिने तर्फ नीतिगत व्यवस्था गरेको पाइन्छ" (पृ. १३) ।

> "स्थानीय तहको नेतृत्व र सहभागीताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय पेसा, व्यवसाय, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ । स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा भइरहेको छ" पृ. १८) ।

## १.३ वर्तमान अवस्था

नेपालमा बालबालिकाहरूले विद्यालय छाड्ने दर उच्च हुनु, विद्यालयमा बालबालिका रमाउन नसक्नुमा स्थानीय मातृभाषामा विद्यालयको शिक्षा प्रदानको अभाव रहेको, विद्यालयको वातावरण बहुभाषिक-बहुसाँस्कृतिक नरहेको तथा पाठ्यक्रममा स्थानीय विषयवस्तु नसमेटिएको तथ्यहरूहरूलाई पनि विभिन्न अध्ययनहरूले देखाएका छन् । यसैले पनि नेपालले अन्तर्राष्ट्रिय रुपमा "सबैका लागि शिक्षा (सन् २००१- २०१५)" मा प्रतिवद्धता जनाउँदा मातृभाषामा शिक्षालाई जोड दिएको पाइन्छ । नेपालले वि.सं. २०५४/५५ सालतिर नै मातृभाषाहरूको पाठ्यपुस्तक लेखन र प्रकाशनका कार्य गरेर बहुभाषिक शिक्षामा काम गर्न शुरु गरेको पाइन्छ । नेपालले बाल अधिकार सम्बन्धी महासन्धी (सन् १९८९), आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धी १६९, आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणपत्र (सन् २००७), अल्पसंख्यकहरूको अधिकार सम्बन्धी घोषणपत्र, सबैको लागि शिक्षा लगायत थुप्रै अन्तराष्ट्रिय कानूनी प्रावधानहरूमा पक्ष राष्ट्र हुनको लागि हस्ताक्षर गरेको र नेपालको सन्धी ऐन २०४७ बमोजिम अन्तर्राष्ट्रिय कानून हुबहु पालना गर्नुपर्ने व्यवस्था पनि छ ।

नेपालमा बढ्दो सामाजिक सचेतना तथा अन्तर्राष्ट्रिय प्रावधानहरूले गर्दा स्थानीय रैथाने भाषा-संस्कृति र ज्ञानको पक्षमा नेपालको सरकार (निर्वाचित जनप्रतिनिधि र कर्मचारीतन्त्र)ले बहुभाषिक-बहुसाँस्कृतिक स्थानीय पाठ्यक्रममा झिनामसिना काम गरेको पाइन्छ । वि.सं. २०६० र ७०को दशकमा दातृ निकायको सहयोगमा बहुभाषिक शिक्षा परियोजनाहरू सञ्चालन गरेको पाइन्छ । तर, प्रभावकारी कार्यान्वयन गर्नका लागि नेपाल सरकारका कार्यान्वयनकर्ताहरूको दिलचस्पी कमजोर भएको देखिन्छ । नेपालमा एकल भाषा-संस्कृतिको माइन्डसेट हावी भएकोले आज पनि मातृभाषा-संस्कृतिमा शिक्षा ग्रहण गऱ्यो भने बालबालिका पढाइमा अब्बल हुन सक्दैन भनेर भ्रमका कुरा गर्ने प्रशस्तै पाइन्छ । यद्यपी नेपालमा भएको दशवर्षे जनयुद्ध, वि.सं.२०७२/७३को जनआन्दोलन, आदिवासी आन्दोलन, मधेश आन्दोलन, थारु आन्दोलन लगायत पछाडि पारिएका समुदाय, लिङ्ग भूगोलका जनताले गरेका आन्दोलन वा

विद्रोहको कारणले गर्दा नेपाली समाज संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा पुग्यो । नेपालको संविधान-२०७२ जारी भएपछि नेपाल संघिय व्यवस्थामा प्रवेश गरी स्थानीय सरकारहरू निर्वाचित भएपछि बहुभाषिक-बहुसाँस्कृतिक शिक्षण पद्दतीमा स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गराउने प्रचलन बिस्तारै बढ्दै गइरहेको छ ।

वर्तमानको नेपालमा निम्न संविधान, ऐन, नियमावली तथा प्रकाशनहरूमा पालिका तहमा स्थानीय पाठ्यक्रम र मातृभाषा शिक्षाको आवश्यकता, महत्व, व्यवस्था तथा कार्यान्वयन सम्बन्धी उल्लेख गरिएको पाइन्छ ः

- नेपालको संविधान २०७२
- पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- शिक्षा ऐन, २०२८ (नवौं शंसोधन २०७४)
- अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६
- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९
- बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६
- प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२
- आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०७७
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७७
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६
- आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम प्रक्रिया

यहाँ उल्लेख भएका बाहेक यो मगर खाम (भाषा)को बहुभाषिक-बहुसाँस्कृतिक शैक्षिक विधि तथा सिद्धान्तहरूबाट स्थानीय पाठ्यक्रम तयार गर्दा मातृभाषामा स्थानीय पाठ्यक्रमको महत्व, आवश्यक, सिद्धान्त र विधि आदि बारे अध्ययन गरिएका ग्रन्थ तथा प्रकाशनहरू सन्दर्भ सूचीमा उल्लेख गरिएका छन् ।

## १.४ निर्देशक सिद्धान्तहरू

मगर खाममा स्थानीय पाठ्यक्रमको दस्तावेज नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित)-२०७६' र 'स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका- २०७७' मा उल्लेख गरिएका चरणहरू पार गर्दै स्थानीय र विषय विज्ञहरूसँग परामर्श लिँदै तयार पारिएको छ । यस पाठ्यक्रममा निम्न निर्देशक सिद्धान्तहरू अपनाइएका छन् ः

- बहुभाषिक-बहुसाँस्कृतिक वातावरणलाई ध्यानमा राख्दै आफ्नो मातृभाषा-संस्कृतिमा रमाउँदै सिकाइ गरेर मातृभाषा-संस्कृतिमा ज्ञान र सीप बढाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषा-संस्कृति, ज्ञानको क्षेत्रमा पहुँच बढाउन सहज हुनेगरी प्रयत्न गरिएको छ ।
- ऐतिहासिक कालदेखि उपेक्षामा परेको पालिकाको ऐतिहासिक मगर भाषा र संस्कृतिमा गौरव गर्न प्रेरित गरि अरु समुदायका भाषा-संस्कृतिमा सम्मान जनाउन सक्ने अभ्यास गराउन प्रयत्न गरिएको छ ।

- ❖ विद्यार्थीलाई मगर खाम (भाषा)मा सिकाइ प्रारम्भ गर्दै नेपाली र अँग्रेजी भाषामा तुलना गर्दै बहुभाषिक वातावरणको सिकाइ गराउने सन्दर्भलाई प्राथमिकतामा राखिएकोछ । प्रत्येक पाठमा बहुभाषिक शब्दसूचीलाई स्थान दिने प्रयत्न गरिएको छ ।
- ❖ सिकाइ र विद्यार्थीलाई केन्द्रमा तथा सुरुमा राखेर बिस्तारै त्यसको क्षेत्र फैलाउँदै अगाडि बढाउने अवधारणा लिइएको छ । सामान्यतः हरेक विषयवस्तु कक्षा १ मा आँफूबाट सुरु भई पालिका तह हुँदै कक्षा ८ मा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म फैलिन्छ ।
- ❖ पाठ्यक्रम तयार पार्दा पियाजेको बाल विकासका चरणलाई खाकाको आधार मानिएको छ यद्यपि भिगोत्स्कि र कोहलबर्गका दृष्टिकोणलाई पनि मनन गरिएको छ । यसका साथै, बान्डुराको सामाजिक-संज्ञान दृष्टिकोण, जोन डिवे को गरेर सिक्ने (Learning by doing) दृष्टिकोण र आदिवासी सिकाइ दृष्टिकोणलाई पनि मनन् गरिएको छ ।
- ❖ आफ्नो घरपरिवार, गाउँ/वस्ती तथा स्थानीय ठाउँप्रति सकारात्मक रहन र सम्भावना खोज्न प्रेरित गर्ने प्रयत्न गरिएको छ । स्थानीय ठाउँ विशेषको सुन्दरता अनुभव गर्न उत्प्रेरित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।
- ❖ सबै पाठ आदिवासीय दृष्टिकोणबाट वातावरणीय संरक्षण र प्रवर्द्धनमा अभिमुख छन् । उपभोग घटाउने, पुनः प्रयोग गर्ने र पुनर्नवीकरणीय तथा सड्न सक्ने सामग्री प्रयोग गर्ने विचार र जीवनशैली वकालत र अभ्यास गराउन प्रयत्न गरिएको छ ।
- ❖ स्थानीय ज्ञान र सीप, स्थानीय सामग्री, स्थानीय रहनसहत तथा संस्कृति, स्थानीय विशेषताहरूको प्रशंसा गरिए पनि थुप्रै 'किन', 'कसरी' भन्ने जस्ता प्रश्नहरू गरेर आलोचनात्मक चेत प्रवर्द्धन गर्न जमर्को गरिएको छ ।
- ❖ विद्यार्थीले सिक्ने प्रक्रियामा घोकेर स्मरण गर्ने भन्दा खोजबिन गर्ने, सोच विचार गर्ने र प्रयोग गर्ने, गरेर सिक्ने अभ्यासमा जोड दिइएको छ । मोटामोटी उत्तर मिलेमा उत्तर सही हुनुपर्छ भन्ने जरूरी मानिएको छैन । सिक्ने उत्सुकताको उच्च मूल्याङ्कन गरिएको छ ।
- ❖ हाम्रो शिक्षा प्रणालीमा अक्षरमा आधारित ज्ञान ग्रहणमा सीमित प्रक्रियालाई चित्र, गीत र अभिनयका अभिव्यक्तिले विविधतायुक्त र थप चाख लाग्दो बनाउन प्रयत्न गरिएको छ ।
- ❖ मगर खामको स्थानीय पाठ्यक्रमका माध्यमबाट बालबालिकामा सिक्ने उत्सुकता बढाउने महत्वकाँक्षा पनि लुकेर रहेको छ ।
- ❖ मगर खाम (भाषा)को ज्ञान र सीपलाई बढाउनका लागि व्याकरणीक शब्दावली (ग्रामेटिकल लेक्जिम)को स्वरुपबाट भाषा सिकाइलाई अगाडि बढाउन कोसिस गरिएको छ । व्याकरणीक शब्दावली (ग्रामेटिकल लेक्जिम) पनि क्रियापदलाई समग्र पाठहरूको भाषा पद्धति डोऱ्याउने शब्दको रुपमा लिइएको छ ।

## १.५ मगर खाममा स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया

पालिकामा मगर खाममा स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले प्रकाशनमा ल्याएको 'स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका- २०७७' मा उल्लेखित चरणहरूको तयारी गरी पाठ्यक्रम निर्माण गरिएको छ ।

**तयारी चरण** : पालिकाले वि.सं. २०७९ को जेष्ठ महिनामा गाउँपालिका अध्यक्षताको संयोजकत्वमा ९ सदस्य भएको एक मगर खाममा स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गऱ्यो । सो समितिले मगर खाममा स्थानीय पाठ्यक्रमको आवश्यकता, महत्व, विशेषता र विषय क्षेत्रहरूको पहिचान गरि पाठ्यक्रम र पाठ्यपुस्तकको बारेमा विज्ञ टोलीसँग सम्पर्क गरेर विज्ञ/प्राविधिक कार्यदलको जिम्मा दियो । वि.सं. २०७९ असार महिनाको १३ र १४ गते,

विद्यालयका शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, जनप्रतिनिधिहरू, अभिभावकहरू सम्मिलित गोष्ठी गाउँपालिकाको सभाहलमा गऱ्यो ।

**चरण १ – समग्र लक्ष्य र क्षेत्रहरूको पहिचान गर्ने** : गाउँपालिकामा गरिएको वि.सं. २०७९ असार १३ र १४ गतेको भेला तथा गोष्ठी र त्यसपछिका परामर्श कार्यहरूले स्थानीय पाठ्यक्रमको समग्र लक्ष्य र क्षेत्रहरूको पहिचान गऱ्यो ।

**चरण २– हासिल गर्नुपर्ने प्रमुख सक्षमताहरूको पहिचान गर्ने** : गोष्ठी र परामर्श भेलाहरू मार्फत उठेका विषयवस्तु र क्षेत्रका आधारमा कार्यदल बैठकको छलफलमा यस स्थानीय पाठ्यक्रमको माध्यमबाट विद्यार्थीले हासिल गर्ने मुख्य सक्षमता निर्धारण गरियो ।

**चरण ३– सुचक सहित प्रत्येक कक्षाका लागि विशिष्ट उपलब्धिहरूको परिभाषित गर्ने** : सिकाइका विभिन्न तहबारे सचेत हुँदै ज्ञान, सीप तथा धारणा सहितका सूचकमार्फत तहगत सक्षमताका आधारमा सम्झाइ, बुझाइ, प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जना सहितका शिक्षण सिकाइ क्रियाकलाप राख्ने निष्कर्षमा कार्यदलको सहमति भयो ।

**चरण ४ – पाठका समूहहरू** (**एकाइहरू**) **को प्रवाह चित्र बनाउने** : बाल विकासमा चरणहरू प्रतिपादन गर्न हरेक कक्षाको सिकाइ स्तर अनुसार सो उमेर समूहलाई उचित हुने सिकाइ उपलब्धि तथा सिकाइ शिक्षण क्रियाकलापमा राख्नमा जोड दिइयो ।

**चरण ५ – शिक्षकमैत्री निर्देशन र शिक्षक स्रोत सामग्री सहित प्रत्येक कक्षाको प्रत्येक पाठका लागि पाठ्ययोजनाहरू बनाउने** : प्रत्येक पाठका लागि पाठ्ययोजनाहरू बनाउँदै यस पाठ्यक्रमको आवश्यकता अनुरुप सिकाइ सहजीकरण निर्देशन बनाइएको छ ।

**चरण ६ – विद्यार्थीहरूका लागि सिकाइ सामग्री निर्माण गर्ने** : विद्यार्थीहरूका लागि सिकाइ सामग्री पाठ्यक्रम पारित भएपछि लागू गर्ने क्रममा निर्माण गरिँदै छ । ज्ञान सीमित भएको एउटा निश्चित पाठ्यपुस्तक बनाउनु भन्दा पनि विद्यार्थीले पढ्नुका साथै लेख्न कोर्न मिल्ने प्रकृतिको कार्यपुस्तक बनाउनेबारे छलफल भएको छ ।

**चरण ७ : जाँच, परीक्षा, पुनरावलोकन तथा परिमार्जन** : पाठ्यक्रमको जाँच, परीक्षा, पुनरावलोकन तथा परिमार्जनलाई निरन्तर प्रक्रियाको रुपमा लिइनेछ र शिक्षक तथा विद्यार्थीका अनुभव र सिकाइ उपलब्धिका आधारमा यसलाई परिमार्जन गर्दै लगिनेछ ।

यसरी चरणवद्ध तयारी पारिएको पाठ्यक्रमको मस्यौदा मिति २०७९ चैत २७ गतै पालिकाका सबै वडाहरूबाट प्रतिनिधित्व हुने गरी विद्यालयका शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, जनप्रतिनिधिहरू, अभिभावकहरू सम्मिलित गोष्ठीमा प्रस्तुत गरि सुझाव सहित पारित गरिएको थियो । सो गोष्ठीमा उठेका प्रश्नहरू समेटेर यो पाठ्यक्रम तयार पारिएको छ ।

**खण्ड २**

# पाठ्यक्रम

## २.१ मगर खाममा स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता/तहगत उद्देश्यहरू

सुनछहरी गाउँपालिकाको मगर खाममा स्थानीय विषय पाठ्यक्रम उल्लेखित विषय अध्ययन गरेर विद्यार्थीहरूले देहाय बमोजिमका तहगत सक्षमता हासिल गर्ने अपेक्षा यो पाठ्यक्रमले राखेको छ :

आधारभूत तह (कक्षा १-८) का लागि यो मगर खाममा स्थानीय पाठ्यक्रमको समग्र सक्षमता निम्नअनुसार रहेको छ :

- मगर खामको भाषिक क्षमता अभिवृद्धि गरी बहुभाषिक-बहुसाँस्कृतिक सीपको विकास
- स्थानीय भाषा-संस्कृति, कला साहित्य र ज्ञानप्रति गौरवबोध र यसको हस्तान्तरण तथा पुस्तान्तरणमा महत्वबोध
- स्थानीय समुदायबीच एक-आपसमा सम्मानको भावना तथा व्यवहारमा प्रदर्शन
- स्थानीय साधनस्रोत र सम्पदाहरूको महत्वबोध
- स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास
- आदिवासी/रैथाने ज्ञान, सीप र विज्ञान प्रविधिको महत्वबोध
- आदिवासी/रैथाने पेशा व्यवसाय र प्रविधि एवं श्रमप्रति सम्मानबोध
- प्रकृति, वातावरण संरक्षण र दिगो विकासमा मानवको अन्तरसम्बन्ध बोध र व्यवस्थापन सहयोग
- समग्र सिकाइप्रति सकारात्मकता र सुधार

### कक्षा १ – ३ को सक्षमता

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित मूलभूत सक्षमताहरू हासिल गर्न समर्थ हुनेछन् :

- आफ्नो भाषा-संस्कृति, साहित्य, कला र स्थानीय ज्ञानमा गौरवबोध गर्न
- मगर खामको भाषिक क्षमता अभिवृद्धि गर्दै बहुभाषिक-बहुसाँस्कृतिक व्यवहार गर्न
- आफ्नो गाउँठाउँको बनमा पाइने वनस्पति, खेतबारी/करेसाबारीमा हुने फलफूल, तरकारी, खाद्यान्नका वनस्पति पहिचान गर्न
- गाउँठाउँको घरपालुवा तथा घर वरिपरि पाइने जीवजन्तुहरूको पहिचान गर्न
- आफ्नो गाउँठाउँको भूगोल र परिवेशप्रति सम्बन्ध बनाउन
- पालिकाको महत्वपूर्ण स्थलहरूबारेमा जानकार हुन

### कक्षा ४ – ५ को सक्षमता

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित मूलभूत सक्षमताहरू हासिल गर्न समर्थ हुनेछन् :

- आफ्नो पालिकाको भौगोलिक र भाषिक-सांस्कृति विशेषताहरू पहिचान गरी बहुभाषिक-बहुसाँस्कृतिक विविधता र एक-आपसको सम्बन्ध केलाउन सक्ने
- मगर खामको भाषिक क्षमता अभिवृद्धि गर्दै नेपाली र अँग्रेजी भाषासँग तुलना गर्न
- आदिवासी/रैथाने ज्ञान, सीप र प्रविधि बुझेर अभ्यास गर्न
- प्रकृति र वातावरणको उपभोग तथा संरक्षणको आवश्यकताबोध गर्न
- स्थानीय विषयवस्तुको ज्ञानको माध्यमबाट सिकाइप्रति उत्सुकता देखाउने

### कक्षा ६ – ८ को सक्षमता

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित मूलभूत सक्षमताहरू हासिल गर्न समर्थ हुनेछन् :

- बहुभाषिक-बहुसाँस्कृतिक वातावरणको सम्मान जनाउँदै सामाजिक कुरीति, वातावरण विनाश, विपत व्यवस्थापन, आदिवासी/रैथाने ज्ञान र सीपको बारेमा सचेतना फैलाउन सक्ने
- सामाजिक-साँस्कृतिक विविधताभित्र एक-आपसमा सम्मान प्रदान गर्दै आफ्नो भाषा-संस्कृति र गाउँठाउँ बारेमा गौरव गर्न

- पालिका तथा जिल्लाका महत्वपूर्ण स्थान, ऐतिहासिक स्थल, इतिहास र तथ्याङ्क आदि विवरण बारे जानकार हुने
- पालिकाको प्रकृति र वातावरण, जीवजन्तु र चराचुरुङ्गीको उचित उपयोग र संरक्षण गर्न
- स्थानीय ज्ञान र सीप, कृषि तथा अन्य पेशा व्यवसायहरूको सम्मान गर्न
- स्थानीय विषयवस्तुको ज्ञानको माध्यमबाट सिकाइप्रति उत्सुकता देखाउने

## २.१ विषयवस्तुको क्षेत्र र क्रम

| क्र.सं. | विषयवस्तु/क्षेत्र | विषयवस्तु | क्षेत्रगत समग्र सिकाइ उपलब्धि |
|---|---|---|---|
| १ | हाम्रो मगर खाम (भाषा) | मगर खाम (भाषा) | मातृभाषा प्रतिको गौरव, भाषिक विविधताप्रति सचेतना, परस्पर सम्मान र सहिष्णुताको विकास गर्दै बहुभाषिक वातावरणको बारेमा जानकारी पाउनेछन् । |
| | | मगर खामको व्याकरणीक शब्दकुञ्जी | मगर खामको व्याकरणको बारेमा आधारभूत जानकारी पाउनेछन् । |
| | | मगर भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ | - मगर खामको गहिरो ज्ञान राख्न सुनाइ, बोलाइ, पढाइ र लेखाइमा अभ्यास गर्नेछन् ।<br>- मगर खामको शब्दहरूलाई नेपाली र अँग्रेजीमा अनुवाद गर्न सक्नेछन् ।<br>- नेपाली र अँग्रेजीका शब्दहरूलाई मगर खाममा अनुवाद गर्न सक्नेछन् । |
| २ | **सुनछहरी गाउँपालिका र हाम्रो भूगोल** | वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - विद्यार्थीले आफ्नो गाउँटोल तथा पालिकाको भौगोलिक बनावट बारे जानकारी पाउनेछन् ।<br>- विद्यार्थीले आफ्नो गाउँटोल, वडा तथा गाउँपालिकाको संक्षिप्त र औपचारिक विवरण मगर खाममा दिन सक्ने छन् ।<br>- गाउँपालिकाको सामाजिक संरचना (जनसंख्या, जात/जाति, सामाजिक वनावट)को बारेमा जानकारी लिई सामाजिक सद्भाव कायम राख्न भूमिका खेल्नेछन् ।<br>- मगर खाममा जिल्ला, प्रदेश, देश र महादेशको जानकारी दिन सक्नेछन् । |
| | | जिविकाको मुख्य आधार | आफ्नो परिवार र पालिकाका धेरैजसो घरधुरीको जीविकोपार्जन कसरी चलेको छ भन्नेबारे सामान्य ज्ञान पाउनेछन् । |
| | | इतिहास र ऐतिहासिक ठाउँहरू | विद्यार्थीले पालिका र वरपरको भूगोल, प्रसिद्ध ठाउँ तथा समुदाय र समाजको इतिहास बारेमा ज्ञान पाउनेछन् । |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | पालिकामा रहेको कीर्तिमान रेकर्ड (रेकर्डबुक) र पालिकाको समान्य ज्ञानको बारेमा जानकारी पाउनेछन । |
| ३ | हाम्रो संस्कार र संस्कृति | स्थानीय संस्कार र संस्कृति | पालिकामा बसोबास गरेका जात/जातिहरूको स्थानीय परम्परागत मौलिक संस्कार र संस्कृतिको बारेमा मगर खाममा जानकारी दिन सक्नेछन् । |
| | | नातापाता/साइनो | मगर खाममा साइनो/नातापाता र नातेदारी प्रणालीको बारेमा जानकारी पाउनेछन् र अन्य समुदायसँग तुलना गर्न सक्नेछन् । |
| | | चाडपर्व र खानापान तथा परिकार | - पालिकामा मनाइने स्थानीय परम्परागत मौलिक चाडपर्वहरूको बारेमा जानकारी |

| | | | |
|---|---|---|---|
| | | | पाउनेछन् ।<br>- पालिकाका विविध समुदायमा मनाइने चाडपर्वको बारेमा समानता र फरक छुट्याउन सक्नेछन् ।<br>-स्थानीय रुपमा पाइने मौलिक परिकारहरूको बारेमा तथा स्वस्थ्यकर खानेकुराहरूको बारेमा ज्ञान पाउनेछन् । |
| | | नाचगान, गीत, संगीत र वाद्यवादन | पालिकामा प्रचलित परम्परागत मौलिक नाचगान, गीत र वाद्यवादनको बारे जानकारी पाउनेछन् । |
| | | भेषभूषा र गरगहना | पालिकामा प्रचलित परम्परागत मौलिक पहिरनहरू तथा गरगहनाहरूको बारेमा जानकारी पाउनेछन् । |
| | | स्थानीय पूजाआजा र ठानहरू | पालिकामा प्रचलित स्थानीय ठान/ठानौं (Sacred Places)मा गरिने परम्परागत मौलिक पूजाआजाहरको बारेमा जानकारी पाउनेछन् । |
| ४ | हाम्रो सम्पदा | प्रसिद्ध भौगोलिक र प्राकृतिक सम्पदाहरू | - पालिकाका विविधतापूर्ण भूगोल, भौगोलिक र पर्यटकीय सम्पदाहरूको बारेमा ज्ञान पाउनेछन् ।<br>- पालिकाका नदीनाल, खानेपानीका स्रोतहरू र पहाडसँग सम्बन्धित सम्पदाहरूको तथ्यगत ज्ञान र खोला तथा वरपरका जीवनबारे परिचित हुने छन् । |
| | | साँस्कृतिक महत्वका भौतिक संरचना र साँस्कृतिक सम्पदाहरू | - पालिकामा रहेका ऐतिहासिक तथा साँस्कृतिक महत्व बोकेका ठान (Sacred Places), साँस्कृतिक महत्वका भौतक संरचनाहरूको बारेमा जानकारी पाउनेछन् ।<br>- स्थानीय साँस्कृतिक सम्पदाहरूका बारेमा जानकारी पाउनेछन् । |
| ५ | प्रकृति र वातावरण | पालिकामा पाइने वनस्पतिहरू, जडीबुटी तथा गैरकाठ वनपैदावार | - पालिकामा पाइने वनस्पति सम्बन्धी विविधताको ज्ञान तथा गौरव र जीविकामा त्यसको सम्बन्ध छलफल गर्नेछन् ।<br>-स्वास्थोपचारमा तथा जडीबुटी सम्बन्धी स्थानीय ज्ञान र त्यसको उपयोगमा सचेत हुने छन् । |
| | | जीवजन्तु र चराचुरूङ्गी | पालिकाका जीवजन्तु तथा चराचुरूङ्गीसँग सम्बन्धित तथ्यगत ज्ञान पाउनेछन् र यसबारे कौतूहल र उपयोगमा सचेतनाको विकास गर्ने छन् । |
| | | प्राकृतिक साधनस्रोतहरू | पालिकामा रहेका खनिज पदार्थ, बनजंगल, जलविद्युतको सम्भावना लगायतका प्राकृतिक साधन स्रोतको बारेमा छलफल गर्नेछन् । |
| | | प्रकृति र प्राकृतिक विपद | - आँफू वरपरको प्रकृति, ब्रम्हाण्ड, मौसम बारेमा मगर खाममा परिचित हुनेछन् ।<br>- बाढी पहिरो, चट्याङ, भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट बच्न र न्युनिकरणबारे परिचित हुनेछन् । |

| | | | |
|---|---|---|---|
| | | वातावरण विनाश तथा संरक्षण | बातावरणको विनासका कारणबारे सचेत भएर व्यक्तिगत तथा सार्वजनिक जीवनमा अनावश्यक उपभोग घटाउनमा सक्रिय हुनेछन् ।<br>विकास निर्माणमा गर्दा अपनाइनुपर्ने सामाजिक तथा वातावरणीय सुरक्षण (Social and Environmental Safeguards)को बारेमा परिचित हुनेछन् । |
| ६ | स्वास्थ्य र खेलकुद (शारीरिक शिक्षा) | शरीरका अङ्गहरू | मगर खाममा आफ्नो शरीरका अङ्गहरूको बारेमा जानकारी पाउनेछन् । |
| | | विरामीपन र सामान्य लक्षणहरू | मगर खाममा रोगका लक्षणहरू जान्नेछन् र त्यसलाई नेपाली र अँग्रेजीमा भन्न सक्नेछन् । |
| | | सरुवा रोग (पानीजन्य, हावाजन्य, जनावरको टोकाई, नयाँ भाइरस) र नसर्ने रोगहरू | स्थानीय रुपमा आइपर्ने सरुवा रोगबारे जानकारी पाउनेछन् र सरसफाई तथा रोकथामका लागि सचेत हुनेछन् ।<br>- स्थानीय भाषामा नसर्ने रोगहरूको बारेमा जानकारी पाउनेछन् । |
| | | विषालु जीवजन्तु र वनस्पति | स्थानीय रुपमा पाइने अरिङ्गाल, बनमौरी/भिरमौरी, सर्प, तथा विषालु वनस्पतिको वारेमा जानकारी पाउनेछन् । |
| | | उपचारक तथा स्वास्थ्य संस्था | -परम्परागत उपचारक (रम्मा, झाँक्री, जडीबुटी जान्ने मान्छे आदि)का बारेमा जान्नेछन् ।<br>- आधुनिक उपचारक (चिकित्सक, नर्स, अन्य स्वाथ्यकर्मी) र स्वास्थ्य संस्थाबारे जान्नेछन् । |
| | | खेलकुद | स्थानीय रुपमा खेलिने परम्परागत खेलकुदहरू तथा प्रचलित खेलकुदको बारेमा जानकारी र अभ्यास गर्नेछन् ।<br>- मगर खाममा आधुनिक खेलकुदको बारेमा जान्नेछन् ।<br>- खेलकुद र स्वास्थ्य सम्बन्धीको जानकारी पाउनेछन् । |
| ७ | रुची र आनीबानी (नैतिक शिक्षा) | दैनिक जीवन | आफ्नो दैनिक जीवन यापनका क्रममा गरिने क्रियाकलापहरूको बारेमा जानकारी पाउनेछन् । |
| | | रुची र आनीवानी (नैतिक शिक्षा) | आफ्नो रुची, चाहाना व्यक्त गर्न सक्नुका साथै राम्रा बानी व्योहोरा, सामाजिक मुल्य मान्यता र नैतिक शिक्षाको बारेका जानकारी पाउनेछन् । |
| ८ | प्रेरक व्यक्तित्व, प्रतिभा र जीवनी | प्रतिभा/व्यक्तित्व चिनारी | - पालिका भित्रका र समुदायका प्रेरक व्यक्तित्वहरू वा मगर खाम भाषाको साहित्य, गीतसँगीत, सामाजिक सेवा, खेलकुद, संस्कार संस्कृतिमा योगदान दिएका वा प्रशिद्धि कमाएका व्यक्तित्वहरूको परिचय र जीवनीमा ज्ञान पाउनेछन् ।<br>- मगर समुदाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रेरक व्यक्तित्व वा प्रतिभावान व्यक्तित्वहरूको बारेमा जानकारी पाउनेछन् । |
| ९ | मगर खाम साहित्य (अभिव्यक्ति र सृजना) | मगर खामको लोकसाहित्य | पालिकामा प्रचलित मगर खामको मौखिक तथा कथ्य साहित्यको बारेमा जानकारी पाउनेछन् । |

| | | | |
|---|---|---|---|
| | | मगर खामको साहित्य | मगर खाममा लेख्य साहित्यको बारेमा ज्ञान प्राप्त गर्नेछन् ।<br>विद्यार्थीले मगर खाममा अभिव्यक्ति र सृजना गर्नेछन् । |
| १० | पेशा-व्यवसाय र बजार | कृषि तथा पशुपालन | जीवनोपयोगी शिक्षाका रुपमा कृषिस तथा पशुपालन सम्बन्धी ज्ञान पाउने र सो ज्ञान कायम राख्न सक्रिय हुने छन् । |
| | | आदिवासी सीप र कला | पालिकामा रहेका परम्परागत, रैथाने/आदिवासी सीप र कला, वास्तुकलाको बारेमा जानकारी पाउनेछन् । |
| | | अन्य पेशा व्यवसाय | कृषि तथा पशुपालन बाहेकका अन्य पेशाका अवसरको बारेमा ज्ञान र आफ्नो रोजाईको पेशा बारेमा ज्ञान विकास गर्नेछन् । |
| | | बजार | स्थानीय बजार, व्यापार र बजार प्रणालीबारे जानकारी पाउनेछन् । |

## २.२ कक्षागत विषयवस्तु/क्षेत्र र क्रम

**कक्षा (१-३)**

| सि.नं. | विषयवस्तु/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | हाम्रो मगर खाम (भाषा) | - अभिवादन र परिचय,<br>- परिचयबोधक क्रियापद<br>- अस्तित्वबोधक क्रियापद<br>- विद्यालय तथा घर वरिपरिका वस्तुहरू जनाउने शब्दहरू<br>- मगर खामको स्वर वर्ण<br>- मगर खामको व्यञ्जन वर्ण<br>- अंक गणना<br>- बहुभाषिक शब्दसूची | - सर्वकालिक/प्राकृतिक सत्यबोधक क्रियापदको करण र अकरण रुपहरू<br>- परिचयबोधक क्रियापदको बचन, लिङ्ग र आदर जनाउँदाका रुपहरू,<br>- अस्तित्वबोधक क्रियापदको बचन, लिङ्ग र आदर जनाउँदाका रुपहरू,<br>-सत्यबोधक क्रियापदको बचन, लिङ्ग र आदर जनाउँदाका रुपहरू,<br>- भूतकाल र अभूतकालका क्रियापदहरू<br>- विद्यालय तथा घर वरिपरिका वस्तुहरू जनाउने शब्दहरू<br>- खस-नेपाली वर्णमालाले नसमेटेका मगर खामका वर्णहरू<br>- अंक गणना<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - परिचय र अस्तित्व बोधक क्रियापदको अज्ञात भूतकालको रुपहरू<br>- भूतकाल र अभूतकालका क्रियापदहरू<br>- आज्ञाबोधक क्रियापद<br>- अनुरोधक बोधक क्रियापद<br>- इच्छाबोधक क्रियापद<br>- सर्वनामिक क्रियापदहरू<br>- विद्यालय तथा घर वरिपरिका वस्तुहरू जनाउने शब्दहरू<br>- मगर खाम र खस नेपाली वर्णमाला समान वर्णहरू र फरक वर्णहरू<br>- अंक गणना<br>- बहुभाषिक शब्दसूची/अनुवाद | ३० |
| २ | हाम्रो वरपर (सुनछहरी गाउँपालिका र भूगोल) | ● आँफू वरपरको भौगोलिक र सामाजिक वातावरण<br>- आफ्नो गाउँटोलको नाम र ठेगाना<br>- आफ्नो गाउँटोल वरपरका गाउँको नाम<br>- गाउँटोल वरपरको बाटोघाटो नाम<br>- आफ्नो गाउँटोल र विद्यालय वरपरको भौगोलिक बनावट<br>- नजिकको खोला र वारिपारिका ठाउँको नाम<br>● नजिकमा रहेका प्रसिद्ध ठाउँहरू<br>● बहुभाषिक शब्दसूची | ●आँफू वरपरको भौगोलिक र सामाजिक वातावरण<br>- आफ्नो गाउँको चिनारी<br>- आफ्नो छिमेकीको नाम र चिनारी<br>- विद्यालय र घर वरपर रहेको खोलाको विवरण र अवलोकनमा देखिएको दृष्य<br>- गाउँटोल र घर वरपर रहेको विद्यालय, स्वास्थ्य सेवा र अन्य सेवाहरू<br>● गाउँटोल नजिकमा रहेका प्रसिद्ध ठाउँहरू<br>● बहुभाषिक शब्दसूची /अनुवाद | - गाउँपालिका र आफ्नो वडाको परिचय<br>- पालिकामा रहेका स्वास्थ्य संस्था, विद्यालय र अन्य सरकारी सेवाहरू<br>- पालिकामा रहेका डाँडाकाँडा, धुरीहरू<br>- नजिकको भौगोलिक महत्वका स्थानको वातावरण र अनुभव<br>- आफ्नो गाउँ वरपर देखेर जानिने रेकर्ड ( तुलनात्मक रेकर्ड)<br><br>- बहुभाषिक शब्दसूची/अनुवाद | १५ |
| ३ | संस्कृति र संस्कार | - परिवारका सदस्यहरूको | - मावलीपट्टी र फुपूपट्टीको सदस्यहरूको | - मगर खाममा साइनो प्रणालीको परिचय | ३० |

| सि.नं. | विषयवस्तु/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | साइनो/नातापाता<br>- परम्परागत चाडपर्वहरू<br>- परम्परागत खानाको परिकार<br>- आँफूलाई मन पर्ने पहिरन र परम्परागत पहिरन<br>- परम्परागत नाचगानहरू<br>- परम्परागत वाद्यवादनहरू<br>- परम्परागत पूजाआजाहरू<br>- बहुभाषिक शब्दसूची | साइनो<br>- परम्परागत चाडपर्वहरू<br>- घरमा खाइने फलफूल, तरकारी र जनावरबाट प्राप्त खानेकुरा<br>- परमपरागत पहिरनको परिचय<br>- परम्परागत नाचगानको परिचय<br>- स्थानीय बाजा, तिनका बजाउने तरिका र ती<br>बाजाबाट निस्कने धुन<br>- परम्परागत पूजाआजाको विशेषता<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - परम्परागत चाडपर्वको महत्व र मनाउने तरिका<br>- खाना बनाउन सहयोग र खानाको सुरक्षा<br>- परम्परागत पहिरनको विशेषता<br>- परम्परागता नाचगान गर्ने तरिका<br>- स्थानीय बाजा बजाउने तरिका र धुनको परिचय<br>- परम्परागत पूजाआजा गर्ने तरिका<br>- बहुभाषिक शब्दसूची/अनुवाद | |
| ४ | हाम्रो सम्पदा | - खानेपानीको स्रोत तथा पँधेराहरू<br>- स्थानीय परम्परागत थान र तिर्थस्थल<br>- बहुभाषिक शब्दसूची | - परम्परागत चिनोचौतारो<br>- परम्परागत ठान (ठानों)<br>- गाउँका पुराना र नयाँ संरचना<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - चिनोचौतारोको ऐतिहासिक परिचय<br>- परम्परागत ठानको ऐतिहासिक परिचय<br>- पालिकाको पर्यटकीय महत्व बोकेको सम्पदा<br>- बहुभाषिक शब्दसूची/अनुवाद | १० |
| ५ | प्रकृति र वातावरण | - स्थानीय रुपमा पाइने बोटविरुवा<br>- घरपालुवा जनावर<br>- घरपालुवा र स्थानीय रुपमा पाइने पंक्षी<br>- पानीमा बस्ने जीवजन्तु<br>- घाम, जुन, तारा, बादल र वर्षा<br>- बाढी, पहिरो, हावाहुरी र भूकम्प<br>- बहुभाषिक शब्दसूची | - खान हुने र नहुने वनस्पति<br>- गाउँघरतिर पाइने हानिकारक जनावर र पंक्षीहरू<br>(चिथार्न/कोतार्न वा टोक्न सक्ने र सुई नलगाएका कुकुर/बिरालो/चमेरो वा अन्य जनावर र पंक्षीहरू आदि)<br>- विद्यालय र घर वरपर पाइने किरा फट्याङ्ग्राहरू<br>- पानी र जमिन दुवैमा बस्ने जिवहरू<br>- बाढी र पहिरो विपत्तिबाट जोगिने उपायहरू<br>- नकुहिने वस्तुहरू (प्लाष्टिक जन्य वस्तुहरू– चाउचाउको खोल, चकलेटको खोल, विस्कुटको खोल आदि)<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - जडीबुटी (औषधीजन्य) वनस्पतिहरू<br>- स्थानीय जङ्गलमा पाइने जनावरहरू र अपनाउनुपर्ने सावधानीहरू<br>- पंक्षीको शारीरिक संरचनाको परिचय<br>- पानीमा पाइने जीवजन्तुको उपयोगीता<br>- हावाहुरी र भूकम्प जस्ता विपत्तिबाट जोगिने उपायहरू<br>-नकुहिने वस्तुले वातावरणमा पार्ने नकारात्मक असरहरू<br><br>- बहुभाषिक शब्दसूची/अनुवाद | २० |

| सि.नं. | विषयवस्तु/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ६ | स्वास्थ्य र खेलकुद (शारीरिक शिक्षा) | - शरीरका अङ्गहरूको नाम<br>- बिरामी पर्दाका सामान्य लक्षणहरू<br>- मौरी, अरिङ्गाल, बारुला र सर्प<br>- परम्परागत बाल खेलकुद<br>- बहुभाषिक शब्दसूची | - शरीरका अङ्गहरू<br>- मानिस कसरी बिरामी हुन्छ होला !<br>- बहुलाएको कुकुर र स्याल<br>- स्थानीय रुपमा पाइने विषालु वनस्पति<br>- परम्परागत बालखेलकुद<br>- बहुभाषिक शब्दसूची | - हाम्रो ज्ञानेन्द्रिय अङ्गहरूको काम<br>- सर्ने रोग र नसर्ने रोग<br>- विषालु जीवजन्तुबाट जोगिने उपाय<br>- परम्परागत खेलकुदहरूको परिचय<br>- बहुभाषिक शब्दसूची | १० |
| ७ | दैनिक जीवन र आनीबानी (नैतिक शिक्षा) | - बालबालिकाको दैनिक कार्यहरू<br>- राम्रो बानी<br>- बहुभाषिक शब्दसूची | - आफ्नो रुची र दैनिकी<br>- असल बानी व्योहोराहरू<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - आफ्नो र छरछिमेकको दैनिकी<br>- आफ्नो रुची<br>- राम्रो बानीका फाइदाहरू<br>- बहुभाषिक शब्दसूची/अनुवाद | १० |
| ८ | प्रतिभा/व्यक्तित्व चिनारी | - पालिकाको व्यक्ति परिचय (पालिकामा प्रसिद्धी कमाएका व्यक्ति, प्रतिभावना व्यक्ति मध्येबाट ३ जना)<br>- बहुभाषिक शब्दसूची | - पालिकाको व्यक्ति परिचय (मगर खाम-साहित्य, गीत संगीतमा ख्यातीप्राप्त एक व्यक्ति, समाजसेवामा प्रसिद्धी कमाएका एक व्यक्ति, खेलकुद विधाका एक व्यक्ति, विविध विधाबाट एक व्यक्ति गरी ४ जना)<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - पालिकाको व्यक्ति परिचय (मगर खाम-साहित्य, गीत संगीतमा ख्यातीप्राप्त एक व्यक्ति, समाजसेवामा प्रसिद्धी कमाएका एक व्यक्ति, खेलकुद विधाका एक व्यक्ति, विविध विधाबाट एक व्यक्ति गरी ४ जना)<br>- बहुभाषिक शब्दसूची/अनुवाद | १० |
| ९ | मगर खामको साहित्य (अभिव्यक्ति र सृजना) | - पालिका भित्र प्रचलित लोकभाका/कविता<br>- मगर खामको बालकथा<br>- बहुभाषिक शब्दसूची | - पालिका भित्र प्रचलित लोकभाका/कविता<br>- मगर खामको बालकथा<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - पालिका भित्र प्रचलित लोकभाका/कविता<br>- मगर खामका गाउँखाने कथाहरू<br>- मगर खामको बालकथा<br>- बहुभाषिक शब्दसूची/अनुवाद | १० |
| १० | कृषि, पशुपालन, अन्य पेशा-व्यवसाय र बजार | - परम्परागत पेशाहरूको नाम<br>- अन्य पेशा व्यवसायको नाम<br>- आफ्नो घर नजिकको बजार<br>- बहुभाषिक शब्दसूची | - घर पालुवा जनावर, तिनको चरित्र र काम<br>- छिमेकी र आफ्नो घरको काम<br>- आफ्नो गाउँटोल नजिकको बजार<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - बारी र फूलबारीमा हुने बिरुवाको स्याहार<br>- नजिकको बजारमा गरिने पेशा व्यवसाय<br>- बजारको किनमेल<br>- बहुभाषिक शब्दसूची/अनुवाद | १५ |
| | | | | **जम्मा** | **१६०** |

## कक्षा (४-५)

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|---|---|
| १ | हाम्रो मगर खाम (भाषा) | मगर मगर खाम (भाषा)<br>मगर खामको व्याकरणीक शब्दकुञ्जी<br>मगर भाषाको सुनाइ, बोलाइ र लेखाइ | - समय उल्लेखित भूत र समय उल्लेखित नभएको भूतकाल क्रियापदको रुपहरू<br>- सामान्य भूतकाल र अभूतकालमा क्रियापदका रुपहरू<br>- विस्मयादीबोधक<br>- निपातको प्रयोग<br>- प्रश्नवाचक वाक्यहरू<br>- प्रस्तावबोधक भाव<br>- पूर्वअनुमान र सम्भावनाबोधक भाव<br>- सर्तबोधक भाव<br>- पालिका वरपरका वस्तुहरू र त्यसको काम, महत्व र विशेषता बुझाउने शब्दहरू<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - भूतकाल र अभूतकाल, अज्ञात भूतकाल पुनरावलोकन<br>- अपूर्ण भूतकाल र अभूतकालमा क्रियापदका रुपहरू<br>- पूर्ण भूतकाल र अभूतकालमा क्रियापदका रुपहरू<br>- प्रश्नबाट अनुमती माग्ने भाव<br>- बाह्य बाध्यता र क्षमताबोधक भाव<br>- "हुनु" (to be) बुझाउने भाव<br>- संयोजक<br>- परस्थानिक शब्द<br>- कारक/विभक्ति<br>- वाक्यको संरचना र वाक्यको प्रकार<br>- पालिका वरपरका वस्तुहरू र त्यसको काम, महत्व र विशेषता बुझाउने शब्दहरू<br>- बहुभाषिक शब्दसूची/अनुवाद | २५ |
| २ | सुनछहरी गाउँपालिका र हाम्रो भूगोल (१२ घण्टा) | वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - गाउँपालिकाको संरचना, कार्यालय र शाखाहरू<br>- पालिकाको नक्सा र भौगोलिक बनोट<br>- आफ्नो वडामा बसोबास गर्ने समुदायहरू | - गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाहरू (स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, प्रशासनिक सेवा)<br>- पालिकामा रहेका सेवा प्रदायक संघसंस्थाहरू<br>- गाउँपालिकाको जनसंख्या र समुदायहरू | ५ |
| | | जिविकाको मुख्य आधार | - आँफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार | -पालिकाका मानिसहरूको जीविकाको मुख्य आधार | २ |
| | | इतिहास र ऐतिहासिक ठाउँहरू | - नजिकको ऐतिहासिक/भौगोलिक महत्वका स्थानको भू-बनोट | - हाम्रो परिवारको इतिहास र वंशवाली<br>- पालिकाको इतिहास | ३ |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | – पालिकामा कायम रहेका भौगोलिक कीर्तिमान रेकर्डहरू | - पालिकामा कीर्तिमान रेकर्ड राख्ने व्यवस्था र कीर्तिमान रेकर्डहरू | १ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| ३ | हाम्रो संस्कार र | स्थानीय संस्कार र संस्कृति | - आफ्नो समुदायमा प्रचलित संस्कार (जन्म, विवाह, | - जीवनचक्र संस्कार (जन्म, विवाह, मृत्यु)को महत्व | ५ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|---|---|
| | संस्कृति (२५ घण्टा) | | मृत्यु) परिचय | | |
| | | नातापाता | - नातेदारी प्रणालीको विशेषता र महत्व | मगर खाम वक्ता समुदायको नातेदारी र अरु समुदायको नातेदारी प्रणालीमा समानता र भिन्नता | ३ |
| | | चाडपर्व र खानापान तथा परिकार | - परम्परागत चाडपर्वहरूको सूची<br>- परम्परागत परिकारहरूको सूची<br>- स्वस्थ्यकर खानेकुरा | - मौसम र  पर्यावरण अनुसारको चाडपर्व<br>- परम्परागत खानेकुरा बनाउने विधि र प्राप्त गर्ने पोषण<br>- पत्रु खानाले स्वास्थ्यमा पार्ने असरहरू | ६ |
| | | नाचगान, गीत, संगीत र वाद्यवादन | - परम्परागत रुपमा प्रचलित एक गीतिनाटकको परिचय | लोकगीत र लोकनाचको महत्व | ५ |
| | | भेषभूषा र गरगहना | परम्परागत गरगहना र भेषभूषाको सूची | - परम्परागत गहना र पहिरनको इतिहास | २ |
| | | स्थानीय पूजाआजा र ठानहरू | आफ्नो वडामा प्रचलित परम्परागत पूजाआजा र ठानहरूको सूची | पालिकामा प्रचलित परम्परागत पूजाआजा र ठानहरूको सूची | ३ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| ४ | हाम्रो सम्पदा | प्रसिद्ध भौगोलिक सम्पदाहरू<br>खानेपानीका स्रोतहरू, नदीनाला र पहाड<br>साँस्कृतिक महत्वका भौतिक संरचना र साँस्कृतिक सम्पदाहरू | – पालिकामा रहेका जलस्रोतका सम्पदाहरू<br>– भुम्या/भुयाँर ठानहरूको संरचना र परिचय<br>- बहुभाषिक शब्दसूची /अनुवाद | – पालिकामा रहेका भौगोलिक र पर्यटकीय महत्वका सम्पदा<br>– जलजला (ग्योङ) सम्पदाको परिचय<br>– बराहाथान परिचय र ऐतिहासिकता<br>- बहुभाषिक शब्दसूची/अनुवाद | ५ |
| ५ | प्रकृति र वातावरण (१५ घण्टा) | पालिकामा पाइने वनस्पतिहरू, जडीबुटी तथा गैरकाठ वनपैदावार | - बोटविरुवाको शरीर संरचना (एनाटोमी) | स्थानीय जडीबुटीका बोटबिरुवाहरू लिन सकिने फाइदाहरू | ३ |
| | | जीवजन्तु र चराचुरूङ्गी | किराफट्याङ्ग्रको शरीर संरचना (एनाटोमी) | पालिकामा पाइने वन्यजन्तु तथा पशुपँक्षी | ३ |
| | | प्राकृतिक साधनस्रोतहरू | बनपैदावार र यसको फाइदाहरू | पालिकामा भएका खनिज पदार्थहरू | २ |
| | | प्रकृति र प्राकृतिक विपद | - हावाहुरीका सम्भावना र असरहरू | - आगलागी र डढेलोका कारण, मानिसको सम्बन्ध तथा रोकथाम | ३ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|---|---|
| | | वातावरण विनाश तथा संरक्षण | आफ्नो गाउँटोल र विद्यालयको वरिपरिको वातावरणको प्रदुषण परिचय | वातावरण प्रदुषणको प्रकारहरू (जल, जमिन, हावा, ध्वनि) | ३ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| ६ | स्वास्थ्य र खेलकुद ( शारीरिक शिक्षा) (१० घण्टा) | शरीरका अङ्गहरू | श्वासप्रसास प्रणालीको अङ्गहरू | - पाचन प्रणालीको संरचना र यसको कामहरू | २ |
| | | विरामीपन र सामान्य लक्षणहरू | – | – | |
| | | सरुवा रोग र नसर्ने रोगहरू | सर्ने र नसर्ने रोगहरूको परिचय | पानीका माध्यमबाट सर्ने रोगहरू | २ |
| | | विषालु जीवजन्तु र वनस्पति | - | - | |
| | | उपचारक तथा स्वास्थ्य संस्था | - गाउँठाउँका झाँक्रीहरू<br>- आफ्नो वडामा रहेको स्वास्थ्य संस्था | - झाँक्रीको उपचारमा सिमितता<br>- अस्पतालबाट प्राप्त हुने सेवाहरू | १ |
| | | खेलकुद | - परम्परागत खेलकुद<br>- खेलकुदले स्वास्थ्यमा हुने फाइदाहरू | घरभित्र र घरबाहिर खेलिने खेलहरू | ४ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| ७ | दैनिक जीवन र आनीबानी ( नैतिक शिक्षा) | दैनिक जीवन<br>रुची र आनीवानी (नैतिक शिक्षा) | - आनीबानी र सामाजिक मूल्य मान्यताहरू<br>- बहुभाषिक शब्दसूची/अनुवाद | - साथीभाइ र विद्यालयमा गरिने आनीबानी<br>बहुभाषिक शब्दसूची/अनुवाद | ६ |
| ८ | प्रेरक व्यक्तित्व, प्रतिभा/व्यक्तित्व चिनारी | प्रतिभा/व्यक्तित्व चिनारी<br>बहुभाषिक शब्दसूची | - पालिकामा विविध विधामा योगदान दिएका ४ जना व्यक्तिको चिनारी<br>- बहुभाषिक शब्दसूची | भाषिक समुदायका विविध विधामा योगदान दिएका ४ जना व्यक्तिहरूको चिनारी<br>- बहुभाषिक शब्दसूची | १० |
| ९ | मगर खाम साहित्य ( अभिव्यक्ति र सृजना) | मगर खामको लोकसाहित्य | मगर खाममा प्रचलित उखानटुक्काहरू | पालिकामा प्रचलित मगर खामको लोककथाहरू | ५ |
| | | मगर खामको साहित्य | मगर खामको कविता<br>मगर खामको कथा | मगर खामको कविता<br>मगर खामको निबन्ध | ४ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| १० | पेशा-व्यवसाय र बजार | कृषि तथा पशुपालन | पालिकामा गरिने ऋतु अनुसारका खेतीपातीहरू | - घरपालुवा जनावरका काम, गुण, स्वभाव, प्रयोजन<br>- जनावर तथा खेतीबीचको अन्तरसम्बन्ध | ३ |
| | | आदिवासी सीप र कला | आदिवासी ज्ञान र सीपको परिचय | पालिकामा प्रचलित आदिवासी ज्ञान र सीप | २ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|---|---|
| | (१० घण्टा) | अन्य पेशा व्यवसाय | आफ्नो वडाका मानिसहरूको कृषि बाहेकको पेशा व्यवसाय | पालिकाका मानिसहरूको कृषि बाहेकको पेशा व्यवसाय | २ |
| | | बजार | परमपरागत हाट बजार र मेलापर्वमा लाग्ने बजारमा हुने व्यापार व्यवसाय | बजारमा स्थानीय उत्पादनको व्यापार | २ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| | | | | जम्मा | १२८ |

## कक्षा (६-८)

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो मगर खाम ( भाषा) | मगर खाम (भाषा)<br>मगर खामको व्याकरणीक शब्दकुञ्जी<br>मगर भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ | - मगर खाममा चिठीपत्र लेखन<br>- काल र पक्षहरूको अभ्यास<br>- व्याकरणीक शब्दकुञ्जीको प्रयोगको पुनरावलोकन (नाम, सर्वनाम, बचन, पुरुष, लिङ्ग र आदरको आधारमा)<br>- वाक्य र वाक्य संरचना<br>- प्रत्यक्ष र अप्रत्यक्ष कथन<br>- अनुवाद अभ्यास<br>- मगर खाममा अर्थ खुल्ने आफ्नो वडाका स्थाननामहरू<br>- बहुभाषिक शब्दसूची | - मगर खाममा लिखतहरू लेखन<br>- संकथन लेखन अभ्यास<br>- काल र पक्षहरूको प्रयोगको अभ्यास<br>- वाच्य र वाच्य परिवर्तन<br>- मगर खामको खण्डेत्तर वर्णहरू<br>- मगर खाममा अक्ष (Syllable) संरचना<br>- मगर खाममा अर्थ खुल्ने पालिकाका स्थाननामहरू<br>- अनुवाद अभ्यास<br>- बहुभाषिक शब्दसूची | - मगर खाममा लिखतहरू र चिठीपत्र लेखनको अभ्यास<br>- संकथन लेखन अभ्यास<br>- मगर खामको व्याकरणको पुनरावलोकन<br>- मगर खाममा अर्थ खुल्ने जिल्लाका स्थाननामहरू<br>- अनुवाद अभ्यास<br>- बहुभाषिक शब्दसूची | २५ |
| २ | सुनछहरी गाउँपालिका र हाम्रो भूगोल (१२ घण्टा) | वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - जिल्लाको भूगोल र गाउँपालिका<br>- जिल्लामा बसोबास गर्ने जात/जातिहरू र समाजको बनौट | - आफ्नो प्रदेशको भूगोल<br>- प्रदेशमा बसोबास गर्ने जात/जातिहरू र समाजको बनौट | - विश्वमानचित्र र नेपाल र आफ्नो गाउँपालिका<br>- नेपाली समाजको संरचना र बनौट | ५ |
| | | जिविकाको मुख्य आधार | जिल्लाका मानिसहरूको जिविकाको आधारहरू | प्रदेशका मानिसहरूको जिविकाको आधारहरू | नेपालमा जिविकाको आधारहरू | २ |
| | | इतिहास र ऐतिहासिक ठाउँहरू | –जिल्लाको इतिहास<br>–जिल्लाका प्रसिद्ध भौगोलिक ठाउँहरू | – प्रदेश र प्रदेशको संस्कृतिको इतिहास<br>– प्रदेशमा रहेका प्रसिद्ध ठाउँहरू | नेपालका प्रसिद्ध ऐतिहासिक ठाउँहरू | ३ |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | जिल्लाको सामान्य ज्ञान : सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्कहरू | प्रदेशको सामान्य ज्ञान : सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्कहरू | नेपालको सामान्य ज्ञान : सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्कहरू | १ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| ३ | हाम्रो संस्कार र संस्कृति | स्थानीय संस्कार र संस्कृति | - विवाह संस्कार<br>- परम्परागत संस्थाहरू | जन्म र मृत्यु संस्कार<br>- परम्परागत संस्थाहरूको महत्व | मगर खाम (भाषा) वक्ता समुदायको संस्कारसँग अन्य जातिमा प्रचलित संस्कारको | ५ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| | (२५ घण्टा) | | | | समानता र फरक | |
| | | नातापाता | विवाहबाट जोडीने नातापाताहरू | जन्म र मृत्यु संस्कारमा नातापाताहरूको भूमिका | मगर खाम वक्ता समुदायको नातेदारी प्रथा र अन्य जातिको नातेदारी प्रणालीमा समानता र फरकहरू | ३ |
| | | चाडपर्व र खानापान तथा परिकार | माघ्या सकराती र माघ्या सकरातीको परिकार | भुम्यापर्व र यसको महत्व | मगर खाम वक्ता समुदायमा प्रचलित चाडपर्व मनाउने तौर तरिका र अन्य जातिले मनाउने चाडपर्वमा समानता र फरकपनहरू | ६ |
| | | नाचगान, गीत, संगीत र वाद्यवादन | - पालिकाका परम्परागत गतीत र लोकनाचहरू<br>- पालिकाका परम्परागत बाजागाजाहरू | - भुम्या नाचको उत्पत्ति, नाचगानको कथावस्तु<br>- भुम्या नाचगानका बाजागाजाहरू | मगर खामवक्ता समुदाय र अरु जातिका समुदायको नाचगान र वाद्यवादनका समानता र फरकपन | ५ |
| | | भेषभूषा र गरगहना | - परम्परागत पहिरन र गरगहना बनाउने स्थानीय साधन स्रोतहरू | भुम्यानाचमा प्रयोग हुने भेषभूषा र गरगहना | पालिकामा रहेका समुदायहरूका परम्परागत पहिरनहरूको तुलना | २ |
| | | स्थानीय पूजाआजाहरू | स्थानीय रुपमा पूजाआजा गरिने पितृ र प्रकृतिको स्वरुपहरू | भुम्या/भुयाँर पूजाको गर्ने विधि र ठाउँ अनुसारको समानता र फरकपन | उभौली र उधौलीमा गरिने पूजाआजाहरू | ४ |
| | | बहुभाषिक शब्दसूची | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | बहुभाषिक शब्दसूची/अनुवाद | १ |
| ४ | हाम्रो सम्पदा (५ घण्टा) | प्रसिद्ध भौगोलिक सम्पदाहरू<br>खानेपानीका स्रोतहरू, नदीनाला र पहाड<br>साँस्कृतिक महत्वका भौतिक संरचना र साँस्कृतिक सम्पदाहरू | - आदिवासी सभ्यतामा पानी सम्पदा र बारहा ठानहरू<br>- बहुभाषिक शब्दसूची/अनुवाद | पालिकाका रहेका प्राकृतिक सम्पदाहरूको भौगोलिक वातावरण, महत्व र सम्भावना<br>- बहुभाषिक शब्दसूची/अनुवाद | पालिकामा रहेका साँस्कृतिक एवं पर्यटकीय महत्वका सम्पदाहरू<br>-बहुभाषिक शब्दसूची/अनुवाद | ५ |
| ५ | प्रकृति र | पालिकामा पाइने वनस्पतिहरू, जडीबुटी | - वातावरणका लागि वनस्पति | बनजंगलको सदुपयोग र संरक्षणमा रैथाने प्रचलनहरू | - पालिकाका सामुदायिक वन व्यवस्थापनको महत्व र सामुदायिक | ३ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| | वातावरण (१५ घण्टा) | तथा गैरकाठ वनपैदावार | | | बनले रैथानै प्रचलनमा पारेको नकारात्मक असरहरू<br>- स्थानीय जडीबुटी तथा गैरकाठ वनपैदावारको प्रयोग गर्ने तरिका र संरक्षण | |
| | | जीवजन्तु र चराचुरूङ्गी | पालिकाका विशेष जीवजन्तु र चराचुरूङ्गी र तिनको हालको अवस्था | पालिकाका वन्य जीवजन्तु र चराचुरूगीसँग मानिसहरूको द्वन्द | - पालिकाका जीवजन्तुको संरक्षण तथा व्यवस्थापन | ३ |
| | | प्राकृतिक साधनस्रोतहरू | - वरपरका काठ बाहेक मानिसलाई काम लाग्ने वनपैदावारहरू (जस्तै : निगुरो, तामा, फल) र जडीबुटीहरू | पालिकामा रहेका फलाम खानी, सुन खानी, ढुङ्गा खानीहरू | पालिकामा खनिज पदार्थको उत्खनन् सम्बन्धी  सम्भावना र समुदायलाई पर्ने असर तथा फाइदाहरू | २ |
| | | प्रकृति र प्राकृतिक विपद | - चट्याङबाट सावधानी | - प्राकृतिक तथा मानवजन्य प्रकोपका असर र बचाउका उपायहरू | - प्राकृतिक प्रकोपबाट सुरक्षित रहन विद्यालय तथा पालिकामा पूर्वतयारी व्यवस्था | ३ |
| | | वातावरण विनाश तथा संरक्षण | - पालिकामा रहेको प्रदूषणका कारण र रोकथाम | - विकास निर्माण र वातावरणमा पर्ने प्रभावहरू | - विकास निर्माणमा सामाजिक तथा वातावरण सुरक्षण नीति | ३ |
| | | बहुभाषिक शब्दकोश | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | १ |
| ६ | स्वास्थ्य र खेलकुद ( शारीरिक शिक्षा) (१० घण्टा) | शरीरका अङ्गहरू | - मुत्र प्रणालीका अङ्गहरू र यसको काम | मुटु र रक्तसञ्चार प्रणाली | प्रजनन प्रणालीका अङ्गहरू | २ |
| | | सरुवा रोग र नसर्ने रोगहरू | पालिकामा बढी जसो पाइने सरुवा रोगहरू र बच्ने उपायहरू | पालिकामा बढी जसो पाइने नसर्ने रोगहरू र यसको रोकथामका उपायहरू | प्रजनन प्रणालीमा लाग्न सक्ने रोगहरू | २ |
| | | उपचारक तथा स्वास्थ्य संस्था | चिकित्सक, नर्स, ल्याब टेक्नीसियन, रेडियोग्राफर, जनस्वास्थ्यविद् | हेल्थपोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल | पालिकामा स्वास्थ्य सेवाको अवस्था | १ |
| | | खेलकुद | परम्परागत खेलकुदहरूः छेलो हान्ने, धनुषकाँड हान्ने, लट्ठी नचाउने, डडी वियो | पालिकामा आयोजना गरिने खेलकुद कार्यक्रमहरू र व्यवस्थापन | जिल्ला तहमा आयोजना गरिने खेलकुद कार्यक्रमहरू र व्यवस्थापन | ४ |
| | | बहुभाषिक शब्दकोश | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | १ |
| ७ | दैनिक जीवन र | दैनिक जीवन<br>रुची र आनीवानी ( | आफन्त/साइनो र समाजमा गरिने | दया, माया, करुणा, सहानुभूति तथा व्यक्तिगत आचरण र समाजीक | नागरिक कर्तव्य, उत्तरदायित्व र अधिकार | ५ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| | आनीबानी (नैतिक शिक्षा) | नैतिक शिक्षा) | असल आनीबानीहरू | मुल्यमान्यताहरू | | |
| | | बहुभाषिक शब्दकोश | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | १ |
| ८ | प्रेरक व्यक्तित्व/ प्रतिभा चिनारी | प्रतिभा/व्यक्तित्व चिनारी | - मगर समुदायका प्रतिभा तथा महत्वपूर्ण योगदान दिएका ४ जना व्यक्तित्वहरूको संक्षिप्त जीवनी<br>- बहुभाषिक शब्दकोश/अनुवाद | - नेपालको लागि योगदान दिएको ४ जना व्यक्तित्वहरूको संक्षिप्त जीवनी<br>- बहुभाषिक शब्दकोश/अनुवाद | - विश्वका ख्यातिप्राप्त तथा प्रेरक व्यक्तित्वहरू- ४ जनाको संक्षिप्त परिचय<br>- बहुभाषिक शब्दकोश/अनुवाद | १० |
| ९ | मगर खाम साहित्य ( अभिव्यक्ति र सृजना) | मगर खामको लोकसाहित्य | मगर खामको स्थानीय लोकभाकाहरू | मगर खामका गीतिनाटकहरू र लोकगीतहरू | लोकसाहित्य सृजनामा परम्परागत संस्थाको योगदान (ठकान्या/रोदी) | ५ |
| | | मगर खामको साहित्य | मगर खाम साहित्य लेखनको इतिहास | मगर खामको नाटक<br>मगर खामको गजल | मगर खाम साहित्यको विकासमा योगदान दिएका व्यक्तित्वहरू | ४ |
| | | बहुभाषिक शब्दकोश | - बहुभाषिक शब्दकोश/अनुवाद | - बहुभाषिक शब्दकोश/अनुवाद | - बहुभाषिक शब्दकोश/अनुवाद | १ |
| १० | पेशा-व्यवसाय र बजार (१० घण्टा) | कृषि तथा पशुपालन | - गाउँमै भएका रैथाने र बाहिरबाट ल्याइएका बाली<br>- स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष<br>- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो | - स्थानीय स्तरमा गरिने पशुपालन र यसका फाइदाहरू<br>- जैविक मलका फाइदाहरू | - जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाहरूको आधारभूत जानकारी | ३ |
| | | आदिवासी सीप र कला | - आदिवासी खाद्य प्रविधि | आदिवासी/रैथाने सीप र कलामा आधारित कपडा, पहिरन उत्पादन | घरायसी समानहरू उत्पादनका सीप र कलाहरू | २ |
| | | अन्य पेशा व्यवसाय | - आँफूलाई रुची लाग्ने कामहरू | पालिकामा विभिन्न कामहरूको अवस्था र अवसर | पालिकामा पेशागत संस्था र निकायहरू | २ |
| | | बजार | - वस्तु विनिमयको परम्परा र हालको परिवर्तन | बजार र आर्थिक गतिशीलता | बजार प्रणाली, अवसर र चुनौतीहरू | ५<br>२ |
| | | बहुभाषिक शब्दकोश | - बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | बहुभाषिक शब्दकोश/अनुवाद | १ |
| | | | | | **जम्मा** | १२८ |

## २.३ विषयवस्तुको विस्तृतीकरण

**कक्षा १**

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो मगर खाम ( भाषा) | हाम्रो मगर खाम (भाषा) | - मगर खाममा अभिवादन गर्न सक्ने<br>- मगर खाममा परिचयबोधक क्रिया "हो" र अस्तित्व बोधक क्रिया "छ" र तिनका अकरण रुपको प्रयोग गरेर सामान्य वाक्य बोल्न सक्ने<br>- मगर खामको "के" प्रश्नवाचक शब्दको प्रयोग गन सक्ने ।<br>- मगर खामको स्वर वर्णमाला पहिचान भन्न सक्ने<br>- मगर खामको व्यञ्जन वर्णमाला पहिचान गरि भन्न सक्ने<br>- - स्थानीय मगर भाषामा १ देखि १० सम्म गन्न सक्ने<br>- मगर खाममा वस्तु सम्बन्धी शब्दहरू (बढीमा २५) प्रयोग गर्ने<br>- मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | - अभिवादन र परिचय<br>- परिचयबोधक क्रियापद<br>- अस्तित्वबोधक क्रियापद<br>- मगर खामको स्वरवर्ण र व्यञ्जन वर्ण पहिचान<br>- मगर खाममा अंक गणना<br>- बहुभाषिक शब्दसूची | - शिक्षकले कक्षामा उपस्थित मगर खाम (भाषा) बोल्ने र नबोल्ने दुवै खाले विद्यार्थीहरूलाई मगर खाम, नेपाली र अँग्रेजीमा "खाना खायौ ?" वा "सबैलाई सञ्चै छ ?" जस्ता वाक्यहरू भन्ने । मगर खाम, नेपाली र अँग्रेजीमा एक-अर्कामा अभिवादन गर्न लगाउने ।<br>- विद्यार्थीलाई मगर खामा मा तिम्रो नाम के हो ? भन्ने सोधेर आफ्नो नाम भन्न लगाउने ।<br>- कक्षा भित्रका वस्तु पालैपालो देखाउँदै मगर खाममा 'यो के हो ?' भन्ने सोधेर विद्यार्थीलाई उत्तर दिने अभ्यास गराउने ।<br>- विद्यालय वरिपरि देखिने प्रकृति (घाम, पानी, जमिन वा बनजंगल), रुख बोटविरुवा, घरपालुवा पशुपँक्षी देखाई 'यो के हो ?' भनेरे सोधेर विद्यालर्थीलाई उत्तर दिन लगाउने ।<br>- ४/५ जनाको समूह बनाएर एक अर्काको झोलामा के छ ? भनेर सोध्ने खेल खेलाउने ।<br>- विद्यार्थीलाई मगर खाममा "घरमा के छ? भनेर सोध्ने र घरयासी समान, घरपालुवा पशुपँक्षीको नामहरू सम्बन्धी उत्तर दिन प्रोत्साहित गर्ने,<br>- विद्यार्थीको सङ्ख्या अनुसार कमसेकम फरक भाषाका एक जना पर्ने गरी २-३ समूह बनाइ 'हो/होइन' क्रिया लाग्ने सामान्य प्रश्न र वाक्यहरू बोल्ने र शब्दहरू याद गर्न दिने । यसै गरी कुनै अरु दिन 'छ/छैन' को पनि अभ्यास गराउने ।<br>- मगर खामको स्वरवर्णबाट शुरु हुने वस्तुभाउहरूको नामहरू भन्न लगाउने र अभ्यास | - मगर खाममा अभिवादन गर्न जानेको ।<br>- मगर खामको अभिवादनको शब्दलाई नेपाली र अँग्रेजीमा भन्न जानेको,<br>- परिचयवोधक क्रिया "हो" र अस्तित्वबोधक क्रिया "छ" प्रयोग गरेर सामान्य बोलचाल गर्न सकेको ।<br>- मगर खामाको स्वर वर्णबाट शुरु हुने शब्द भन्न सकेको,<br>- मगर खामको व्यञ्जन वर्णबाट शुरु भएको शब्द भन्न सकेको,<br>- मगर खाम १ देखि १० सम्म गन्न सकेको<br>- मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | ३० घण्टा |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | गराउने । <br>- मगर खामको व्यञ्जन वर्णबाट शुरु हुने वस्तुभाउको नामहरू भन्न लगाउने र दोहोऱ्याउने । <br>- हात वा खुट्टाका औंला गन्ने, ढुङ्गा वा अन्य शैक्षिक सामग्री मार्फत मगर खाममा गन्न सिकाउने । यसैमा "यति वटा ढुङ्गा छ कि छैन" मार्फत छ/छैनको पनि अभ्यास गराउन सकिन्छ । <br>- कक्षा १ लाई उपयुक्त हुने खालको मगर खामको गीतसँग परिचित गराउने । (मगर खाम साहित्यको विषयसँगै मिलाएर पढाउन सकिन्छ ।) | | |
| २ | सुनछहरी गाउँपालिका र हाम्रो भूगोल | आँफू वरपरको भौगोलिक र सामाजिक वातावरण | - आँफू बस्ने र विद्यालय भएको टोल/गाउँ वरपरका भौगोलिक बनौट (डाँडा, खोला, खोल्सा, भिरालो जमिन, भिर, सम्म जमिन) चिन्न सक्ने <br>- आफ्नो गाउँ/टोलको नाम भन्न सक्ने <br>- आफ्नो गाउँ वरपरका ठाउँहरूको नामहरू भन्न सक्ने <br>- आफ्नो गाउँको नजिकको खोलाको नाम भन्न सक्ने | - आफ्नो गाउँ/टोल र वरपरका गाउँको नाम <br>- आफ्नो गाउँटोल र विद्यालय वरपरको भौगोलिक वनावट <br>- नजिकको खोला र वारिपारिका ठाउँहरूको नाम | - शिक्षकले विद्यार्थीलाई मगर खाममा "तिम्रो गाउँको नाम के हो ?" भनेर सोध्ने र उत्तर दिन लगाउने, <br>- विद्यार्थीलाई आफ्नो गाउँटोल वरपरका गाउँटोलको नामहरू सोध्ने र भन्न लगाउने । <br>- वरपरका गाउँहरूको बारेमा शिक्षकले मगर खाममा गीत बनाइ कक्षाकोठामा गाउने र रमाइलो गर्ने <br>- शिक्षकले विद्यार्थीलाई विद्यालयबाट देखिने भौगोलिक बनावटहरू (भिर पहरा, सम्म परेको जमिन, डाँडा, खोला, खोल्सा) देखाउँदै मगर खाममा बताउने <br>- विद्यार्थीलाई आफ्नो गाउँटोल वरपर भौगोलिक बनावट के छ भनेर प्रश्न गर्ने र जवाफ भन्न लगाउने <br>- दुई जनाको जोडी बनाइ एकले अर्कोलाई आफ्नो गाउँटोल वरिपरि के छ भनेर सोध्ने र उत्तर दिने खेल बनाइ खेल खेलाउने, <br>- गाउँटोल र विद्यालय वरपरको खोलाको बारेमा मगर खाममा गीत बनाइ गाउन | - आफ्नो गाउँटोलको नाम भन्न सकेको <br>- आफ्नो गाउँटोल र विद्यालय वरपरका गाउँ, बाटोघाटो, प्रमुख ठाउँहरूको नाम भन्न सकेको, <br>- आफ्नो गाउँटोल र विद्यालय वरिपरि सम्म परेको जमिन, भिरालो जमिन, भिर, पहरा, डाँडा, खोल्सा, खोला चिन्न सकेको, <br>- आफ्नो गाउँटोल र विद्यालय वरिपरि भएको खोलाको नाम भन्न सकेको | ८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | लगाउने र रमाइलो गर्ने | | |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | – | – | – | – | - |
| | | इतिहास र ऐतिहासिक महत्व | आफ्नो गाउँटोल र विद्यालय वरपर रहेको प्रसिद्ध ठाउँको नाम भन्न सक्ने महत्वका स्थानहरू | नजिकमा रहेका प्रसिद्ध ठाउँहरू | - विद्यार्थीलाई आफ्नो गाउँटोल र विद्यालय नजिक धेरै मानिसहरू घुमघाम गर्न जाने ठाउँको नाम के हो भनेर सोध्ने र उत्तर भन्न लगाउने ।<br>- विद्यार्थीलाई गाउँटोल र विद्यालय नजिक रहेको प्रसिद्ध ठाउँ वा भौगोलिक महत्व बोकेको ठाउँको बारेमा परिचय दिने ।<br>- विद्यार्थीलाई गाउँटोल र विद्यालय नजिक रहेको प्रसिद्ध ठाउँ वा भौगोलिक महत्व बोकेको ठाउँको अवलोकन भ्रमण गराउने ।<br>- शिक्षकले विद्यालय रहेको ठाउँ र नजिकको प्रसिद्ध ठाउँको रेखाचित्र बनाउने र विद्यार्थीहरूलाई बाटो, विद्यालय तथा ठाउँको चिन्न लगाउने र रङ भर्न लगाउने । | आफ्नो गाउँटोल र विद्यालय नजिकको प्रसिद्ध ठाउँ पहिचान गरी गौरव गरेको | ५ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| ३ | हाम्रो संस्कार र संस्कृति | नातापाता | आफ्नो परिवारका सदस्यहरूको नातापाताको शब्दहरू भन्न सक्ने | परिवारका सदस्यहरूको साइनो/नातापाता | - विद्यार्थीलाई घरमा को-को हुनुहुन्छ भनेर प्रश्न सोधेर उत्तर भन्न लगाउने,<br>- विद्यार्थीहरूको समूह बनाइ घरको परिवारको सदस्यहरू (बुबा, आमा, बाजे, बज्यै, दाइ दिदी र भाइ बहिनी)को भूमिका दिएर खेल खेलाउने | मगर खाममा घरका परिवारको सदस्यहरूको साइनो (बुबा, आमा, बाजे बज्यै, दिदी, बहिनी, दाजु, भाइ) भन्न सक्ने र नेपाली र अँग्रेजीमा पनि बुझ्न सक्ने | ५ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | चाडपर्व र खानाको परिकार | - आफ्नो गाउँटोलमा मनाइने परम्परागत चाडपर्वको नाम भन्न सक्ने<br>- चाडपर्वसँग जोडेर स्थानीय खानाको परिकारको नाम भन्न सक्ने | - परम्परागत चाडपर्व<br>- परम्परागत खानाको परिकार | - विद्यार्थीहरूलाई परम्परागत चाडपर्वहरूको बारेमा बताउँदै चाडपर्वमा खाइने परिकारहरूको बारेमा सोधेर उत्तर भन्न लगाउने<br>- चाडपर्व र खानपानको बारेमा गीत बनाएर विद्यार्थीहरूलाई नाचगान गराउने,<br>- परम्परागत खानपानहरू विद्यार्थीहरूलाई खुवाउने र परिकारको नाम भन्न लगाउने | -परम्परागत चाडपर्वहरूको नाम भन्न सक्ने<br>- परम्परागत खानेकुराको नाम भन्न सक्ने | ७ |
| | | भेषभूषा र गरगहना | - आफुले लगाएको पहिरनको नाम भन्न सक्ने<br>- आफ्नो गाउँटोलका परम्परागत पहिरनहरूको नाम भन्न सक्ने | आँफूलाई मन पर्ने पहिरन र परम्परागत पहिरन | - विद्यार्थीले लगाएको पहिरनको नाम के हो भनेर सोध्ने र उत्तर दिन लगाउने<br>- स्थानीय परम्परागत पहिरनहरू देखाउने र त्यसको नाम भन्न लगाउने<br>- परम्परागत पहिरन लगाएर नाचगान गराउने | - आँफूले लगाएको पहिरनको नाम भन्न सकेको<br>- परम्परागत पहिरन चिन्न सकेको | ५ |
| | | नाचगान, गीत, संगीत र वाद्यवादन | - परम्परागत नाचगानहरूको नाम भन्न सक्ने<br>- परम्परागत वाद्यवादनको नामहरू भन्न सक्ने | -परम्परागत नाचगानहरू<br>-परम्परागत वाद्यवादनहरू | - विद्यार्थीहरूलाई परम्परागत नाचगानहरूको अवलोकन गराउने र नाचगान गराउने<br>- विद्यार्थीहरूलाई परमपरागत गीत गाउन लगाउने,<br>- परम्परागत बाजाहरूको अवलोकन गराउने र बजाउन लगाउने | - दुई वटा परम्परागत नाचगानको नामहरू भन्न सकेको<br>- दुई वटा परम्परागत बाजाहरूको नामहरू भन्न सकेको | ५ |
| | | स्थानीय पूजाआजा र ठानहरू | - स्थानीय पूजाआजाहरूको नाम भन्न सक्ने | परम्परागत पूजाआजाहरू | - विद्यार्थीलाई चाडपर्व, विभिन्न तिथिमितिमा गरिने पूजाआजाहरूको अवलोकन गराउने<br>- आफ्नो गाउँटोल र विद्यालय वरपरका पूजाआजा गरिने ठानहरूको बारेमा प्रश्न सोधेर उत्तर भन्न लगाउने | - दुई वटा परम्परागत रुपमा पूजाआजा गरिने पूजाआाजा/देवीदेवताको नामहरू भन्न सकेको | ५ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रकृतिको खेल बनाइ खेलाउने । | | |
| ४ | हाम्रो सम्पदा | खानेपानीका स्रोतहरू, नदीनाला र पहाड | - गाउँटोल र विद्यालय नजिक रहेको खानेपानीका स्रोतहरू चिन्न सक्ने | खानेपानीको स्रोत तथा पँधेराहरू | - शिक्षकले विद्यार्थीहरूलाई आफ्नो गाउँटोलमा भएको खानेपानीको स्रोतको बारेमा प्रश्न सोध्ने र उत्तर दिन लगाउने,<br>- विद्यालय वरपर भएका खानेपानीको स्रोतको बारेमा अवलोकन गराउने,<br>- पानीको स्रोतमा जाँदा डुबाउने पोखरी, इनार, कुवा तथा खोला, नदीमा हुने खतराबारे बताउने र सजग रहन प्रोत्साहित गर्ने, | - खानेपानीको स्रोतको बारेमा भन्न सक्ने | ५ |
| | | प्रसिद्ध भौगोलिक सम्पदाहरू | आफ्नो गाउँटोल र विद्यालय वरपरको एक पर्यटकीय ठाउँ चिन्न सक्ने | स्थानीय पर्यटकीय महत्वको ठाउँ | - शिक्षकले आफ्नो गाउँटोल नजिकमा रहेको घुमघाम गर्न जाने ठाउँको बारेमा सोधेर उत्तर भन्न लगाउने,<br>- विद्यालय नजिकमा रहेको पर्यटकीय ठाउँमाको अवलोकन भ्रमण गराउने<br>- शिक्षकले पर्यटकीय ठाउँमा पाइने पशुपँक्षी, बोटविरुवा र ठाउँको बारेमा जानकारी गराउने | - विद्याथीको गाउँटोल र विद्यालय वरपर रहेको घुमघाम गर्न जाने ठाउँको नाम भन्न सक्ने | ३ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| ५ | **प्रकृति र वातावरण** | पालिकामा पाइने वनस्पतिहरू | आफ्नो गाउँटोल र विद्यालय वरपरको बोटविरुवाहरू चिन्न सक्ने | स्थानीय रुपमा पाइने बोटविरुवा | - विद्यार्थीले जानेका बोटविरुवाको नाम सोधेर उत्तर भन्न लगाउने,<br>- विद्यार्थीलाई विद्यालय वरपर पाइने बोटविरुवाको अवलोकन गराउने<br>- बिद्यालय वरपर पाइने बोटबिरुवाहरूको चित्र कोर्न लगाउने | - आफ्नो गाउँटोल र विद्यालय वरपर पाइने ५ वटा बोटबिरुवाको नाम भन्न सक्ने | ५ |
| | | जीवजन्तु र | - घरपालुवा जनावरहरूको | घरपालुवा जनावर | - विद्यार्थीलाई मगर खाममा “तिम्रो घरमा | - पाँच वटा घरपालुवा | ७ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | चराचुरूङ्गी | नाम भन्न सक्ने,<br>- घरपालुवा पंक्षी र गाउँटोल वरपर पाइने पंक्षीको नाम भन्न सक्ने<br>- पानीमा बस्ने जीवजन्तुको नाम भन्न सक्ने | - घरपालुवा र स्थानीय रुपमा पाइने पंक्षी<br>- पानीमा बस्ने जीवजन्तु | के-के जनावर पालेका छौं ?" भनेर सोध्ने र उत्तर भन्न लगाउने<br>- घरपालुवा जनावरहरूको चित्र कोर्न लगाउने,<br>- घरपालुवा कुखुरा र गाउँटोल वरपर पाइने चराहरूको अवलोकन गराउने,<br>- घरपालुवा कुखुरा र चराको चित्र कोर्न लगाउने<br>- विद्यालय वरपरको खोल्साखोल्सीमा पाइने पानीमा बस्ने जीवजन्तुहरू अवलोकन गराउने<br>- पानीमा वस्ने जीवजन्तुहरूको चित्र कोर्न लगाउने | जनावरहरू चिन्न सक्ने,<br>-पाँचवटा चराहरू चिन्न सक्ने,<br>-पाँच वटा पानीमा बस्ने जीवजन्तु चिन्न सक्ने | |
| | | प्रकृति र प्राकृतिक विपद | - आँफू वरिपरिको प्रकृति, घाम, जुन र तारा चिन्न सक्ने<br>- बादल, वर्षा तथा मौसम बारे बभ्न सक्ने,<br>- प्राकृतिक विपत्ति (बाढी पहिरो, हावाहुरी, भूकम्प) बुझेर सजग हुन सक्ने | - घाम, जुन, तारा, बादल र वर्षा<br>- बाढी, पहिरो, हावाहुरी र भूकम्प | - विद्यार्थीलाई आँफू वरपरको प्रकृति बुझाउनको लागि घाम, जुन र ताराको बारेमा बताउने,<br>- विद्यार्थीलाई घाम, जुन र ताराको चित्र कोर्न लगाउने,<br>- पानी परेको बेलामा घर नजिकको खोलामा पानी कत्रो हुन्छ भनेर सोध्ने,<br>- बाढी, पहिरो, हावाहुरीको चित्रहरू देखाउने,<br>- भूकम्पको बारेमा डेस्क वा टेबलमा कुनै वस्तु राखेर डेस्क वा टेबलमा कम्पन गराएर टेवल माथिको वस्तु माथि पर्ने प्रभाव देखाउने र भूकम्प बारे बताउने<br>- बाढी, पहिरो, हावाहरी (आँधी) र भूकम्पबाट बच्ने उपायबारे खेल खेलाउने | - घाम, जुन र तारा चिन्न सक्ने,<br>- बाढी, पहिरो र हावाहुरी बुझ्न सकेको,<br>- भूकम्प विपत्तिबारे जान्न सकेको, | ५ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | सकेको | |
| ६ | स्वास्थ्य र खेलकुद ( शारीरिक शिक्षा) | शरीरका अङ्गहरू | शरीरका अङ्गहरूको नाम भन्न सक्ने | शरीरका अङ्गहरूको नाम | - विद्यार्थीलाई आफ्नो शरीरको अँग छुन लगाएर सो अङ्गको नाम सोधेर उत्तर दिन लगाउने,<br>- शरीरका अङ्गहरूको बारेमा मगर खाममा गीत बनाइए लय मिलाएर गाउने र नचाउने<br>- मानिसको चित्र बनाइ शरीरका अङ्गहरू चिन्न लगाउने | - शरीरको दश वटा अङ्गहरूको नाम भन्न सक्ने | २ |
| | | बिरामीपन र सामान्य लक्षण | - बिरामी हुँदा ज्वरो, दुख्ने, टाउको दुख्ने, पेट दुख्ने, पखाला लाग्ने शब्दहरू मगर खाममा भन्न सक्ने,<br>- बिरामी भएको बताउन सक्ने | - बिरामी पर्दाका सामान्य लक्षणहरू | - बिरामी हुँदा देखिने सामान्य लक्षहरू ज्वरो आउने, टाउको दुख्ने, पेट दुख्ने, पखाला लाग्ने, रगत बग्ने जस्ता लक्षणहरूको बारेमा बताउने,<br>- विद्यार्थीहरूलाई बिरामी र डाक्टरको भूमिका दिएर एकले अर्कोलाई सोध्ने र लक्षणहरूको बारेमा छलफल गराउने | - बिरामी भएको बताउन सक्ने | २ |
| | | विषालु जीवजन्तु र वनस्पति | - गाउँटोल वरीपरि पाइने मौरी, अरिङ्गाल, बारुला र सर्प चिन्ने र सजगता अपनाउने<br>- गाउँटोलमा पाइने सिस्नो चिन्ने र सजगता अपनाउने | - मौरी, अरिङ्गाल, बारुला र सर्प<br>- सिस्नो | - पुस्तकमा मौरी, अरिङ्गाल, बारुला र सर्पको चित्र देखाई चिनाउने,<br>- मौरी, अरिङ्गाल, बारुला र सर्पको चित्र बनाइ विद्यार्थीलाई रङ भर्न दिने,<br>- स्थानीय विषालु वनस्पति सिस्नो देखाएर यसको बारेमा बताउने<br>- विषालु जीवजन्तु र वनस्पतिबाट कसरी जोगिने भन्ने बारेमा शिक्षकले बताउने र यही सम्बन्धी खेल बनाइ खेल खेलाउने | -मौरी, अरिङ्गाल, बारुला र सर्प चिन्न सक्ने,<br>- स्थानीय रुपमा पाउने सिस्नो चिन्न सक्ने | २ |
| | | खेलकुद | - स्थानीय रुपम प्रचलित परम्परागत एउटा बालखेल खेल खेल्न सक्ने | - परम्परागत बालखेल | - स्थानीय रुपमा प्रचलित एउटा परम्परागत बालखेल खेलाउने र खेल दोहोऱ्याउने | - स्थानीय परम्परागत एउटा खेल जानेको | ३ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने, | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर | १ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | - विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | |
| ७ | दैनिक जीवन र आनीबानी (नैतिक शिक्षा) | दैनिक जीवन | - दैनिक गरिने नित्य कामहरू भन्न सक्ने | मेरो दैनिकी | - विद्यार्थीलाई बिहान उठेदेखि साँझसम्ममा गर्ने कामहरूको बारेमा प्रश्न सोधेर उत्तर भन्न लगाउने,<br>- दैनिक गर्ने कामहरूको सूची बनाउन लगाउने | - आफ्नो दैनिक कार्यहरू भन्न सक्ने | ४ |
| | | रुची र आनीबानी | - राम्रो आनीबानी भन्न सक्ने | राम्रो बानी | - राम्रो बानीको बारेमा गीत बनाइ गाउने र नाच्न लगाउने,<br>- कार्ड बोर्डमा राम्रो बानीहरू र नराम्रो बानी लेखेर देखाएर राम्रो बानीहरू छान्न लगाउने | - तीन वटा राम्रो बानी भन्न सकेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| ८ | प्रेरक व्यक्तित्व, प्रतिभा र जीवनी | प्रतिभा/व्यक्तित्व चिनारी | - पालिका भित्रका तीन जना सफल व्यक्तित्वहरूको नाम भन्न सक्ने | व्यक्ति चिनारी (३ जना) | - गीतसँगीतको क्षेत्रमा ख्यातीप्राप्त एक जनाको जीवनी कथा सुनाउने,<br>- खेलकुदको क्षेत्रमा ख्यातीप्राप्त एक जनाको जीवनी कथा सुनाउने,<br>- सामाजिक क्षेत्रमा ख्यातीप्रापत एक जनाको जीवनी कथा सुनाउने | पालिका भित्रका ख्यातीप्राप्त ३ जनाको नाम भन्न सक्ने | ८ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ९ | अभिव्यक्ति र सृजना ( मगर खामको साहित्य) | मगर खामको लोक साहित्य | - मगर खामको एक लोककविता/गीत गाउन सक्ने, | - पालिकामा प्रचलित लोकभाका/कविता<br>- मगर खामको बालकथा | - स्थानीय रुपमा प्रचलित एक लोक कविता वा लोकगीत संकलन गरी विद्यार्थीलाई लय मिलाएर गाउन लगाउने,<br>- विद्यार्थीलाई प्रेरणदायी एक लोक कथा वा आधुनिक बालकथा बालबालिकालाई सुनाउने | - स्थानीय रुपमा प्रचलित एक लोक कविता वा लोकगीत सुनेको<br>- मगर खामको कथाको बारेमा जानकारी भएको | ८ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| १० | पेशा-व्यवसाय र बजार | कृषि तथा पशुपालन | - कृषि र पशुपालन पेशा सम्बन्धी पाँच शब्न भन्न सक्ने | परम्परागत पेशा | - कृषि तथा पशुपालनसँग सम्बन्धित कामहरूको चित्र देखाई कामहरू चिन्न लगाउने,<br>- स्थानीय रुपमा कृषि कर्मको अवलोकन गराउने<br>- कृषि तथा पशुपालन कार्यसँग सम्बन्धित खेल बनाएर खेल खेलाउने | - कृषि र पशुपालनसँग सम्बन्धित ५ वटा शब्दहरू भन्न सकेको | ४ |
| | | आदिवासी सीप र कला | - स्थानीय रुपमा प्रचलित परम्परागत सीप र कला चिन्न सकेको | परम्परागत सीपहरू | - स्थानीय रुपमा प्रचलित काष्ठकला, गारो लगाउने कला, बाँसको कामको सीप र कलाको बारेमा अवलोकन गराउने,<br>- स्थानीय रुपमा सञ्चालन रहेका ढिकी जाँतो, घट्टहरूको बारेमा बताउने | - स्थानीय रुपमा प्रचलित ५ वटा परम्परागत सीप र कलाको नाम भन्न सकेको | ३ |
| | | अन्य पेशा व्यवसाय | - आधुनिक पेशा र व्यवसाय बारे जानकारी पाएको | अन्य पेशा र व्यवसाय | - आधुनिक पेशाहरू जस्तैः डाक्टर, शिक्षक, इन्जिनियर, व्यापारी, जागिरे बारेमा चित्र देखाएर बर्णन गर्ने,<br>- स्थानीय रुपमा उपलब्ध अन्य पेशा व्यवसाय भएका मानिसहरूलाई भेटाइदिने | - ३ वटा अन्य पेशा व्यवसायको नाम भन्न सकेको | ३ |
| | | बजार | - स्थानीय बजारको नाम भन्न सक्ने, | आफ्नो घर नजिकको बजार | - विद्यार्थीलाई “तिमीले किनमेल गर्ने कुन ठाउँ हो?” भन्ने प्रश्न गरेर उत्तर भन्न | - स्थानीय बजारको नाम भन्न सकेको | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | लगाउने,<br>- स्थानीय बजारको अवलोकन भ्रमण गराउने | | |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू (बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |

## कक्षा २

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो खाम (भाषा) | हाम्रो मगर खाम (भाषा) | - मगर खाममा परिचयबोधक क्रिया "ताई (हुन्छ)" र अस्तित्व बोधक क्रिया "माताई(हुँदैन)" र तिनका अकरण रुपको प्रयोग गरेर सामान्य वाक्य बोल्न सक्ने<br>- परिचयबोधक, अस्तित्वबोधक र सर्वकालीन सत्यबोधक क्रियापदसँग बचन, लिङ्ग र आदर जनाउँदाका रुपहरूबारे थाहा पाउनेछन् ।<br>- मगर खाममा क्रियापदको भूतकाल र अभूतकाल रुपहरू जान्नेछन् । | - सर्वकालिक/ प्राकृतिक सत्यबोधक क्रियापदको करण र अकरण रुपहरू<br>- परिचयबोधक क्रियापदको बचन, लिङ्ग र आदर जनाउँदाका रुपहरू,<br>- अस्तित्वबोधक क्रियापदको बचन, लिङ्ग र आदर जनाउँदाका | - शिक्षकले विद्यार्थीलाई कुनै पनि वस्तु (सजीव र निर्जीव) पालैपालो देखाएर के हो ? को हो ? कस्तो छ ? भन्ने प्रश्न गर्ने ।<br>- सो देखाईको वस्तु ((सजीव र निर्जीव) वस्तुको विशेषता सर्वकालिक सत्यबोधक क्रियापद "ताई (हुन्छ) र माताई (हुँदैन)" प्रयोग गरेर उदाहरण पेश गर्ने फेरि प्रश्न गरि अभ्यास गर्ने<br>- कक्षामा परिचयवोधक, अस्तित्वबोधक र सर्वकालीनबोधक क्रियापद प्रयोग भएको कुनै एक साथीभाइहरूको कथा वा घटना विद्यार्थीहरूलाई सुनाउने र सो कथामा भएको विषयवस्तुमा कति जना?, को ?, के ? प्रश्न गर्दा संख्या (बचन), लिङ्ग (महिला, पुरुष), आदर गर्नुपर्ने नातापाता/साइनो आउने गरी गर्ने र त्यसमा भएको क्रियापदको प्रयोगलाई अभ्यास गराउने<br>- सर्वकालिक सत्यबोधक क्रियापद प्रयोग गरी | - मगर खामको सर्वकालीन सत्यबोधक क्रियापद "ताई (हुन्छ), माताई" (हुँदैन) प्रयोग गर्न जानेको,<br>- परिचयबोधक, अस्तित्वबोधक र सर्वकालीन सत्यबोधक क्रियापद प्रयोग गर्दा बचन, लिङ्ग र आदरका कुराहरू छुट्याउन सकेको,<br>- परिचयबोधक, अस्तित्वबोधक र सर्वकालीन सत्यबोधक क्रियापद प्रयोग भएको पाठ पढ्न सकेको,<br>- खस नेपालीमा नभएको र | ३० घण्टा |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | - मगर खाममा को, कस्तो, थप "के" प्रश्नवाचक शब्दको प्रयोग गन सक्ने ।<br>- खस नेपाली वर्णमाला भन्दा फरक मगर खामका स्वर वर्ण र व्यञ्जन वर्णहरू चिन्ह सक्ने<br>- स्थानीय मगर भाषामा १ देखि ५० सम्म गन्न सक्ने<br>- मगर खाममा वस्तु सम्बन्धी शब्दहरू (बढीमा २५) प्रयोग गर्ने<br>- मगर खामको शब्दहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | रुपहरू,<br>-सत्यबोधक क्रियापदको बचन, लिङ्ग र आदर जनाउँदाका रुपहरू,<br>- भूतकाल र अभूतकालका क्रियापदहरू<br>- विद्यालय तथा घर वरिपरिका वस्तुहरू जनाउने शब्दहरू<br>- खस-नेपाली वर्णमालाले नसमेटेका मगर खामका वर्णहरू<br>- अंक गणना<br>- बहुभाषिक शब्दसूची/अनुवाद | कक्षा २ लाई उपयुक्त हुने गरी कुनै विषयमा गीत बनाएर नाचगान गरी रमाइलो गर्ने<br>- विद्यालय वरिपरि देखिने प्रकृति (घाम, पानी, खोलानाला, जमिन वा बनजंगल), रुख बोटविरुवा, पशुपँक्षी) आदि अवलोकन गराई 'यो के हो ?' कस्तो छ ? कस्तो हुन्छ ? कहाँ छ? आदि प्रश्नहरू सोधेर सर्वकालिक सत्यबोधक, परिचयबोधक र अस्तित्वबोधक क्रियापदहरूको प्रयोगको अभ्यास गराउने ।<br>- ४/५ जनाको समूह बनाएर एक अर्काको घरमा के छ ? भनेर सोध्ने खेल खेलाउने । सो खेलमा विद्यार्थीले बनेको वस्तु कस्तो हुन्छ? के-के छ? कहाँ छ ? आदि प्रस्नहरू गर्ने र उत्तर दिन लगाउने ।<br>- मगर खामका वर्णमाला र नेपाली वर्णमालाको तुलना गरी उदाहरण सहित देखाउने ।<br>- विद्यार्थीलाई १ देखि ५० सम्म लेख्न लगाइ मगर खाममा भन्न लगाउने<br>- यस इकाइमा प्रयोग भएका मगर शब्दहरू नेपाली र अँग्रेजी भाषामा अनुवाद गर्न लगाउने । यसरी नै अँग्रेजी र नेपालीबाट केही शब्दहरू मगर खाममा भन्न लगाउने । | मगर खाममा भएको वर्णहरू आएको शब्दहरू उच्चारण गर्न सकेको,<br>- मगर खाम १ देखि ५० सम्म गन्न सकेको<br>- मगर खामका १० वटा शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | |
| २ | सुनछहरी गाउँपालिका र हाम्रो भूगोल | आँफू वरपरको भौगोलिक र सामाजिक वातावरण | - आँफू बस्ने र विद्यालय भएको टोल/गाउँ वरपरका भौगोलिक बनौट (डाँडा, खोला, खोल्सा, भिरालो जमिन, भिर, सम्म जमिन) चिन्न सक्ने<br>- आफ्नो गाउँ/टोलको नाम भन्न सक्ने<br>- आफ्नो गाउँ वरपरका ठाउँहरूको नामहरू भन्न | - आफ्नो गाउँको चिनारी<br>- आफ्नो छिमेकीको नाम र चिनारी<br>- विद्यालय र घर वरपर रहेको खोलाको विवरण र अवलोकनमा देखिएको दृष्य | - शिक्षकले विद्यार्थीलाई मगर खाममा "तिम्रो गाउँको नाम के हो ?" कस्तो छ ?, गाउँमा छिमेकीहरू को-को छन् ?" भनेर सोधेर गाउँको बारेमा परिचय दिन लगाउने,<br>- विद्यार्थीको गाउँटोल नजिक रहेको खोलाको अवलोकन गराउने र सो अवलोकन गर्दा देखिएका कुराहरू विवरण भन्न तथा लेख्न लगाउने<br>- गाउँटोल र विद्यालय वरपरको खोलाको बारेमा मगर खाममा गीत बनाइ गाउन | - आफ्नो गाउँटोलको बारेमा विवरण दिन सकेको<br>- गाउँटोल नजिक रहेका खोलाको विवरण दिन सकेको,<br>- वडा/गाउँटोलमा भएका सेवा प्रदायक संस्थाहरूको नाम भन्न सकेको | ८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | सक्ने<br>- आफ्नो गाउँको नजिकको खोलाको नाम भन्न सक्ने | - गाउँटोल र घर वरपर रहेको विद्यालय, स्वास्थ्य सेवा र अन्य सेवाहरू | लगाउने र रमाइलो गर्ने<br>- गाउँटोल/वडामा भएको स्वास्थ्य सेवा केन्द्र, वडा कार्यालय लगायतका सरकारी सेवा प्रदान गर्ने कार्यालयहरूको अवलोकन गराउने । अवलोकन गर्दा पाइएका सरकारी कार्यालय, सामुदायिक सेवा प्रदायक संस्थाहरूको नाम र काम भन्न लगाउने ।<br>- वडा/गाउँटोलमा भएका सेवा प्रदायक संस्थाहरूले गर्ने कामकारबाही र सेवाको बारेमा खेल वा नाटक बनाइ विद्यार्थीहरूलाई अभिनय गर्न लगाउने | | |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | — | — | — | — | — |
| ३ | हाम्रो संस्कार र संस्कृति (२५ घण्टा) | स्थानीय संस्कार र संस्कृति | – आफ्नो गाउँघरमा प्रचलित विवाह संस्कार बारे भन्न सक्ने<br><br>- आफ्नो गाउँठाउँमा प्रचलित परम्परागत संस्थाहरूको नाम बताउन सक्ने | - विवाह संस्कार<br><br>-परम्परागत संस्थाहरू | – विवाह समारोहको अवलोकन गराउने र विवाह संस्कारको बारेमा लेख्न लगाउने<br>- आफ्नो समुदायमा प्रचलित विवाहरूको प्रकारहरूको बारेमा स्थानीय बुढापाकाहरूको कुरा सुनाउने<br>- विद्यार्थीलाई आफ्नो गाउँ समाज कसरी चलेको छ ? समाज चलाउन प्रणाली के छ ? भनेर प्रश्न गर्ने र सो बाट उनीहरूको परम्परागत संस्थाहरू पत्ता लगाउने । समाजमा पाइने भेजा/गुठी, तैबिल, मेमाज्जा, ठकन्या/रोदी, भैलो आदि परम्परागत संस्थाको बारेमा जनाकार दिने । | – आफ्नो गाउँघरमा प्रचलित विवाह संस्कार बारे भन्न सकेको<br><br>- आफ्नो गाउँठाउँमा प्रचलित परम्परागत संस्थाहरूको नाम भन्न सकेको | ५ |

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | नातापाता | - विवाहबाट जोडीने नातापाता/साइनो बारेमा भन्न सक्ने | विवाहबाट जोडीने नातापाताहरू | - घरपरिवारमा कसैको विवाह भएर आएमा त्यो विवाहबाट कस्तो कस्तो नातापाताहरू बन्दछन् भनेर अन्तरक्रिया गर्ने<br>- नातेदारी प्रणाली फरक हुनुमा सामाजिक कारण, बैबाहिक परम्परा आदि बारेमा पनि सहजीकरण गर्ने | - विवाहबाट जोडीने नातापाता/साइनो बारेमा भन्न सकेको | ३ |
| | | चाडपर्व र खानाको परिकार | – माघ्या सकराती र माघे सकरातीको परिकारको बारेमा भन्न सक्ने | - माघ्या सकराती र माघे सकरातीको परिकार | - विद्यार्थीलाई आफ्नो गाउँठाउँमा माघ्या/माघी चाड कसरी मनाउने गरिन्छ ? यो चाडको ऐतिहासिक महत्व के हो ? यो चाडको विज्ञान के हो जस्ता प्रश्नहरू राखेर अन्तरक्रिया कार्यक मगर्ने<br>- विद्यार्थीलाई माघ्या सकरातीमा तयार गरिने खानेकुराहरूको सूची बनाउन लगाएर छलफल गर्ने | – माघ्या सकराती र माघे सकरातीको परिकारको बारेमा भन्न सकेको | ५ |
| | | नाचगान, गीत, संगीत र वाद्यवादन | - पालिकामा प्रचलित परम्परागत गीत र लोकनाचहरूबारे बताउन सक्ने<br>- पालिकामा प्रचलित परम्परागत बाजाहरू बारेमा बताउन सक्ने | - पालिकाका परम्परागत गीत र लोकनाचहरू<br>- पालिकाका परम्परागत बाजागाजाहरू | - विद्यार्थीहरूलाई परम्परागत गीत, भाका र लोकनाचहरूको बारेमा सूची बनाउन लगाउने । ती गीत, भाका तथा लोकनाचहरू कुन कुन महिनामा नाच्ने गाउने गरिन्छ त्यसको बारेमा अन्तरक्रिया गराउने<br>- विद्यार्थीहरूलाई परम्परागत बाजाहरूको सूची बनाउन लगाएर कुन कुन नाचगानमा त्यसको प्रयोग गरिन्छ भन्ने बिषयवस्तुमा छलफल कार्यक्रम गर्ने | - पालिकामा प्रचलित परम्परागत गीत र लोकनाचहरूबारे बताउन सकेको<br>- पालिकामा प्रचलित परम्परागत बाजाहरू बारेमा बताउन सकेको | ५ |
| | | भेषभूषा र गरगहना | - स्थानीय परम्परागत पहिरन र गरगहनाहरू कसरी बन्दछन भन्ने बारेमा बताउन सक्ने | - परम्परागत पहिरन र गरगहना बनाउने स्थानीय साधन स्रोतहरू | - परम्परागत पहिरन बुन्नको लागि अल्लो, भाङो, रेशम आदिको धागो, भेंडाको उन आदिको प्रयोगको बारेमा अन्तरक्रिया गराउने<br>- स्थानीय खोला, नदीको किनारका बालुवा चालेर सुन उत्पादन गरी गरगहना बनाएका उहिलेका कथाहरू सुनाउने र छलफल | - स्थानीय परम्परागत पहिरन र गरगहनाहरू कसरी बन्दछन भन्ने बारेमा बताउन सकेको | २ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | गराउने | | |
| | | स्थानीय पूजाआजा र ठानहरू | स्थानीय रुपमा पूजाआजा गरिने पितृ र प्रकृतिको स्वरुपहरू बताउन सक्ने | स्थानीय रुपमा पूजाआजा गरिने पितृ र प्रकृतिको स्वरुपहरू | - पालिकामा पूजाआजा गरिने ठान (sacred places)को र पूजाआजाहरूको अवलोकन गर्ने । सो पूजाआजामा पूजा गरिने पितृ देवी देवताहरूको सूची बनाउने, पूजा गरिने प्रकृतिको सूची बनाएर अन्तरक्रिया गर्ने | – स्थानीय रुपमा पूजाआजा गरिने पितृ र प्रकृतिको स्वरुपहरू भन्न सकेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १० ) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ४ | हाम्रो सम्पदा | - भौगोलिक र प्राकृतिक सम्पदाहरू<br>- साँस्कृतिक महत्वका भौतिक संरचना र साँस्कृतिक सम्पदाहरू | - आदिवासी सभ्यतामा पानी सम्पदाको महत्व र पानी मूलमा बराहा ठानको स्थापनाको वैज्ञानिक पक्षहरूबारे भन्न सकेको<br>- पाठको मगर शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गर्न सक्ने | - आदिवासी सभ्यतामा पानी सम्पदा र बराहा ठानहरू<br><br>- बहुभाषिक शब्दकोश | - मानव सभ्यतामा पानीको स्रोत, पानीको मूलहरूको महत्व र सो ठाउँमा पिर्तहरूको पूजाआजाका लागि बराहा ठानहरू स्थापना गरिएको ऐतिहासिक पक्ष र तत्कालिन विज्ञानको बारेमा अन्तरक्रिया गर्ने<br>- यस इकाइका पाठहरूमा प्रयो भएका मगर खामका शब्दहरूलाई नेपाली र अँग्रेजीमा उल्था गर्न लगाउने । यसका साथै अँग्रेजी र नेपालीबाट मगर खाम बनाउने लगाउने | - आदिवासी सभ्यतामा पानी सम्पदाको महत्व र पानी मूलमा बराहा ठानको स्थापनाको वैज्ञानिक पक्षहरूबारे बुझेको<br>- पाठको मगर शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गर्न सकेको | ५ |
| ५ | **प्रकृति र वातावरण** | पालिकामा पाइने वनस्पतिहरू | - वातावरणको संरक्षणको लागि वनस्पतिको महत्व बारेमा बताउन सक्ने | - वातावरणका लागि वनस्पति | - वनस्पतिहरूले वातावरणलाई कसरी जोगाउँदछन् भन्ने प्रश्नहरू गर्ने र आउने उत्तरको सूची बनाउने । ति उत्तरहरू सहजीकरण गरेर अन्तरक्रिया गराउने | - वातावरणको संरक्षणको लागि वनस्पतिको महत्वबारे जानकारी भएको | ३ |
| | | जीवजन्तु र चराचुरूङ्गी | - पालिकाको लोपोन्मुख वन्यजन्तु र पंक्षीको बारेमा बाउन सकेको<br>- वन्यजन्तु र पंक्षीहरूको जनसंख्या घटेको वा | - पालिकाका विशेष जीवजन्तु र चराचुरूङ्गी र तिनको हालको अवस्था | - पालिकामा के-कस्ता वन्यजन्तु र चराजुरुङ्गी पाइन्छन् ? तिनिहरूको संख्या कतिहोला ? भनेर सोध्ने र आएका उत्तरहरूमा कुन-कुन लोपोन्मुख होलान् ? जिज्ञासा राखेर अन्तरक्रिया गराउने | - पालिकाको लोपोन्मुख वन्यजन्तु र पंक्षीको बारेमा बाउन सकेको<br>- वन्यजन्तु र पंक्षीहरूको जनसंख्या | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | बढेको थाहा पाएको | | - स्थानीय कृषकहरूलाई दुःख दिने बाँदर, बँदेल, दुम्सी, मृग आदिको बारेमा पनि छलफल गराउने | घटेको वा बढेको थाहा पाएको | |
| | | प्राकृतिक साधनस्रोत | - बनमा पाइने तरकारीजन्य वनस्पति, जडीबुटी, फलफूलको उपयोग गर्न र सम्भावना बताउन सक्ने | - वरपरका काठबाहेक मानिसलाई काम लाग्ने वनपैदावारहरू (जस्तै : निगुरो, तामा, फल) र जडीबुटीहरू | – पालिकामा पाइने बनपैदावारमा काठ बाहेको अन्य साधनस्रोतहरू के-के हुन सक्दछन्, त्यसबारेमा छलफल गराउने<br>- उत्तरमा आएका, तरकारीहरू- निगुरो, निगालोको टुसो, बाँसको तामा, बन तरुल, गिठा भ्याकुर, टिमुर, च्याउ, अन्य तरकारीहरू, जडीबुटीहरूको उपयोग र अर्थोपार्जनको सम्भावनाबारे अन्तरक्रिया गराउने | – बनमा पाइने तरकारीजन्य वनस्पति, जडीबुटी, फलफूलको उपयोग गर्न सकेको | २ |
| | | प्रकृति र प्राकृतिक विपद | - आगलागी र डढेलोका कारण, मानिसको सम्बन्ध तथा रोकथाम भन्न सक्ने | – चट्याङबाट सावधानी | - चट्याङ भनेको के हो ? चट्याङ पर्नुका मुख्य कारण के हो ? कुन ठाउँमा चट्याङको जोखिम हुन्छ ? भन्ने प्रश्नहरूमा अन्तरक्रिया गराउन सहजीकरण गर्ने र चट्याङबाट बच्नका लागि साबधानी अपनाउन पर्ने कराहरूबारे निबन्ध लेख्न लगाउने | – आगलागी र डढेलोका कारण, मानिसको सम्बन्ध तथा रोकथाम बारे बताउन सकेको | ३ |
| | | वातावरण विनास र संरक्षण | - पालिकामा वातावरण प्रदुषणको कारणहरू र रोकथामबारे बताउन सक्ने | - पालिकामा रहेको प्रदूषणका कारण र रोकथाम | - पालिकामा वातावरण प्रदुषण के-के ले गरेको छ ? पालिकामा वातावरण प्रदुषण बढ्नुमा के- कस्तो कारण छ ? कुन कुन कारणहरू कसरी निराकण गरेर वातावरण प्रदुषण रोक्न सकिन्छ ? जस्ता प्रश्नहरू राखेर अन्तरक्रिया गराउने,<br>- वातावरण प्रदुषण भएको ठाउँ, जथाभावी फोहोर फालिएको ठाउँहरूको अवलोकन गराउने | - पालिकामा वातावरण प्रदुषणको कारणहरू र रोकथामबारे बताउन सकेको | ३ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोर्‍याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रकृतिको खेल बनाइ खेलाउने । | | |
| ६ | स्वास्थ्य र खेलकुद (शारीरिक शिक्षा) | शरीरका अङ्गहरू | - मुत्र प्रणालीको बारेमा भन्न सक्ने<br>- मृगौला (किड्नी) स्वस्थ्य राख्ने उपायहरू अपनाउन सक्ने | - मुत्र प्रणालीका अङ्गहरू र यसको काम | - मुत्र प्रणालीको चित्र देखाएर अङ्गहरूको नाम भन्न लगाउने र सो अङ्गको कामहरू बारेमा सहजीकरण गर्ने<br>- मृगौला (किड्नी) स्वस्थ्य राख्न ध्यान दिनुपर्ने वानी व्यवहारको बारेमा अन्तरक्रिया गर्ने | - मुत्र प्रणालीको बारेमा भन्न सकेको<br>- मृगौला (किड्नी) स्वस्थ्य राख्ने उपायहरू अपनाउन सकेको | २ |
| | | बिरामीपन र सामान्य लक्षण | – | – | – | – | – |
| | | सर्ने र नसर्ने रोगहरू | - पालीकामा बढीजसो पाइने सरुवा रोगहरूको सूची बनाउन सक्ने | पालिकामा बढी पाइने सरुवा रोगहरू र बच्ने उपायहरू | - पालिकामा पाइने श्वास प्रश्वासबाट सर्ने रोगहरू, पानीजन्य पदार्थबाट सर्ने रोगहरू, छाला तथा यौन रोगहरू, रगतका माध्यमबाट सर्ने रोगहरूको सूची तयार पार्न लगाउने | - पालीकामा बढीजसो पाइने सरुवा रोगहरूको सूची बनाउन सकेको | २ |
| | | विषालु जीवजन्तु र वनस्पति | – | – | – | – | – |
| | | उपचारक तथा स्वास्थ्य संस्था | - स्वास्थ्य पेशा भित्रका विविध प्रकारका स्वास्थ्यकर्मीहरूको भूमिका बारेमा जानकारी भएको | चिकित्सक, नर्स, ल्याब टेक्नीसियन, रेडियोग्राफर, जनस्वास्थ्यविद् | – विद्यार्थीलाई चिकित्सक, नर्स, ल्याब टेक्नीसियन, रेडियोग्राफर, जनस्वास्थ्यविद आदि स्वास्थ्यकर्मीको भूमिका बारेमा नाटक बनाइ खेलाउने | - स्वास्थ्य पेशा भित्रका विविध प्रकारका स्वास्थ्यकर्मीहरूको भूमिका बारेमा जाकारी भएको | १ |
| | | खेलकुद | - परम्परागत खेलकुदहरूको परिचय दिन सक्ने | परम्परागत खेदलकुदहरू: छेलो हान्ने, धनुषकाँड हान्ने, लट्ठी नचाउने, डन्डीवियो | - पालिकामा प्रचलित परम्परागत खेलकुदहरू (जस्तैः छेलो हान्ने, धनुषकाँड हान्ने, लट्ठी नचाउने, डण्डीबियो, तरबार नाच आदि) कसरी खेलिन्छ भनेर अन्तरक्रिया गराउने र विशेष अवसरमा यस्ता खेलहरू अवलोकन गराउने | - परम्परागत खेलकुदहरूको परिचय दिन सकेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने, | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका | १ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | | - विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | |
| ७ | रुची र आनीबानी ( नैतिक शिक्षा) | दैनिक जीवन<br>रुची र आनीबानी | आफन्त/साइनो र समाजमा गरिने असल आनीबानीहरू व्यवहारमा उत्तार्न सक्ने | आफन्त/साइनो र समाजमा गरिने असल आनीबानीहरू | - विद्यार्थीहरूलाई समूहमा विभाजन गरी नातेदारी/साइनो पर्ने आफन्तहरूको भूमिका भएको नाटक बनाएर खेलाउने<br>- समाजमा गरीने असल व्यवहार, समाजमा गर्नुपर्ने आदर, दया, माया आदिको बारेमा अन्तरक्रिया गराउने । | आफन्त/साइनो र समाजमा गरिने असल आनीबानीहरू व्यवहारमा उत्तार्न सकेको | ५ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ८ | प्रतिभा/व्यक्तित्व चिनारी | प्रतिभा/व्यक्तित्व चिनारी | - समुदाय भित्रका ख्यातीप्राप्त ४ जनाको परिचय दिन सकेको | - भाषिक समुदाय र राष्ट्रकोको लागि योगदान दिएका व्यक्तित्वहरू | - समुदायको भाषा-संस्कृति, समाज र राज्य, राजनैतिक परिवर्तन, पिछडिएको समुदायको गौरव उठान गर्न विविध विधामा योगदान दिएका प्रेरक व्यक्तित्वहरू मध्येबाट ४ जनाको जीवनी सुनाउने र बालबालिकालाई उत्प्रेरणा जगाउन सक्ने विषयवस्तु, घटनाहरू टिपोट गर्न लगाउने | आफ्नो समुदायबाट ख्यातीप्राप्त ४ जनाको परिचय दिन सक्ने | ८ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| ९ | अभिव्यक्ति र सृजना (मगर खामको साहित्य) | मगर खामको लोक साहित्य | - मगर खामको बाह्रैमास गाइने लोकभाका, ऋतु वा चाड विशेष गाइने | - मगर खामको स्थानीय लोकभाकाहरू | – विद्यार्थीलाई आँफूले गाउँघरमा सुनेको लोकभाका गाउन लगाउने र विद्यार्थीहरूबाट लोकभाकाहरूको सूची बनाउने | - मगर खामको बाह्रैमास गाइने लोकभाका, ऋतु वा | ४ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | भाकाहरू बारेमा भन्न सक्ने | | – ऋतु वा मौसमी पर्यावरण/महिनना अनुसार गाइने लोकभाकाहरूको सूची बनाउने, र बाह्रैमास गाइने लोकभाका हो वा ऋतु विशेष, चाडपर्व विशेष हो त्यो छुट्याउन लगाउने | चाड विशेष गाइने भाकाहरू बारेमा भन्न सकेको | |
| | | मगर खामको साहित्य | - मगर खाम (भाषा)- साहित्यको इतिहास बारेमा बताउन सकेको | मगर खाम साहित्य लेखनको इतिहास | – मगर खाममा भाषा-साहित्य लेखन कहिलेदेखि शुरु भयो ? क-कसले के-के गरे ? लेखन कार्य कसरी अगाडी बढेको छ ? प्रश्नहरूमा अन्तरक्रिया गर्ने | - मगर खाम (भाषा)- साहित्यको इतिहास बारेमा जानेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| १० | पेशा-व्यवसाय र बजार | कृषि तथा पशुपालन | - गाउँठाउँको रैथाने बालीनाली र बाहिरबाट आयातित बालीनालीको बारेमा भन्न सकेको<br>- मुख्य बालीनाली रोप्ने/ लगाउने र थन्क्याउने ऋतु/महिना बताउन सक्ने | - गाउँमै भएका रैथाने र बाहिरबाट ल्याइएका बाली<br>- स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष<br>- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो | - आफ्नो गाउँघरका रैथानै बालीनाली तथा बिउविजनहरू के-के हुन सक्दछन् ?, बाहिरबाट ल्याइएका बालीनाली के-के होलान् ? गाउँघरको रैथाने बालीनाली र बिउविजनका फाइदाहरू के- के होलान् ? कसरी बालीनालीको उतपदकत्व बढाउन सकिन्छ ? भन्ने बारेमा अन्तरक्रिया गराउने<br>- गाउँघरमा मुख्य बालीनाली रोप्ने र थन्क्याउने महिना/ऋतुको बारेमा छलफल गराउने | - गाउँठाउँको रैथाने बालीनाली र बाहिरबाट आयातित बालीनालीको बारेमा जानकारी भएको<br>- मुख्य बालीनाली रोप्ने/ लगाउने र थन्क्याउने ऋतु/महिना थाहा पाएको | ३ |
| | | आदिवासी सीप र कला | – पालिकामा प्रचलित आदिवासी ज्ञान र सीपहरूको बारेमा बताउन सकेको | पालिकामा प्रचलित आदिवासी ज्ञान र सीप | - विद्यार्थीलाई पालिकाको आदिवासी/रैथाने ज्ञान र सीप (जस्तैः अल्लाको कपडा, उनबाट बनाइने लत्ताकपडा, बाँसका कामहरू, काठका कामहरू, माछा मार्ने र सिकार गर्ने सीपहरू, कला कोशलहरू आदि)को सूची बनाएर अन्तरक्रिया गराउने | – पालिकामा प्रचलित आदिवासी ज्ञान र सीपहरूको बारेमा बताउन सकेको | २ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | अन्य पेशा व्यवसाय | - आफ्नो रुचीको काम वा पेशा भन्न सक्ने<br>- कुनै पनि काम ठूलो सानो हुँदैन भन्ने कुरा बुभ्न सक्ने | आँफूलाई रुची लाग्ने कामहरू | - विद्यार्थीहरूलाई आँफूलाई रुची लाग्ने काम वा पेशा के हो? सो पेशामा किन रुची लागेको भनेर प्रश्न गर्ने र छलफल गराउने<br>- विद्यार्थीलाई फरक-फरक व्यक्तिहरूमा फरक पेशा-व्यवसायमा रुची हुन्छ र कुनै पनि काम ठूलो सानो हुँदैन भन्ने कुरामा सहजीकरण गर्ने | - आफ्नो रुचीको काम वा पेशा भन्न सकेको<br>- कुनै पनि काम ठूलो सानो हुँदैन भन्ने बुझेको | २ |
| | | बजार | - वस्तु विनिमय परम्पराको इतिहास बारे भन्न सक्ने<br>- आधुनिक विनिमयका साधनहरू बारेमा भन्न सक्ने | - वस्तु विनिमयको परम्परा र हालको परिवर्तन | - विद्यार्थीलाई मुद्रा/पैसाको विकास नहुँदै मानिसहरूले कसरी किनमेल गर्थे होलान् ? भनेर सोंच्न लगाउने र उत्तर भन्न लगाएर उत्तरको आधारमा सहजीकरण गर्ने<br>- मुद्राको प्रचलन, बैकिङ प्रणाली, ई-भुक्तानीको बारेमा छलफल गराउने | - वस्तु विनिमय परम्पराको इतिहास बारे भन्न सकेको<br>- आधुनिक विनिमयका साधनहरू बारेमा भन्न सकेको | २ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |

**कक्षा ७**

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो खाम (भाषा) | हाम्रो मगर खाम (भाषा) | – मगर खाममा लिखत लेख्न सक्ने,<br><br>– मगर खाममा संकथन पढ्न र लेख्न सक्ने<br><br>– मगर खाममा काल र पक्षहरूको प्रयोग गर्न सक्ने<br><br>- मगर खाममा वाच्य र वाच्य परिवर्तन भएको वा नभएको पत्ता लगाउन सक्ने<br><br>- मगर खाममा खण्डेत्तर वर्णहरू (Supra-segental Alphabets) जान्न सकेको<br>- मगर खाममा अक्ष (Syllable) संरचना जान्न सकेको<br>- मगर खामबाट नेपाली र अँग्रेजीमा तथा नेपाली, अँग्रेजीबाट मगर खाममा अनुवाद गर्न सक्ने<br><br>- आफ्नो पालिकामा रहेको स्थाननामहरू मगर खाममा अर्थ खुल्ने वा नखुल्ने बताउन सक्ने | - मगर खाममा लिखतहरू लेखन<br>- संकथन लेखन अभ्यास<br>- काल र पक्षहरूको प्रयोगको अभ्यास<br>- वाच्य र वाच्य परिवर्तन<br>- मगर खामको खण्डेत्तर वर्णहरू<br>- मगर खाममा अक्ष (Syllable) संरचना<br><br>- अनुवाद अभ्यास<br><br>- मगर खाममा अर्थ खुल्ने आफ्नो पालिकाका स्थाननामहरू<br><br>- बहुभाषिक शब्दसूची | - शिक्षकले तमसुक, करार, भरपाई, सरकारी कार्यालयमा लेखिने निवेदनको फर्म्याटहरू प्रदर्शन गर्ने। यसको उपयोगीताका बारेमा छलफल गराउने र अभ्यास गराउने।<br>- विद्यार्थीलाई मगर खाममा लेखिएको कथा, निबन्ध, कविता, नाटक, समाचार, आख्यान आदिबाट केही पाठहरू पढ्न लगाउने। उनीहरूलाई निबन्ध वा घटनाको बर्णन लेख्न लगाउने र संकथन पठन र लेखनको अभ्यास गराउने।<br>- माथिको संकथन/आलेखमा प्रयोग भएको वाक्यहरू कुन काल र पक्षहरू (Tense and Aspects) छन् ? सो छुट्टयाउन लगाउने। मगर खामको काल (भूत र अभूतकाल), पक्षहरू (सामान्य, पूर्ण र अपूर्ण पक्ष)को बारेमा अतक्रिया गराउने।<br>- माथिको संकथन/आलेखमा प्रयोग भएको वाक्यमा अँग्रेजी र नेपाली भाषामा जस्तो मगर खाममा वाच्य परिवर्तन हुन्छ कि हुँदैन ? त्यसको अवलोकन गरेर मगर खाममा वाच्यको अवस्था पत्ता लगाउने।<br>- मगर खामको विभिन्न शब्दहरू खोजेर वा कुनै पाठ पढ्न लगाएर सो शब्द वा पाठमा प्रयोग भएको पाठहरू प्रयोग भएको प्रयोग भएका खण्डेत्तर वर्णहरू (Supra-segental Alphabets) पत्ता लगाउने र अभ्यास गराउने<br>- मगर खामको केही शब्दहरू संकलन गरी विद्यार्थीलाई उच्चारण गर्न लगाउने र विद्यार्थीलाई सो शब्दमा एकै झोक्कामा | – मगर खाममा लिखत लेख्न जानेको,<br><br>– मगर खाममा संकथन पढ्न र लेख्न सकेको<br><br>– मगर खाममा काल र पक्षहरूको प्रयोग गर्न सकेको<br><br>- मगर खाममा वाच्य र वाच्य परिवर्तन भएको वा नभएको पत्ता लगाउन सकेको<br><br>- मगर खाममा खण्डेत्तर वर्णहरू (Supra-segental Alphabets) पत्ता लगाउन सकेको<br><br>- मगर खाममा अक्ष (Syllable) संरचना बुझेको<br><br>- मगर खामबाट नेपाली र अँग्रेजीमा तथा नेपाली, अँग्रेजीबाट मगर खाममा अनुवाद गर्न सकेको<br><br>- आफ्नो पालिकामा रहेको | २५ घण्टा |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | - मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | | उच्चारण हुने अक्षर (Syllable)को संख्या कति छ ? भनेर सोध्ने र अन्तरक्रिया गराउने बनाउने लगाउने<br>– विद्यार्थीलाई आफ्नो पालिकामा रहेका गाउँ, ठाउँ, खोला, पहाड, जंगल, खानी आदि स्थाननामको सूची बनाउने र सो ठाउँको नामहरूमा मगर खाममा अर्थ लाग्ने ठाउँहरूको सूची बनाइ मगर खाममा अर्थ लगाने र अन्तरक्रिया गराउने<br>- विद्यार्थीलाई मगर खामका वाक्यहरू अँग्रेजी र नेपालीमा उल्था गर्न लगाउने तथा अँग्रेजी र नेपालीका वाक्यहरूलाई मगर खाममा भन्न लगाउने | स्थाननामहरू मगर खाममा अर्थ खुल्ने वा नखुल्ने पत्ता लगाउन सकेको<br><br>- मगर खामको १० वटा वाक्यहरू अँग्रेजी र नेपालीमा उल्था गर्नसकेको | |
| २ | सुनछहरी गाउँपालिका र हाम्रो भूगोल | आँफू वरपरको भौगोलिक र सामाजिक वातावरण | – मगर खाममा गाउँपालिका रहेको प्रदेशको भूगोल बारेमा बताउन सक्ने<br><br>– मगर खाममा प्रदेशको जनसंख्या, जातजाति वा समुदायको जनसंख्या, जिल्लामा बोलिने भाषाका बारेमा बताउन सक्ने | - आफ्नो प्रदेशको भूगोल<br>- प्रदेशमा बसोबास गर्ने जात/जातिहरू र समाजको बनौट | - गाउँपालिका रहेको प्रदेशको नक्सा देखाएर आफ्नो गाउँपालिका र जिल्ला कहाँ पर्दछ देखाउन लगाउने । प्रदेशमा अरु कतिवटा जिल्लाहरू रहेछन् त्यसको टिपोट गर्न लगाउने । प्रदेशको राजधानी/सदरमुकाम कहाँ रहेको छ पत्ता लगाउन लगाउने । प्रदेशको भु-बनौटको बारेमा सोधखोज गर्न लगाउने । प्रदेशको महत्वपूर्ण खोला र नदी, पहाड, फाँटहरू खोज्न लगाउने । विद्यार्थीबाट प्राप्त सूचनालाई सहजीकरण गरेर तथा थप सुचना दिएर लेख लेख्न लगाउने<br>– केन्द्रीय तथ्याङ्क विभागको प्रकाशन, प्रदेश पार्श्वचित्रहरूमा प्रदेशको जनसंख्या, बसोबास गर्ने जात/जाति वा समुदाय, जिल्लामा बोलिने भाषाहरूको विवरण तयार गर्न लगाउने | – मगर खाममा गाउँपालिका रहेको प्रदेशको भूगोल थाहा पाएको<br><br>– मगर खाममा प्रदेशको जनसंख्या, जातजाति वा समुदायको जनसंख्या, जिल्लामा बोलिने भाषाका बारेमा बताउन सकेको | ५ |
| | | जिविकाको मुख्य आधार | मगर खाममा प्रदेशमा बसोबास गर्ने मानिसहरूको | – प्रदेशका मानिसहरूको | – प्रदेशमा बसोबास गर्ने मानिसहरूको आर्थिक उपार्जन, खाद्यन्न तथा लत्ता | मगर खाममा प्रदेशमा बसोबास गर्ने | २ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | जीविकोपार्जनको आधार भन्न सक्ने | जिविकाको आधारहरू | कपडाको जोहो के-कस्तो काम, पेशा व्यवसायबाट गरेका छन् ?, जिल्लामा खाद्यन्न, उपभोगका वस्तु कहाँबाट आपूर्ती हुन्छ ? भन्ने बारेमा विद्यार्थीहरूलाई भन्न लगाई सहजीकरण गर्ने | मानिसहरूको जीविकोपार्जनको आधार भन्न सकेको सकेको | |
| | | इतिहास र ऐतिहासिक ठाउँहरू | - प्रदेशको इतिहासका बारेमा भन्न सक्ने<br>– जिल्लामा रहेको प्रसिद्ध भौगोलिक स्थानहरूमा जानकार भएको | – प्रदेश र प्रदेशको संस्कृतिको इतिहास<br>– प्रदेशमा रहेका प्रसिद्ध ठाउँहरू | - विद्यार्थीलाई आफ्नो पालिका रहेको प्रदेशको बारेमा लेखिएको पुस्तकहरू जम्मा गरेर शिक्षके उपलब्ध गराउने र प्रदेशको इतिहासको बारेमा खोज्न लगाउने<br>- प्रदेशको नक्सा, प्रकाशित पुस्तकहरू हेरेर तथा भ्रमण गरेर प्रसिद्ध भौगोलिक ठाउँहरूको सूची बनाउन लगाउने<br>- वि.सं. १९१० को मुलुकी ऐनमा भएको व्यवस्थाले कस्तो संस्कृति निर्माण गऱ्यो भन्ने बारेमा छलफल गर्न लगाउने | - प्रदेशको इतिहासमा परिचित भएको<br>– प्रदेशामा रहेको प्रसिद्ध भौगोलिक स्थानहरूमा जानकार भएको | ३ |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | – प्रदेशको कीर्तिमान रेकर्ड तथा सामान्य ज्ञानहरू जान्न सकेको | प्रदेशको सामान्य ज्ञान : सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्कहरू | – विद्यार्थीलाई प्रकाशित पुस्तक तथा प्रदेशको रेकर्डहरूबाट प्रदेशको सामाजिक तथा भौगोलिक अवस्थितिहरूको बोमा समान्य ज्ञान/तथ्याङ्कको रेकर्डहरूको सूची बनाउन लगाउने | – प्रदेशको कीर्तिमान रेकर्ड तथा सामान्य ज्ञानको जानकारी भएको | १ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ३ | हाम्रो संस्कार र संस्कृति (२५ घण्टा) | स्थानीय संस्कार र संस्कृति | – आफ्नो गाउँघरमा प्रचलित जन्म र मृत्यु संस्कार बारे भन्न सक्ने | - जन्म र मृत्यु संस्कार<br>- परम्परागत | – समाजमा जन्म संस्कार, मृत्यु संस्कारको प्रचलन किल चल्यो होला? भनेर प्रश्न गर्ने र सामाजिक कारणहरू खोज्न प्रोत्साहित गर्ने | – आफ्नो गाउँघरमा प्रचलित जन्म र मृत्यु संस्कार बारे भन्न | ५ |

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | - आफ्नो गाउँठाउँमा प्रचलित परम्परागत संस्थाहरूको महत्व बताउन सक्ने | संस्थाहरूको महत्व | ।<br>– आफ्नो समुदायमा जन्म र मृत्य संस्कार कसरी सम्पनन गर्दछन् ? भन्ने प्रश्नको उत्तर विद्यार्थीहरूलाई भन्न लगाउने र सहजीकरण गरी अन्तरक्रिया गराउने<br>- विद्यार्थीलाई आफ्नो गाउँ समाज कसरी चलेको छ ? समाज चलाउन प्रणाली के छ ? भनेर प्रश्न गर्ने र सो बाट उनीहरूको परम्परागत संस्थाहरू पत्ता लगाउने । समाजमा पाइने भेजा/गुठी, तैबिल, मेमाज्जा, ठकन्या/रोदी, भैलो आदि परम्परागत संस्थाको सामाजिक महत्व बारेमा अन्तरक्रिया गराउने । | सकेको<br>- आफ्नो गाउँठाउँमा प्रचलित परम्परागत संस्थाहरूको महत्व भन्न सकेको | |
| | | नातापाता | - जीवनचक्र संस्कारमा नातापाताको भूमिका भन्न सकेको | जन्म र मृत्यु संस्कारमा नातापाताहरूको भूमिका | - आफ्नो समुदायमामा जन्म संस्कार र मृत्यु संस्कारमा आफन्त वा नातापाताहरूको भूमिका (Role) के-कस्तो हुन्छ ? सो बारेमा अन्तरक्रिया गराउने,<br>- संस्कारमा भाइखलक, चेली/कुटुम्ब खलक, मावली खलक, गाउँलेको भूमिका छलफल गराउने र सहजीकरण गर्ने । | - जीवनचक्र संस्कारमा नातापाताको भूमिका भन्न सकेको | ३ |
| | | चाडपर्व र खानाको परिकार | – भुम्या/भुँयार चाडको महत्व बताउन सकेको | - भुम्यापर्व र यसको महत्व | - विद्यार्थीलाई आफ्नो गाउँठाउँमा भुम्या/भुयाँर चाड कसरी मनाउने गरिन्छ ? यो चाडको ऐतिहासिक महत्व के हो ? यो चाडको विज्ञान के हो जस्ता प्रश्नहरू राखेर अन्तरक्रिया कार्यक्रम गर्ने ।<br>- विद्यार्थीलाई भुम्या पर्वमा तयार गरिने खानेकुराहरूको सूची बनाउन लगाएर छलफल गर्ने | – भुम्या/भुँयार चाडको महत्व बताउन सक्ने | ५ |
| | | नाचगान, गीत, संगीत र | -भुम्या नाचको कथावस्तु भन्न सकेको | - भुम्या नाचको उत्पत्ति, नाचगानको | भुम्यानाचको उत्पत्ति कसरी भयो ? यो नाचको कथावस्तु के हो? यसमा कस्ता | -भुम्या नाचको कथावस्तु भन्न सक्ने | ५ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | वाद्यवादन | - भुम्या नाचका बाजागाजाहरूको बारेमा बताउन सकेको | कथावस्तु<br>- भुम्या नाचगानका बाजागाजाहरू | प्रकारका गीत गाइन्छ यसको बारेमा अन्तरक्रिया गराउने ।<br>- भुम्यानाचमा बजाइने बाजाहरूको आकार प्रकार, तिनिहरूबाट निस्कने धुन, भुम्यानाचमा बजाइने सुरतालहरूको बारेमा छलफल गराउने । | - भुम्या नाचमा प्रयोग हुने बाजाहरूको बारेमा बताउन सक्ने | |
| | | भेषभूषा र गरगहना | - भुम्या नाचका पहिरचन र गरगहनाको बारमा बताउन सकेको | भुम्यानाचमा प्रयोग हुने भेषभूषा र गरगहना | -भुम्या चाडवाडमा समुदायका मानिसहरूले लगाउने पहिरन र गहनाको बारेमा अन्तरक्रिया गराउने | - भुम्या नाचका पहिरचन र गरगहनाको बारमा बताउन सक्ने | २ |
| | | स्थानीय पूजाआजा र ठानहरू | – भुम्या/भुयाँर पूजाको बारेमा भन्न सक्ने | भुम्या/भुयाँर पूजाको गर्ने विधि र ठाउँ अनुसारको समानता र फरकपन | - विद्यार्थीलाई आ-आफ्नो गाउँठाउँको भुम्या/भुयाँर ठानमा गरिने पूजाआजाको अवलोकन गर्न लगाउने र त्यसको बारेमा प्रस्तुती गर्न लगाउने र छलफल गराउने | – भुम्या/भुयाँर पूजाको बारेमा भन्न सकेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ४ | हाम्रो सम्पदा | - भौगोलिक र प्राकृतिक सम्पदाहरू<br>- साँस्कृतिक महत्वका भौतिक संरचना र साँस्कृतिक सम्पदाहरू | - पालिकामा रहेका प्राकृतिक सम्पदाहरू बारे भन्न सक्ने<br><br>यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | - पालिकाका रहेका प्राकृतिक सम्पदाहरूको भौगोलिक वातावरण, महत्व र सम्भावना<br><br>- बहुभाषिक शब्दकोश | - सुनछहरी झरना, कोठेभीर, जेलबाङ फलाम खानी, पालिकामा रहेको सुनखानी, ढुङ्गाखानी/स्लेटखानी रहेका ठाउँहरूको भौगोलिक अवस्थाहरूको बारेमा छलफल गर्ने र यि सम्पदाहरूको महत्व के-के हुन सक्दछ भन्ने बारेमा छलफल गर्ने<br>- पालिकामा रहेका प्राकृतिक सम्पदाहरूबाट के-कस्तो फाइदा लिन सकिन्छ भन्ने बारेमा अन्तरक्रिया गराउने<br>- इकाई/पाठमा प्रयोग भएका मगर शब्दहरू प्रयोग गरी बनाइएका वाक्यहरू अँग्रेजी र नेपालेमा उल्था गर्न लगाउने तथा अँग्रेजी र | - पालिकामा रहेका प्राकृतिक सम्पदाहरू बारे भन्न सकेको<br><br>यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | ५ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | नेपालीका वाक्यहरू मगर खाम बनाउन लगाउने | | |
| ५ | **प्रकृति र वातावरण** | पालिकामा पाइने वनस्पतिहरू | - बनजंगलको सदुपयोग र संरक्षणमा रैथाने प्रचलन भन्न सक्ने | - बनजंगलको सदुपयोग र संरक्षणमा रैथाने प्रचलनहरू | - पालिकामा बनजंगल कसरी सदुयोग गरिने प्रचलन छ ? बनजंगलबाट के-के फाइदा लिन सकिन्छ ? बनजंगल जोगाउन आदिवासी/रैथाने प्रचलन के के रहेको छ ? भन्ने बारेमा अन्तरक्रिया गराउने | - बनजंगलको सदुपयोग र संरक्षणमा रैथाने प्रचलन भन्न सकेको | ३ |
| | | जीवजन्तु र चराचुरूङ्गी | - पालिकाका वन्यजन्तु र चराचुरुङ्गीसँग मानिसको द्वन्द बारेमा बताउन सक्ने | - पालिकाका वन्य जीवजन्तु र चराचुरूङ्गीसँग मानिसहरूको द्वन्द | - पालिकामा बाँदर, बाघ, मृग, बँदेल, दुम्सी लगायतका बन्य पशुपँक्षीहरूले मानवको वस्ती र खेतीपाती तथा पशुपालनमा पार्ने प्रभावको बारेमा अन्तरक्रिया गराउने ।<br>- वन्यजन्तु तथा पँक्षीहरूबाट हुने नकारात्मक असरहरूको बारमा बच्नको लागि अपनाउनुपर्ने साबधानीका बारेमा छलफल गराउने | - पालिकाका वन्यजन्तु र चराचुरुङ्गीसँग मानिसको द्वन्द बारेमा बताउन सकेको | ३ |
| | | प्राकृतिक साधनस्रोत | – पालिकामा रहेका खनिज पदार्थहरूको बारेमा बताउन सक्ने | पालिकामा रहेका फलाम खानी, सुन खानी, ढुङ्गा खानीहरू | – पालिकामा रहेका प्राकृतिक खनिज पदार्थहरू पाइने ठाउँ, सम्भावना र चुनौतीका बारेमा अन्तरक्रिया गराउने<br>- लुङ्रीखोलामा बालुवा चालेर सुन निकाल्ने रैथाने सीप बारेमा छलफल गराउने<br>- जेलबाङको फलाम खानी, सुनछहरीको सुनखानी, स्लेट एवं ढुङ्ग खानी, विगतमा पुर्खाले खनेका खानीहरूको बारेमा छलफल गराउने | – पालिकामा रहेका खनिज पदार्थहरूको बारेमा जानकारी भएको | २ |
| | | प्रकृति र प्राकृतिक विपद | – प्राकृतिक र मानवजन्य विपदहरूबाट पर्ने असर र बचाउका उपायहरू भन्न सक्ने | - प्राकृतिक तथा मानवजन्य प्रकोपका असर र बचाउका उपायहरू | - हावाहुरी, चट्याङ, बाढी पहिरो, भूकम्प जस्ता प्राकृतिक विपदबाट पर्ने असरहरू र बचाउका उपायहरू बारेमा अन्तरक्रिया गराउने ।<br>- आगलागी, डढेलोबाट बच्ने उपाहरूको बारेमा अन्तर्क्रिया गराउने | – प्राकृतिक र मानवजन्य विपदहरूबाट पर्ने असर र बचाउका उपायहरू भन्न सकेको | ३ |
| | | वातावरण | - विकस निर्माण र यसबाट वातावरणमा पर्ने प्रभावहरू | – विकास निर्माण र | – सडक, जलविद्युत, अस्पताल, बिद्यालय, | - विकस निर्माण र यसबाट वातावरणमा पर्ने प्रभावहरू | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | विनास र संरक्षण | भन्न सक्ने | वातावरणमा पर्ने प्रभावहरू | भवनहरू, राष्ट्रिय निकुञ्ज आदि भौतिक संरचनाहरूको निर्माण र विकास बारेमा छलफल चलाउने ।<br>– सडक, जलविद्युत, भौतिक संरचना बनाउँदा जल, जमिन, जंगल र समाजलाई के-कस्तो असर गर्दछ ? यस्तो असरले प्राकृतिक वातावरणलाई के-कुतो असर गर्दछ ? समाजलाई के कस्तो फाइदा र घाटा हुन्छ ? जस्ता प्रश्नहरूमा छलफल गराउने । | भन्न सकेको | |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ६ | स्वास्थ्य र खेलकुद ( शारीरिक शिक्षा) | शरीरका अङ्गहरू | - मुटु र रक्तसञ्चार प्रणालीको बारेमा भन्न सक्ने<br>- मुटु स्वस्थ्य राख्ने उपायहरू अपनाउन सक्ने | मुटु र रक्तसञ्चार प्रणाली | - मुटु र रक्तसञ्चार प्रणालीको चित्र देखाएर अङ्गहरूको नाम भन्न लगाउने र सो अङ्गको कामहरू बारेमा सहजीकरण गर्ने<br>- मुटुलाई स्वस्थ्य राख्न ध्यान दिनुपर्ने वानी व्यवहारको बारेमा अन्तरक्रिया गर्ने | - मुटु र रक्तसञ्चार प्रणालीको बारेमा भन्न सकेको<br>- मृटु स्वस्थ्य राख्ने उपायहरू अपनाउन सकेको | २ |
| | | बिरामीपन र सामान्य लक्षण | – | – | – | – | – |
| | | सर्ने र नसर्ने रोगहरू | - पालीकामा बढीजसो पाइने नसर्ने रोगहरूको सूची बनाउन सक्ने | पालिकामा बढी जसो पाइने नसर्ने रोगहरू र यसको रोकथामका उपायहरू | - पालिका बढी पाइने मुटु सम्बन्धी रोग, उच्च रक्तचाप, मृगौलाले काम नगर्ने रोग, क्यान्सर जस्ता नसर्ने रोगहरूको बारेमा अन्तरक्रिया गाराउने | - पालीकामा बढीजसो पाइने नसर्ने रोगहरूको सूची बनाउन सकेको | २ |
| | | विषालु जीवजन्तु र वनस्पति | – | – | – | – | – |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | उपचारक तथा स्वास्थ्य संस्था | - - स्वास्थ्य संस्थाको तहगत संरचनाहरूको बारेमा बताउन सकेको | हेल्थपोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल | – विद्यार्थीलाई हेल्थपोष्ट, प्राथमिक स्वास्थ्यकेन्द्र, जिल्ला अस्पताल, प्रदेश अस्पताल, शिक्षण अस्पताल, विशेषज्ञ अस्पतालको बारमा छलफल गराउने | - स्वास्थ्य संस्थाको तहगत संरचनाहरूको बारेमा बताउन सकेको | १ |
| | | खेलकुद | - पालिका स्तरमा आयोजना गरिने खेलकुदबारेमा बताउन सक्ने | पालिकामा आयोजना गरिने खेलकुद कार्यक्रमहरू र व्यवस्थापन | - पालिकास्तरमा आयोजना गरिने खेलकुदरुको बारेमा अन्तरक्रिया गराउने ।<br>- पालिका स्तरमा आयोजना गरिने खेलकुदहरूको व्यवस्थापनको बारेमा छलफल गराउने | - पालिका स्तरमा आयोजना गरिने खेलकुदबारे भन्न सकेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ७ | रुची र आनीबानी ( नैतिक शिक्षा) | दैनिक जीवन<br>रुची र आनीबानी | सामाजिक मुल्य मान्यतामा आधारित दया, माया, करुण, सहानुभूतिको व्यवहार गर्न सक्ने | दया, माया, करुणा, सहानुभूति तथा व्यक्तिगत आचरण र सामाजिक मुल्यमान्यताहरू | - विद्यार्थीलाई हाम्रो सामाजिक मुल्य मान्यतामा दया, माया, करुणा, सहानुभूति के हो ? कसरी व्यक्ति गरिएको हुन्छ ? भन्ने विषयमा अन्तरक्रिया गराउने<br>- व्यक्तिगत आचरणले कसरी दया, माया, करुणा, सहानुभूति जस्ता विषयमा प्रभाव पार्दछ र सामाजिक मुल्य मान्यतामा अनुकुल हुने नहुने विषयहरूको बारेमा छलफल चलाउने । | - सामाजिक मुल्य मान्यतामा आधारित दया, माया, करुण, सहानुभूतिको व्यवहार अपनाउन सकेको | ५ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ८ | प्रतिभा/व्यक्तित्व चिनारी | प्रतिभा/व्यक्तित्व चिनारी | - नेपालका ख्यातीप्राप्त ४ जनाको परिचय दिन सक्ने | - नेपालको लागि योगदान दिएको ४ जना व्यक्तित्वहरूको संक्षिप्त जीवनी | - नेपालको भाषा-संस्कृति, समाज र राज्य, राजनैतिक परिवर्तन, पिछडिएको समुदायको गौरव उठान गर्न विविध विधामा योगदान दिएका प्रेरक व्यक्तित्वहरू मध्येबाट ४ जनाको जीवनी सुनाउने र बालबालिकालाई उत्प्रेरणा जगाउन सक्ने विषयवस्तु, घटनाहरू टिपोट गर्न लगाउने | नेपालका ख्यातीप्राप्त ४ जनाको परिचय दिन सकेको | ८ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| ९ | अभिव्यक्ति र सृजना (मगर खामको साहित्य) | मगर खामको लोक साहित्य | - मगर खामका गीतिनाटकहरू र लोकगीतहरू बारेमा बाउन सक्ने | - मगर खामका गीतिनाटकहरू र लोकगीतहरू | – मगर खाममा प्रचलित गीतिनाटकहरू (जस्तै ज्योमारे, पैसेरु आदि)को बारेमा नाटक मञ्चन गर्न लगाउने र अन्तरक्रिया गराउने ।<br>- पालिमा प्रचलित लोकभाकाहरूको बारेमा अन्तरक्रिया गराउने । | - मगर खामका गीतिनाटकहरू र लोकगीतहरू बताउन सकेको | ४ |
| | | मगर खामको साहित्य | - मगर खामको एउटा नाटक बारेमा बताउन सक्ने<br>- मगर खामको एउटा गजल बारेमा बताउन सक्ने | मगर खामको नाटक,<br>मगर खामको गजल | – मगर खाममा लेखिएको बालमैत्री एउटा नाटक लिने वा शिक्षकले लेखेर मञ्चन गराउने<br>- मगर खाममा लेखिएको बालमैत्री कुनै एक गजल बारेमा अन्तरक्रिया गराउने | - मगर खामको एउटा नाटकमा परिचित भएको<br>-मगर खामको एउटा गजल बारे परिचित भएको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| १० | पेशा-व्यवसाय र बजार | कृषि तथा पशुपालन | - स्थानीय स्तरमा गरिने पशुपालनको फाइदाहरू भन्न सक्ने | - स्थानीय स्तरमा गरिने पशुपालन र यसका फाइदाहरू | - आफ्नो गाउँघरमा गरिने पशुपालन (भेंडा, बाखा, कुखुरा, बट्टाई, कालिज, सुङ्गुर, गाई, भैंसी, घोडा आदि)बाट के-कस्तो फाइदा | - स्थानीय स्तरमा गरिने पशुपालनको फाइदाहरू भन्न सकेको | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | - जैविक मलको फाइदाहरू बताउन सक्ने | - जैविक मलका फाइदाहरू | हुन्छ भन्ने कुरामा अन्तरक्रिया गराउने ।<br>- गाउँबस्तीमा जैविक मल कसरी बनाइन्छ ? यसलाई कसरी अझ आधुनिक बनाउन सकिन्छ भन्ने विषयमा अन्तरक्रिया गराउने । | - जैविक मलको फाइदाहरू जानेको | |
| | | आदिवासी सीप र कला | – आदिवासी/रैथाने सीप र कलामा आधारित कपडा, पहिरन उत्पादनका बारेमा बताउन सक्ने | आदिवासी/रैथाने सीप र कलामा आधारित कपडा, पहिरन उत्पादन | - विद्यार्थीलाई भाँगो, अल्लो, भेंडाको उन, कपासबाट धागो बनाएर कपडा उत्पादन गर्ने आदिवासी टेक्स्टाइनल इन्जिनियर (फेसन डिजाइनर)हरूसँग भेटघाट गराउने ।<br>- आदिवासी/रैथाने प्रविधिमा उत्पादन गरिने कपडा, धागो र परम्परागत मेशनहरूको बारेमा चित्र देखाएर अन्तरक्रिया गराउने । | – आदिवासी/रैथाने सीप र कलामा आधारित कपडा, पहिरन उत्पादनका बारेमा सचेत भएको | २ |
| | | अन्य पेशा व्यवसाय | - पालिकामा प्राप्त हुने काम र अवसरको बारेमा बताउन सक्ने<br>- कुनै पनि काम ठूलो सानो हुँदैन भन्ने कुरा बुझ्न सक्ने | पालिकामा विभिन्न कामहरूको अवस्था र अवसर | - विद्यार्थीहरूलाई पालिकामा गर्न सकिने पेशा, व्यवसाय, पाउन सकिने कामहरूको बारेमा अन्तरक्रिया गराउने । | - पालिकामा प्राप्त हुने काम र अवसरको बारेमा बताउन सकेको<br>- कुनै पनि काम ठूलो सानो हुँदैन भन्ने बुझेको | २ |
| | | बजार | - बजार र आर्थिक गतिशीलता बारेमा भन्न सक्ने | - बजार र आर्थिक गतिशीलता | - विद्यार्थीलाई बजारमा कसरी आर्थिक गतिशीलता हुन्छ भनेर अन्तरक्रिया गराउने । | - बजार र आर्थिक गतिशीलताबारे सचेत भएको | २ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोर्‍याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |

**कक्षा ८**

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो खाम (भाषा) | हाम्रो मगर खाम (भाषा) | – मगर खाममा लिखतहरू र चिठीपत्र लेख्न सक्ने<br><br>– मगर खाममा संकथन पढ्न र लेख्न सक्ने<br><br>– मगर खामको आधारभूत व्याकरणमा अभ्यास गर्न सक्ने<br><br>- मगर खामबाट नेपाली र अँग्रेजीमा तथा नेपाली, अँग्रेजीबाट मगर खाममा अनुवाद गर्न सक्ने<br><br>- आफ्नो जिल्लामा रहेका स्थाननामहरू मगर खाममा अर्थ खुल्ने वा नखुल्ने बताउन सक्ने<br><br>- मगर खामको शब्दहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | - मगर खाममा लिखतहरू र चिठीपत्र लेखनको अभ्यास<br>- संकथन लेखन अभ्यास<br>- मगर खामको व्याकरणको पुनरावलोकन<br>- मगर खाममा अर्थ खुल्ने आफ्नो जिल्लाका स्थाननामहरू<br><br>- अनुवाद अभ्यास<br><br>- बहुभाषिक शब्दसूची | - शिक्षकले तमसुक, करार, भरपाई, सरकारी कार्यालयमा लेखिने निवेदनको फर्म्याटहरू प्रदर्शन गर्ने र मगर खामामा लेखनका लागि अभ्यास गराउने ।<br>- विद्यार्थीलाई कुनै एक घटना सुनाउने र सो घटनाको आधारमा कथा वा निबन्ध लेख्न लगाउने । यसैगरी विद्यार्थीले संस्मरणमा रहेको कुनै एक घटना वा विषयमा संकथन लेख्न लगाउने ।<br>- मगर खामको कुनै एउटा कथा वा निबन्ध विद्यार्थीलाई पढ्न लगाउने । सो पाठमा प्रयोग भएको वाक्यहरू कुन काल र पक्षहरू (Tense and Aspects) छन् ? सो छुट्टयाउन लगाउने । मगर खामको काल (भूत र अभूतकाल), पक्षहरू (सामान्य, पूर्ण र अपूर्ण पक्ष)को बारेमा अन्तर्क्रिया गराउने ।<br>- विद्यार्थीलाई सो पाठमा प्रयोग भएका नाम, सर्वनाम, बचन, लिङ्गभेद, आदरबाचक, संयोजक, निपात, विस्मयादीबोधक पत्ता लगाउन लगाउन लगाउने<br>- विद्यार्थीलाई सो पाठमा प्रयोग भएको वाक्य र यसको प्रकार, वाच्य र यसको परिवर्तन, प्रत्यक्ष कथन र अप्रतयक्ष कथनहरू पत्ता लगाउन लगाउने ।<br>– विद्यार्थीलाई आफ्नो जिल्लामा रहेका गाउँ, | – मगर खाममा लिखतहरू र चिठीपत्र लेख्न जानेको,<br><br>– मगर खाममा संकथन पढ्न र लेख्न सकेको<br><br>– मगर खामको आधारभूत व्याकरणमा अभ्यस्त भएको<br><br>- मगर खामबाट नेपाली र अँग्रेजीमा तथा नेपाली, अँग्रेजीबाट मगर खाममा अनुवाद गर्न सकेको<br><br>- आफ्नो जिल्लामा रहेका स्थाननामहरू मगर खाममा अर्थ खुल्ने वा नखुल्ने पत्ता लगाउन सकेको<br><br>- यस इकाई/पाठमा प्रयोग भएका शब्दहरू अँग्रेजी र नेपालीमा उल्था गर्न सकेको | २५ घण्टा |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | ठाउँ, खोला, पहाड, जंगल, खानी आदि स्थाननामको सूची बनाउने र सो ठाउँको नामहरूमा मगर खाममा अर्थ लाग्ने ठाउँहरूको सूची बनाइ मगर खाममा अर्थ लगाने र अन्तरक्रिया गराउने<br>- मगर खामको कुनै एक वटा आलेख विद्यार्थीलाई नेपाली र अँग्रेजीमा अनुवाद गर्न लगाउने र अँग्रेजीको कुनै एक अनुच्छेद मगर खाममा अनुवाद गर्न लगाउने | | |
| २ | सुनछहरी गाउँपालिका र हाम्रो भूगोल | आँफू वरपरको भौगोलिक र सामाजिक वातावरण | – मगर खाममा विश्वमानचित्रमा नेपालको भूगोल बारेमा बताउन सक्ने<br>– मगर खाममा नेपालको जनसंख्या, जातजाति वा समुदायको जनसंख्या, नेपालमा मा बोलिने रैथाने भाषाका बारेमा बताउन सक्ने | - विश्वमानचित्र र नेपाल र आफ्नो गाउँपालिका<br>- नेपाली समाजको संरचना र बनौट | - विश्व मानचित्र देखाएर नेपाल कहाँ पर्दछ ? नेपालको भूगोल कस्तो कस्तो ? भौगोलिक बनावट कस्तो छ ? जस्ता प्रश्नहरूमा अन्तरक्रिया गराउने ।<br>– केन्द्रीय तथ्याङ्क विभागको प्रकाशन तथा विभिन्न पुस्तक वा जर्नलहरूको सहयोगमा नेपालका जनसंख्या, बसोबास गर्ने जात/जाति वा समुदाय, नेपालको रैथाने भाषाहरूको विवरण तयार गर्न लगाउने<br>- वि.सं १९१० को मुलुकी ऐन पढ्न लगाउने र त्यसले नेपालमा कसरी जात प्रणालीमा विभाजन गरेको रहेछ र अहिले कसरी सुधार हुँदैछ ? भन्ने विषयमा अन्तरक्रिया गराउने | – मगर खाममा विश्वमानचित्रमा नेपालको भूगोल थाहा पाएको<br>– मगर खाममा नेपालको जनसंख्या, जातजाति वा समुदायको जनसंख्या, नेपालमा बोलिने रैथाने भाषाका बारेमा बताउन सकेको | ५ |
| | | जिविकाको मुख्य आधार | मगर खाममा नेपालमा बसोबास गर्ने मानिसहरूको जीविकोपार्जनको आधार भन्न सक्ने | – नेपालमा जिविकाको आधारहरू | – नेपालको उतपादन प्रणाली, वितरण प्रणाली र आम मानिसहरूको जिविका कसरी चलेको छ भन्ने प्रश्नमा अन्तरक्रिया गराउने<br>- नेपाल के-के कुरामा उत्पादन बढाएर आत्मनिर्भर बन्न सक्दछ र के-केमा गाहारो छ भन्ने कुरामा छलफल गराउने । | मगर खाममा नेपालमा बसोबास गर्ने मानिसहरूको जीविकोपार्जनको आधार भन्न सकेको सकेको | २ |
| | | इतिहास र ऐतिहासिक ठाउँहरू | - मगर खाममा पाँच वटा नेपालको प्रसिद्ध भौगोलिक स्थानहरूको परिचय दिन | – नेपालकाका प्रसिद्ध ऐतिहासिक ठाउँहरू | - विद्यार्थीलाई पूर्व प्रकाशित पुस्तक, लेख रचनाहरूबाट पाँच वटा प्रसिद्ध ऐतिहासिक ठाउँहरूको सूची बनाउन लगाउने सो | - मगर खाममा पाँच वटा नेपालको प्रसिद्ध भौगोलिक स्थानहरूको | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | सक्ने | | ठाउँहरूको बारेमा अन्तरक्रिया गराउने । शिक्षकले नेपालको नक्सा देखाएर सो कहाँ पर्दछ देखाउने । पायक पर्ने ठाउँका ऐतिहासिक ठाउँहरूको भ्रमण गराउने । | परिचय दिन सकेको | |
| | | पालिकाको किर्तिमान रेकर्ड (रेकर्डबुक) | – नेपालको सामाजिक र भौगोलिक अवस्थितिसँग सम्बन्धित सामान्य ज्ञान भन्न सक्ने | नेपालको सामान्य ज्ञान : सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्कहरू | – विद्यार्थीलाई लोकसेवा आयोगले लिने परिक्षाहरूमा सोधिने सामान्यज्ञानहरूमा नेपालको भूगोल र समाजसँग सम्बन्धित तथ्यहरूको सूची बनाउन लगाउने र अन्तरक्रिया गराउने ।<br>- विद्यार्थीहरूलाई समूहमा विभाजन गरेर हाजिरी जवाफ प्रतियोगिता गराउने | – नेपालको सामाजिक र भौगोलिक अवस्थितिसँग सम्बन्धित सामान्य ज्ञानको जानकारी भएको | १ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोर्‍याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ३ | हाम्रो संस्कार र संस्कृति (२५ घण्टा) | स्थानीय संस्कार र संस्कृति | – पालिकामा बसोबास गरेका समुदायहरूको मौलिक जीवनचक्र संस्कारहरूमा समानता र फरक कुराहरू बताउन सक्ने<br><br>- पालिकामा बसोबास गरेका समुदायहरूको संस्कृतिलाई एक-आपसमा सम्मान गर्न सक्ने | मगर खाम (भाषा) वक्ता समुदायको संस्कारसँग अन्य जातिमा प्रचलित संस्कारको समानता र फरक | – विद्यार्थीलाई आफ्नो पालिकामा बस्ने समुदायहरूको जीवन चक्र संस्कार (जन्म, विवाह, मृत्य)मा गरिने मुख्य मुख्य कार्यहरूको सूची बनाउन लगाउने । त्यस सूचीमा समान भएका कुराहरू र फरक भएका कुराहरू छुट्ट्याउन लगाउने ।<br>– आफ्नो गाउँपालिकामा फरक जातिका समुदायहरू कसरी मिलेर बसेका छन ? जीवनचक्र संस्कारमा कसरी एकले अर्कालाई सहयोग गर्दछन् ? एक-आपसमा कसरी एकले अर्कोलाई सम्मान गर्दछन ? भन्ने बारेमा अन्तरक्रिया गराउने । | – पालिकामा बसोबास गरेका समुदायहरूको मौलिक जीवनचक्र संस्कारहरूमा समानता र फरक कुराहरू बताउन सकेको<br><br>- पालिकामा बसोबास गरेका समुदायहरूको संस्कृतिलाई एक-आपसमा सम्मान गर्न सकेको | ५ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | नातापाता | - पालिकामा बसोबास गर्ने समुदायहरूको नातेदारी प्रथाको बीच तुलना गर्न सक्ने | मगर खाम वक्ता समुदायको नातेदारी प्रथा र अन्य जातिको नातेदारी प्रणालीमा समानता र फरकहरू | - पालिकामा बसोबास गर्ने समुदायहरूको नातेदारी प्रणालीको सूची बनाउन लगाउने, नाता/साइनो कसरी जोडीन्छ त्यसको पनि सूची बनाउन लगाउने र समान भएका कुरा तथा फरक भएका कुराहरूलाई तालिकाकरण गर्न लगाई अन्तरक्रिया कार्यक्रम राख्ने | - पालिकामा बसोबास गर्ने समुदायहरूको नातेदारी प्रथाको बीच तुलना गर्न सकेको | ३ |
| | | चाडपर्व र खानाको परिकार | – पालिकामा प्रचलित चाडबाडहरू विभिन्न समुदायले मनाउने तरिकाको तुलना गर्न सक्ने<br>- चाडबाडले कायम राखेको सामाजिक सदभाव बारे बताउन सक्ने | मगर खाम वक्ता समुदायमा प्रचलित चाडपर्व मनाउने तौर तरिका र अन्य जातिले मनाउने चाडपर्वमा समानता र फरकपनहरू | - विद्यार्थीलाई पालिकामा प्रचलित चाडवाडहरूको सूची बनाउन लगाएर कुन-कुन समुदायले कसरी मनाउँदछन् ? सोको सूची बनाउन लगाउने ।<br>- सो सूचीबाहरूबाट चाडबाड मनाउने तरिकाको समानता र फरकपन को तुलना गराउने ।<br>- चाडबाडबाट सामाजिक सद्भाव कसरी चलेको छ भन्ने कुरामा अन्तरक्रिया गराउने । | – पालिकामा प्रचलित चाडबाडहरू विभिन्न समुदायले मनाउने तरिकाको तुलना गर्न सकेको<br>–चाडबाडले कायम राखेको सामाजिक सदभाव बारे भन्न सकेको | ५ |
| | | नाचगान, गीत, संगीत र वाद्यवादन | – पालिकामा प्रचलित नाचगान र बाजाहरूको समुदायगत रुपमा तुलना गर्न सक्ने | मगर खामवक्ता समुदाय र अरु जातिका समुदायको नाचगान र वाद्यवादनका समानता र फरकपन | – पालिकामा प्रचलित परम्परागत नाचगानहरूको सूची तयार पार्ने र कुन-कुन जाति जातिले नाचगान गर्दछन् ? कसरी गर्दछन् भन्ने कुराहरूको सुची बनाउने र तुलना गर्न लगाउने ।<br>– पालिकामा प्रचलित बाजाहरूको सूची बजाउने र कुन कुन जातिले प्रयोग गर्दछन् र कुन-कुन जातिले गर्दैनन् तुलना गर्न लगाउने | – पालिकामा प्रचलित नाचगान र बाजाहरूको समुदायगत रुपमा तुलना गर्न सकेको | ५ |
| | | भेषभूषा र गरगहना | - पालिकामा रहेका समुदायहरूका परम्परागत पहिरनहरूको तुलना गर्न सक्ने | पालिकामा रहेका समुदायहरूका परम्परागत पहिरनहरूको तुलना | – पालिकामा रहेका समुदायहरूले लगाउने परम्परागत पहिरनको सूची बनाएर तुलना गर्न लगाउने । | - पालिकामा रहेका समुदायहरूका परम्परागत पहिरनहरूको तुलना गर्न सकेको | २ |
| | | स्थानीय पूजाआजा र | – पालिकामा उभौली र उधौली पूर्णीमा गरिने | उभौली र उधौलीमा गरिने पूजाआजाहरू | - विद्यार्थीलाई बैसाखे पुर्णिमा र मंसीरे पूर्णिमामा आफ्नो गाउँठाउँमा के-कस्तो | – पालिकामा उभौली र उधौली पूर्णिमामा गरिने | ४ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | ठानहरू | पूजाआजाहरू भन्न सक्ने | | पूजाआजाहरू गर्दछन् ? सोको सूची बनाउन लगाउने र सो सूचीको आधारमा अन्तरक्रिया गराउने । | पूजाआजाहरू भन्न सकेको | |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको शब्दहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ४ | हाम्रो सम्पदा | - भौगोलिक र प्राकृतिक सम्पदाहरू<br>- साँस्कृतिक महत्वका भौतिक संरचना र साँस्कृतिक सम्पदाहरू | - पालिकामा रहेका साँस्कृतिक एवं पर्यटकीय महत्वका सम्पदाहरूको महत्व र उपयोगीता बताउन सक्ने<br><br>- यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | - पालिकामा रहेका साँस्कृतिक एवं पर्यटकीय महत्वका सम्पदाहरू<br><br>- बहुभाषिक शब्दसूची | - पालिकामा रहेका साँस्कृतिक एवं पर्यटकीय महत्वका सम्पदाहरूको सूची बनाउने र ति सम्पदाहरूको महत्व के-कस्तो छ ? के विकास गर्नुपर्नेछ? के कुराको संरक्षण गर्नुपर्नेछ? कसरी संरक्षण र प्रवर्द्धन गर्न सकिन्छ? भन्ने विषयहरूमा अन्तरक्रिया गराउने ।<br>- यस्ता सम्पदाहरूबाट स्थानीय मानिसहरूलाई कसरी आयआर्जनसँग जोड्न सकिएला भनेर अन्तरक्रिया गराउने ।<br>- इकाई/पाठमा प्रयोग भएका मगर शब्दहरू प्रयोग गरी बनाइएका वाक्यहरू अँग्रेजी र नेपालेमा उल्था गर्न लगाउने तथा अँग्रेजी र नेपालीका वाक्यहरू मगर खाम बनाउन लगाउन | - पालिकामा रहेका साँस्कृतिक एवं पर्यटकीय महत्वका सम्पदाहरूको महत्व र उपयोगीता भन्न सकेको<br><br>यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | ५ |
| ५ | **प्रकृति र वातावरण** | पालिकामा पाइने वनस्पतिहरू | - सामुदायिक बनको सकारात्मक र नकारात्मक प्रभावबारे तुलना गर्न सक्ने<br>- जडीबुटी र गैरकाठ वनपैदावारको संरक्षण गर्दै आर्थिक फाइदा लिन | - पालिकाका सामुदायिक वन व्यवस्थापनको महत्व र सामुदायिक बनले रैथानै प्रचलनमा पारेको नकारात्मक | - सामुदायिक बन व्यवस्थापन को फाइदा र वेफाइदाहरूह तथा हालको सामुदायिक वन व्यवस्थापनले रैथाने प्रचलनमा के कस्तो असर गरेको छ ? बनको उपभोग किन प्रभाव परेको छ ? कसरी सामुदायिक वन व्यवस्थापनलाई सुधार्न सकिन्छ ? भन्ने प्रश्नहरू राखेर अन्तरक्रिया गराउने । | - सामुदायिक बनको सकारात्मक र नकारात्मक प्रभावबारे तुलना गर्न सकेको<br>- जडीबुटी र गैरकाठ वनपैदावारको संरक्षण गर्दै आर्थिक फाइदा लिन | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | सक्ने | असरहरू<br>- स्थानीय जडीबुटी तथा गैरकाठ वनपैदावारको प्रयोग गर्ने तरिका र संरक्षण | - स्थानीय रुपमा पाइने जडीबुटी, गैरकाठ बनपैदावारको प्रयोग, अर्थ उपार्जन र यसको संरक्षणको बारेमा अन्तरक्रिया गराउने | जानेको | |
| | | जीवजन्तु र चराचुरूङ्गी | - पालिकाका वन्यजन्तु र चराचुरुङ्गीसँग मानिसको द्वन्द बारेमा बताउन सक्ने | - पालिकाका जीवजन्तुको संरक्षण तथा व्यवस्थापन | - पालिकामा वन्यजन्तु, पंक्षीहरूको संरक्षण, उपभोग र व्यवस्थापनको बारेमा कस्तो व्यवस्था छ ? कसरी व्यवस्थापन भएको छ ? किन छ वा छैन ? जस्ता प्रश्नहरू राखेर अन्तरक्रिया गराउने | - पालिकाका जीवजन्तुको संरक्षण, उपयोग र व्यवस्थापनको बारेमा भन्न सकेको | ३ |
| | | प्राकृतिक साधनस्रोत | – पालिकामा खनिज पदार्थको उत्खनन् सम्भावना र उत्खनन्को सकारात्मक नकारात्मक प्रभाव भन्न सक्ने | पालिकामा खनिज पदार्थको उत्खनन् सम्बन्धी सभ्भावना र समुदायलाई पर्ने असर तथा फाइदाहरू | – पालिकामा रहेका खानीहरूको बारेमा सुची संकलन गराउने, स्थानीय जेष्ठ नागरिकहरूले खानीको बारेमा सुनाएका कुराहरू टिपोट गर्न लगाउने, खानीहरूको उत्खनन् गरी अर्थोपार्जनको सभ्भावना र समुदायलाई पने सकारात्मक नकारात्मक प्रभावहरूको बारेमा अन्तरक्रिया गराउने । | – पालिकामा खनिज पदार्थको उत्खनन् सम्भावना र उत्खनन्को सकारात्मक नकारात्मक प्रभाव भन्न सकेको | २ |
| | | प्रकृति र प्राकृतिक विपद | – पालिकाको विपदको पूर्वतयारी व्यवस्थापन बारे जानकारी दिन सकेको | - प्राकृतिक प्रकोपबाट सुरक्षित रहन विद्यालय तथा पालिकामा पूर्वतयारी व्यवस्था | - विद्यार्थीलाई पालिकामा घट्न सक्ने प्राकृतिक विपद, प्रकोपको सुची बनाउन लगाउने र पालिकामा प्राकृतिक प्रकोप वा विपदको पूर्वतयारीको अवस्था के-कस्तो छ? कसरी गरिरहको छ ? किन गरेको छ वा छैन ? जस्ता प्रश्नहरू राखेर अन्तर्क्रिया गराउने | – पालिकाको विपदको पूर्वतयारी व्यवस्थापन बारे जानकार भएको | ३ |
| | | वातावरण विनास र संरक्षण | - विकस निर्माणमा सामाजिक तथा वातावरणीय सुरक्षण नीति (Safeguards policy) को बारेमा बताउन सक्ने | – विकास निर्माणमा सामाजिक तथा वातावरण सुरक्षण नीति | – विकास निर्माणले समुदाय र वातावरणमा पार्न सक्ने सकारात्मक नकारात्मक प्रभावहरूको सूची बनाउने र नकारात्मक प्रभाव न्युनीकरण गर्न के काम, कसरी, किन कहिले गर्न सकिन्छ ? भन्ने बारेमा छलफल चलाउने । | - विकास निर्माणमा सामाजिक तथा वातावरणीय सुरक्षण नीति (Safeguards policy) को बारेमा थाहा पाएको | ३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | - विकास निर्माण गर्दा अपनाउनुपर्ने सुरक्षणका नीतिहरू संयुक्त राष्ट्रसँघ, आइएलओ, विश्व बैंक, एडीबी, नेपालको संविधान र ऐनकानूनहरूको चर्चा गर्ने । | | |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ६ | स्वास्थ्य र खेलकुद (शारीरिक शिक्षा) | शरीरका अङ्गहरू | - मुटु र रक्तसञ्चार प्रणालीको बारेमा भन्न सक्ने<br>- मुटु स्वस्थ्य राख्ने उपायहरू अपनाउन सक्ने | प्रजनन् प्रणालीका अङ्गहरू | - प्रजनन् प्रणालीको चित्र देखाएर अङ्गहरूको नाम भन्न लगाउने र सो अङ्गको कामहरू बारेमा सहजीकरण गर्ने<br>- प्रजनन् प्रणालीका अङ्गहरू राख्न ध्यान दिनुपर्ने वानी व्यवहारको बारेमा अन्तरक्रिया गर्ने | - मुटु र रक्तसञ्चार प्रणालीको बारेमा भन्न सकेको<br>- मृटु स्वस्थ्य राख्ने उपायहरू अपनाउन सकेको | २ |
| | | बिरामीपन र सामान्य लक्षण | – | – | – | – | – |
| | | सर्ने र नसर्ने रोगहरू | - प्रजनन प्रणालीमा लाग्न सक्ने रोगहरू बारेमा बताउन सक्ने | प्रजनन प्रणालीमा लाग्न सक्ने रोगहरू | - प्रजनन प्रणालीमा लाग्न सक्ने सरुवा रोगहरू र नसर्ने रोगहरू जस्तैः क्यान्सरको बारेमा छलफल गराउने | - प्रजनन प्रणालीमा लाग्न सक्ने रोगहरू बारेमा जानकारी भएको | २ |
| | | विषालु जीवजन्तु र वनस्पति | – | – | – | – | – |
| | | उपचारक तथा स्वास्थ्य संस्था | - पालिकाको स्वास्थ्य सेवाको अवस्था बारेमा भन्न सक्ने | पालिकामा स्वास्थ्य सेवाको अवस्था | – विद्यार्थीलाइ पालिकामा के-कस्तो, कसरी, कहाँ, कुन-कुन स्वास्थ सेवाहरू प्राप्त गर्न सकिन्छ भन्ने बारेमा छलफल गराउने | - पालिकाको स्वास्थ्य सेवाको अवस्था बारेमा जानकार भएको | १ |
| | | खेलकुद | - जिल्ला स्तरमा आयोजना गरिने खेलकुदबारेमा बताउन सक्ने | जिल्ला तहमा आयोजना गरिने खेलकुद कार्यक्रमहरू र | - जिल्ला स्तरमा आयोजना गरिने खेलकुदहरूको बारेमा अत्तरक्रिया गराउने ।<br>- जिल्ला स्तरमा आयोजना गरिने खेलकुदहरूको व्यवस्थापनको बारेमा छलफल | - जिल्ला स्तरमा आयोजना गरिने खेलकुदबारे भन्न सकेको | ४ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | व्यवस्थापन | गराउने | | |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ७ | रुची र आनीबानी ( नैतिक शिक्षा) | दैनिक जीवन<br>रुची र आनीबानी | - नागरिक कर्तव्य, उत्तरदायित्व र अधिकार बारेमा बताउन सकेको | नागरिक कर्तव्य, उत्तरदायित्व र अधिकार | - विद्यार्थीलाई देशको नागरिक हुन के के हुनुपर्दछ ? नागरिकको कर्तव्य र उत्तरदायित्व के के हुन्छ ? नागरिकहरूको हक अधिकार के के हुन्छ ? भन्ने प्रश्नहरूको आधारमा अन्तरक्रिया गराउने । | - नागरिक कर्तव्य, उत्तरदायित्व र अधिकार बारेमा जानकार भएको | ५ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - शिक्षकले शब्दहरू उच्चारण गर्ने र विद्यार्थीहरूलाई दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |
| ८ | प्रतिभा/व्यक्तित्व चिनारी | प्रतिभा/व्यक्तित्व चिनारी | - विश्वका ख्यातीप्राप्त ४ जनाको परिचय दिन सक्ने | - विश्वका ख्यातिप्राप्त तथा प्रेरक व्यक्तित्वहरू- ४ जनाको संक्षिप्त परिचय | - विद्यार्थीलाई विश्वका चार ख्यातिप्राप्त र प्रेरक व्यक्तिहरू को जीवनी पढ्न लगाउने र अन्तरक्रिया गराउने | नेपालका ख्यातीप्राप्त ४ जनाको परिचय दिन सकेको | ८ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका पाँच वाक्य शब्दहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| ९ | अभिव्यक्ति र सृजना (मगर खामको साहित्य) | मगर खामको लोक साहित्य | - मगर खामको लोकसाहित्य सृजनामा परम्परागत संस्थाको योगदान बारेमा बताउन | लोकसाहित्य सृजनामा परम्परागत संस्थाको योगदान ( ठकान्या/रोदी) | – गाउँपालिकामा मगर खामको लोकसाहित्य सृजना र प्रबर्द्धनका लागि के-कस्ता परम्परागत संस्थाहरू थिए ? विशेषता के कस्तो थियो ? कसरी परिवर्तन हुँदैछ ? ति | - मगर खामको लोकसाहित्य सृजनामा परम्परागत संस्थाको | ४ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | सक्ने | | परम्परागत संस्थाहरूको योगदान के, कसरी, कहाँ, किन थियो ? जस्ता प्रश्नमा रहेर अन्तरक्रिया गराउने । अन्तरक्रियामा गाउँका पुराना घटना/कुराहरू जान्ने व्यक्तिहरूलाई पनि समावेश गराउने । | योगदान बारेमा बताउन सकेको | |
| | | मगर खामको साहित्य | - - मगर खाम साहित्य लेखनमा योगदान दिएका व्यक्तिहरूको नाम भन्न सक्ने | मगर खाम साहित्यको विकासमा योगदान दिएका व्यक्तित्वहरू | – मगर खाम (भाषा)को साहित्यमा योगदान दिएका व्यक्तिहरूको सूची बनाउन लगाउने र को-को ले के-के गरे सूची बनाउन लगाउने | - मगर खाम साहित्य लेखनमा योगदान दिएका व्यक्तिहरूको नाम भन्न सकेको | ४ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दश वटा वाक्यहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | २ |
| १० | पेशा-व्यवसाय र बजार | कृषि तथा पशुपालन | - जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाको आधारभूत कुराहरू बताउन सक्ने | - जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाहरूको आधारभूत जानकारी | - पालिकामा बिषादी र रसायनहरूको प्रयोग रहित जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तौर तरिका, आदिवासी/रैथाने प्रविधिहरू, खाद्यान्न उतापदन गर्ने परम्परा र जैविक तरिकाले उत्पादन गरिएको खाद्यन्नको फाइदाहरू बारेमा अन्तरक्रिया गराउने । | - जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाको आधारभूत जानकारी भएको | ३ |
| | | आदिवासी सीप र कला | – आदिवासी/रैथाने सीप र कलामा आधारित घरायसी सामानहरू उत्पादनका नामहरू भन्न सक्ने | घरायसी समानहरू उत्पादनका सीप र कलाहरू | - विद्यार्थीलाई आदिवासी सीप र कला अन्तरगत घरायसी प्रयोजनका लागि उत्पादन गरिने चकटी, गुन्द्री, ढकिया वा भाँडाकुँडा, भकारी, डोको, नाङ्लो, चाल्नो, राडीपाखीको बारेमा छलफल गराउने ।<br>- घरायसी सामानहरूको उत्पादन, बजार व्यवस्थाको बारेमा अन्तरक्रिया गराउने । | – आदिवासी/रैथाने सीप र कलामा आधारित घरायसी सामानहरू उत्पादनका नामहरू भन्न भएको | २ |
| | | अन्य पेशा व्यवसाय | - पालिकामा रहेका पेशागत संस्था र | पालिकामा पेशागत संस्था र निकायहरू | - विद्यार्थीहरूलाई पालिकामा भएका पेशा वा व्यवसायहरूको संस्थाहरू (जस्तै- मजदुर | - पालिकामा रहेका पेशागत संस्था र | २ |

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | निकायहरू बारेमा भन्न सकेको | | ट्रेड युनियन, उद्योग तथा बाणिज्य संघ, शिक्षक युनियनहरू, चिकित्सा परिषद, नसिंङ परिषद, इन्जीनियरिङ परिषद)को बारेमा शोधखोज गर्न लगाउने र प्रस्तुती गर्न लगाउने । | निकायहरूको बारेमा जनाकार भएको | |
| | | बजार | - प्रणाली, अवसर र चुनौतीहरू बारेमा भन्न सकेको | बजार प्रणाली, अवसर र चुनौतीहरू | - विद्यार्थीलाई बजार प्रणाली कसरी चल्दछ ? बजारमा के-कस्तो अवसरहरू हुन्छ ? के-कस्तो चुनौती हुन्छ भन्ने बारेमा अन्तरक्रिया गराउने | - प्रणाली, अवसर र चुनौतीहरू बारेमा जानकार भएको | २ |
| | | बहुभाषिक शब्दसूची | - यस एकाइमा प्रयोग भएका मगर खामको वाक्यहरू ( बढीमा १०) नेपाली र अँग्रेजीमा भन्न सक्ने | बहुभाषिक शब्दसूची | - विद्यार्थीलाई बहुभाषिक शब्दहरू उच्चारण गर्न लगाउने र दोहोऱ्याउन लगाउने,<br>- विद्यार्थीहरूलाई समूहमा बाँडेर एक समूहले अर्को समूहलाई सोध्ने र उत्तर दिने प्रकृतिको खेल बनाइ खेलाउने । | यस एकाइका पाठहरूमा प्रयोग भएको मगर खामका दशवटा वाक्यदहरू नेपाली र अँग्रेजीमा उल्था गरि भन्न सकेको | १ |

# खण्ड – ग

## शिक्षण सिकाइ प्रक्रिया, विद्यार्थी मुल्याङ्कन, स्थानीय पाठ्यक्रमको अनुगमन र मुल्याङ्कन, समीक्षा र परिमार्जन

# १. शिक्षण सिकाइ प्रक्रिया

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्यवन मार्गदर्शन -२०७६ मा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ :

"शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा व्याख्यान, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, परियोजना कार्यक्षेत्र भ्रमण आदि उल्लेख गरिएको भए तापनि व्याख्यान विधि बढी प्रयोगमा ल्याइने गरेको देखिन्छ । तर यो विधि सिकाइका लागि प्रभावकारी मानिन्न । विद्यार्थी केन्द्रित शिक्षण विधिमा जोड दिन प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनु पर्दछ भन्ने मान्यताबाट जानु हुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीलाई गरेर सिक (Learning by doing) भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्दछ । कक्षाकोठामा शारीरिक तथा मानसिक रुपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनुकूल हुने गरी समावेशी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक छ । स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रुपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रुपमा बोलाएर सिकाउन लगाउने गर्न सकियो भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूर्ण, रूचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषयक्षेत्रबिचको अन्तरसम्बन्ध तथा एकीकरणलाई अधिकतम बनाउनु आवश्यक छ । विद्यार्थीको सिकाइ स्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । आजभोलि विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रुपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जाने र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ क्रियाकलापतर्फ कक्षाकोठामा मात्र सीमित गर्न हुँदैन" (पृ २४-२७) ।

यो पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ मार्गदर्शन तथा शिक्षकलाई सल्लाह, थप विवरण र व्याख्या निम्नरुपमा प्रस्तुत गरिएको छ :

### (क) विद्यार्थी तथा परिवेश अनुसारको पाठ्ययोजनामा केन्द्रित :

विद्यालयमा आउने हरेक बालबालिकाको सिक्ने तरिका फरक-फरक हुन्छ । यसैले शिक्षण शिकाई विधिमा विविधता ल्याउनको लागि सुझाइएको छ । विद्यार्थीहरूको सिक्ने विविधतालाई ध्यानमा दिँदै कक्षाहरूमा प्रवचन, व्यक्तिगत अभिव्यक्ति, सामूहिक तथा व्यक्तिगत अभ्यासहरूमा सन्तुलन गर्न सुझाइएको छ । कक्षामा विभिन्न क्षमताका विद्यार्थीको समावेशिता सुनिश्चित गर्न सोही अनुसारको गतिविधि तथा मूल्याङ्कन प्रक्रिया लागू गर्नुपर्ने हुन्छ । अपाङ्गता भएका विद्यार्थीका हकमा यस पाठ्यक्रमको सिकाइ शिक्षण क्रियाकलापमा उल्लेखित गतिविधि उचित नभए शिक्षकले आफ्नै योजनाअनुसार गतिविधि परिमार्जन गर्नु पर्दछ । यो मगर खामको स्थानीय पाठ्यक्रम लागू गर्दा विद्यार्थी र ठाउँ विशेषको आवश्यकतालाई ध्यानमा राखी सिकाइ उपलब्धि हासिल गर्ने गरी शिक्षण सिकाइ गतिविधिहरू गर्न सक्नेछन् । पाठ्यक्रम सरलताबाट जटिलता तर्फ बढाइएको छ, कक्षा चढ्दै जाँदा कक्षागत रुपमा पनि अनुभव गर्न सकिन्छ । यसैले पनि साना कक्षामा स्थानीय पाठ्यक्रमको सबै पक्ष पढाइयोस भन्ने आकाँक्षा पुरा हुन सक्दैछ ।

**(ख) पाठ्यपुस्तक भन्दा पाठ्ययोजना महत्वपूर्ण**

पाठ्यक्रमका अधिकाँस पाठका लागि पूर्वतयारी आवश्यकता छ । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यक्रम एउटा मार्गदर्शन मात्र हो । यो मार्गदर्शनको आधारमा शिक्षकले पाठ्ययोजना निर्माण गरी पठनपाठन तथा सिकाइ शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । । स्थानीय परिस्थिति नै धेरैजसो पाठ्यक्रमको 'पाठ्यपुस्तक' या पाठ्यसामग्री हुने भएकाले छुट्टै पाठ्यपुस्तक बनाउन आवश्यक हुँदैन । विभिन्न विषयवस्तुका सिकाइ उपलब्धि र ती हासिल गर्न सुझाव गरिएका सिकाइ शिक्षण क्रियाकलापलाई समेट्दै वा आवश्यकता अनुरुप फेरबदल गरेर उल्लेखित सिकाइ उपलब्धि हासिल गर्नुपर्ने हुन्छ । यसका लागि वार्षिक र मासिकका साथै साप्ताहिक र दैनिक पाठ्ययोजना निर्माण गर्नु अत्यन्तै आवश्यक छ । पाठ्ययोजनामा के विषयवस्तु कहिले गर्ने भन्ने बुँदाका साथै कसरी, कुन-कुन माध्यमबाट, कति समय लगाउने, कुन विषयसँग एकीकृत गर्ने, को शिक्षक र कक्षासँग समन्वय गर्ने र त्यसका लागि चाहिने सामग्री आदि सबै विवरण भरेर सुरु गर्नुपर्ने हुन्छ । यसका लागि शिक्षकले पाठ्ययोजना निर्माणका लागि पनि समय छुट्ट्याउनु आवश्यक छ ।

**(ग) मूल पाठ्यक्रमसँग मिल्ने विषयवस्तुलाई एकीकृत पाठ्ययोजना बनाउने :**

यो मगर खाममा स्थानीय पाठ्यक्रमका अलग अलग विषयवस्तुहरू पनि एक-आपसमा वा मूल पाठ्यक्रमका अरु विभिन्न विषयहरूसँग अन्तरसम्बन्ध राख्ने प्रकृतिका छन् । यसैले ति विषयमा यी विषय जोड्न सकिन्छ । यस्तो एक-आपसमा अन्तरसम्बन्ध भएका विषयवस्तुलाई छुट्टाछुट्टै भन्दा पनि क्रमबद्ध योजना बनाएर सँगै अथवा एकीकृत रुपमा पढाउँदा बढी प्रभावकारी हुन्छ । शिक्षकले यसका लागि कुनै अन्य शिक्षकसँग समन्वय गर्नुपर्ने हो कि अथवा आफ्नो पाठ्ययोजनामा काम गर्नुपर्ने हो आवश्यकता अनुसार योजना गर्नुपर्ने हुन्छ ।

**(घ) कक्षाको गतिशीलता :**

यस पाठ्यक्रममा सामान्यतः विद्यार्थीका अभिव्यक्तिबाट कक्षा शुरु गर्न र शिक्षकले गनुपरेमा पनि छोटो मात्र प्रवचनबाट शुरु गर्न सुझाइएको छ (यस्तो कक्षाको उठान प्रवचन भए १०-१५ मिनेट भन्दा लामो हुनुहुँदैन) । सम्बन्धित विषयको सामूहिक र/वा व्यक्तिगत अभ्यास गरेपछि सिकाइ उच्च तहमा हुने अवधारणा यस पाठ्यक्रममा राखिएको छ । गतिविधि सबैभन्दा लामो हुनसक्ने भएकोले त्यसपछि विद्यार्थीहरू छोटो समय संलग्न रहने वा अर्को पाठका कामहरू गतिविधिहरू सुझाइएको छ । शिक्षकले प्रवचनबाट कक्षा समाप्त गरेमा त्यसलाई छोटो राख्न पनि सुझाव गरिएको छ । यस्तो प्रवचन १०-१५ मिनेट भन्दा लामो नहुने परिकल्पना यस पाठ्यक्रममा गरिएको छ ।

## २. विद्यार्थीको सिकाइ मुल्याङ्कन

विद्यार्थीको सिकाइका बारेमा लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मूल्याङ्कनले पाठ्यक्रमले तोकेअनुसार निर्धारण गरेको उद्देश्य पुरा भयो भएन भन्ने जानकारी प्रदान गर्छ । विद्यार्थीको सिकाइ मूल्याङ्कन विशेष गरेर निर्णयात्मक, निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन पद्दती मार्फत हुने गर्दछ । नेपालको सन्दर्भमा धेरै जसो निर्णयात्मक मुल्याङ्कन पद्दती अपनाइने प्रचलन छ । तर, यस्तो विद्यार्थीको सिकाइको स्तर मापन गर्न निर्णयात्मक मूल्याङ्कनलाई नै प्राथमिकतामा राखिने अवधारणा बिस्तारै परिवर्तन पनि हुँदैछ । नेपालको सन्दर्भमा समेत शैक्षिक सत्रको अन्तिममा जाँच मात्र नभई अन्य पक्ष मार्फत पनि सिकाइको मूल्याङ्कन गर्ने अभ्यास थालिएको छ । यहि पक्षलाई ध्यानमा दिँदै यस स्थानीय पाठ्यक्रममा पनि विद्यार्थीले कति सिके भन्ने मूल्याङ्कन गर्न लिखित परीक्षा भन्दा पनि अन्य पक्ष तथा अभिव्यक्ति र विद्यार्थीको व्यवहारको अवलोकनमा ध्यान दिनुपर्छ भन्ने कुरामा जोड गरिएको छ ।

विद्यार्थीको सिकाइ मूल्याङ्कनका सम्बन्धमा 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्यवन मार्गदर्शन -२०७६'ले उल्लेख गरेको विद्यार्थी मुल्याङ्कनको बारेमा निम्न बमोजिम छोटो परिचय दिइएको छ ः

**(क) निर्माणात्मक मूल्याङ्कन :**

"शिक्षणसिकाइ क्रियाकलाप अभिन्न अङ्गको रूपमा लिई विद्यार्थीको सिकाइको लेखाजोखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई **सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन** आदि पनि भन्ने गरिन्छ । विद्यार्थीले के कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्ने बारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसको माध्यमबाट विद्यार्थीको कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रकियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइस्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनको साधन प्रयोग गर्न सकिने भए तापनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनको रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेख समेत राखी त्यसैको आधारमा कक्षा उन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ । त्यसैले कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययन लगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ" (पृ. २६) ।

(ख) **निर्णयात्मक मूल्याङ्कन :**

"आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई **निर्णयात्मक मूल्याङ्कन** भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रो देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि यस्तो मूल्याङ्कन प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ । त्यसैले विशेष गरेर साना कक्षामा यस्तो मूल्याङ्कन प्रक्रिया अपनाउन हुँदैन भन्ने धारणाको विकास भएको पाइन्छ । नेपालमा पनि विगत केही समय अघिदेखि आधारभूत तहका तल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली हटाई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र त्यसैको आधारमा कक्षोन्नति गर्ने प्रचलन सुरु भएको छ" (पृ. २६-२७) ।

"विद्यार्थी मूल्याङ्कन अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्वपूर्ण छन् । वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ" (पृ ३६-३७) । यस मगर खामको स्थानीय पाठ्यक्रममा 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन  मातृभाषा सहित) २०७६'मा उल्लेख भएका विद्यार्थी मूल्याङ्कन सम्बन्धी मार्गदर्शनलाई ध्यानमा राख्दै विद्यार्थीको सिकाइ मुल्याङ्कन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**कक्षागत मुल्याङ्कन विधि र अंकभार**

| क्र .सं | कक्षा | निरन्तर मुल्याङ्कन (प्रतिशत) | आवधिक मुल्याङ्कन (प्रतिशत) | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| १ | कक्षा १ देखि ३ | १०० | – | १०० |
| २ | कक्षा ४ देखि ५ | ५० | ५० | १०० |
| ३ | कक्षा ६ देखि ८ | ५० | ५० | १०० |

यसरी माथिको तालिकाको आधारमा आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ । र यसका साथैं "आधारभूत तहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममा पनि सोहीअनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्दछ" भनेर 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन मातृभाषा सहित) २०७६'मा उल्लेख गरिएको छ ।

यसैगरी 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन मातृभाषा सहित) २०७६' मा अगाडि उल्लेख गरिएको छ –

> "स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीलाई स्थानीय सीप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकको आयआर्जनमा पनि सहयोग पुग्न सक्छ । त्यसकारण स्थानीय पाठ्यक्रम बमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिनुपर्दछ । तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ" ( पृ.३७) ।

माथिका छलफलहरूबाट मूल्याङ्कन गर्दा निर्माणात्मक (निरन्तर मूल्याङ्कन) र निर्णयात्मक (आवधिक मूल्याङ्कन) दुवै विधिहरूको प्रयोग गर्नु पर्ने कुराको मार्गनिर्देशन गरेको देखिन्छ । निर्माणात्मक मूल्याङ्कनका लागि विद्यार्थीहरूको पोर्टफोलियो (व्यक्तिगत फायल) बनाइ उनीहरूले गरेका कार्य, सक्रियता अवलोकन, हाजिरी, सिकाइका लागि गरेको प्रयत्न लगायतका आधारमा अंक प्रदान गर्नु उचित हुन्छ । । विद्यार्थीले सैद्धान्तिक र प्रयोगात्मक खण्डमा प्राप्त गरेका अंकलाई छुट्टा छुट्टै र विषयगत कुल प्राप्तांकलाई अक्षराङ्कन पद्दतिमा रूपान्तर गरी अक्षर ग्रेडमा मूल्याङ्कन गर्नुपर्दछ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ (दोस्रौ संस्करण) र 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन मातृभाषा सहित) २०७६'को मार्गदर्शनलाई मध्यनजर गर्दै यस पाठ्यक्रममा विद्यार्थीको मुल्याङ्कन गर्दा सैद्धान्तीक र प्रयोगात्मक परिक्षाको अंकभार (प्रतिशत) निम्न बमोजिम सुझाब गरिन्छः

**कक्षागत परिक्षाको किसिम र अंकभार प्रतिशत**

| क्र.सं. | कक्षा | सैद्धान्तिक परिक्षा (प्रतिशत) | प्रयोगात्मक परीक्षा (प्रतिशत) | जम्मा |
|---|---|---|---|---|
| १ | कक्षा १ देखि ३ | ४० | ६० | १०० |
| २ | कक्षा ४ देखि ५ | ५० | ५० | १०० |
| ३ | कक्षा ६ देखि ८ | ५० | ५० | १०० |

यसैगरी माथि गरिएका छलफलका आधारमा तथा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ (दोस्रौ संस्करण) र 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन मातृभाषा सहित) २०७६'को मार्गदर्शनलाई मध्यनजर गर्दा यस पाठ्यक्रममा कक्षागत मुल्याङ्कन विधि, परिक्षा किसिम र अंकभार प्रतिशत निम्न बमोजिम सुझाब गरिन्छः

**कक्षागत मुल्याङ्कन विधि, परिक्षाको किसिम र अंकभार प्रतिशत**

| क्र. स. | कक्षा | निरन्तर मुल्याङ्कन (प्रतिशत) | | | आवधिक मुल्याङ्कन (प्रतिशत) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | |
| १ | कक्षा १ देखि ३ | ४० | ६० | १०० | – | – | – | **१००** |
| २ | कक्षा ४ देखि ५ | २५ | २५ | ५० | २५ | २५ | ५० | १०० |
| ३ | कक्षा ६ देखि ८ | २५ | २५ | ५० | २५ | २५ | ५० | १०० |

## ३. मगर खाममा स्थानीय पाठ्यक्रम कार्यान्वयन, अनुगमन र मुल्याङ्कन

### (क) मगर खाममा स्थानीय पाठ्यक्रम कार्यान्वयन

नेपालको संविधान, प्रचलित ऐन कानून तथा अन्तर्राष्ट्रिय सन्धी सम्भौताको दृष्टान्तलाई मध्यनजर गर्दै पालिकाको ऐतिहासिक महत्व बोकेको मगर खाम भाषामा स्थानीय पाठ्यक्रम पालिकाभर लागू गर्नका लागि गाउँपालिकाको कार्यपालिका वैठक एवं गाउँ परिषदबाट अनुमोदन गराएर पालिकाले कार्यान्वयन गराउनेछ । गाउँपरिषदबाट अनुमोदन भए पाश्चात पालिकाका सबै विद्यालयहरूले अनिवार्य रुपमा यो मगर खामको स्थानीय पाठ्यक्रम लागू गराउनुपर्नेछ । कार्यपालिकाको मातहतमामा रहेको गाउँ शिक्षा समितिको मातहतमा रहने गरी एक स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमिति गठन गरिने छ । सो उपसमितिमा कार्यपालिका सदस्य, वडाध्यक्षहरू, शिक्षा, युवा तथा खेलकुद शाखा संयोजक, विद्यालय व्यवस्थापन समितिहरू, प्रधानाध्यापकहरू, शिक्षक-अभिभावक संघहरू, शिक्षक-शिक्षिका, पालिकाको बालक्लब सञ्जाल र अन्य सरोकारवालाहरूको प्रनितिनिधिहरू रहनेछन् । यस उपसमितिले स्थानीय पाठ्यक्रम कार्यान्वयन गराउन आवश्यक भूमिका खेल्ने, स्रोतसाधनको आवश्यकता एवं पालिकाले चाल्नु पर्ने कदम, गर्नु पर्ने व्यवस्थाको लागि आवश्यक सल्लाह सुभाब दिने साथै कार्यपालिकाको नीतिनिर्देशनलाई कार्यान्वयन गर्न गराउन सहजिकरण गर्ने कार्य गर्नेछ ।

### (ख) कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन

पालिकामामा गाउँ शिक्षा समिति अन्तरगत बनेको "**मगर खाममा स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमिति**"ले आवश्यकता अनुसार विद्यालयको अनुगमन गरी आवश्यक निर्देशन, सल्लाह सुभाब दिने र त्यहाँ भएका समस्या समधानको लागि गाउँ शिक्षा समिति र गाउँपालिकालाई जानकारी गराउने छ । पालिका तहमा अनुगमन तथा मुल्याङ्कनको संयन्त्रलाई निम्न रेखाचित्रमा देखाइएको छः

**मगर खाममा स्थानीय पाठ्यक्रमको अनुगमन तथा मुल्याङ्कन संयन्त्र**



यसका साथै पालिकामा रहेका अनुगमन तथा मुल्याङ्कन समितिले पनि आवधिक रुपमा स्वतन्त्र रुपमा अनुगमन गरेर कार्यपालिकालाई बुझाउन सक्नेछ । कार्यपालिकाले आवश्यकता परेको अवस्थामा बाह्य तेस्रो पक्ष/स्वतन्त्र परामर्शदाताहरूबाट पनि अनुगमन र मुल्याङ्कन गराई प्रतिवेदन ग्रहण गर्न सक्नेछ । यसरी अनुगमन र मुल्याङ्कन प्रयोजनका लागि गरिने शोधकार्यको प्रतिवेदनमा उल्लेख भएका सबल पक्ष र दुर्बल पक्षलाई कार्यपालिकाले ध्यानमा राखेर सुधारका कदमहरू चाल्नेछ ।

## ४. मगर खाममा स्थानीय पाठ्यक्रमको मुल्याङ्कन

पालिकाले बनाएका हरेक कार्ययोजना सफल भए वा नभएको मूल्याङ्कन गर्न अत्यन्तै आवश्यक हुन्छ । यसै गरी यो मगर खाममा स्थानीय पाठ्यक्रमको पनि मुल्याङ्कन गरिनु आवश्यक हुन्छ । कार्यप्रणाली तथा यसको प्रभावकारिताको उचित मूल्याङ्कनले गर्दा नै हामीले सो प्रणालीमा भएका सबल वा दुर्बल पक्ष पहिचान गर्न सक्छौं जसले हामीलाई भविष्यमा उचित निर्णय लिन मद्दत गर्छ । यस स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियाको पनि विभिन्न तहमा मूल्याङ्कन गरिने छ ।

(क) **प्रक्रिया मूल्याङ्कन** : यस कार्ययोजना कार्यान्वयन गर्ने क्रममा देखिएका उपलब्धि तथा चुनौतीहरूको विश्लेषण गर्दै प्रक्रियाको मूल्याङ्कन हुने छ । समयावधिको लक्ष्य हासिल गरे/नगरेको, सूचना प्रहाव पारदर्शी भए/नभएको, स्रोतसाधनको उचित उपयोग भए/नभएको, प्रभावकारी रुपमा काम बाँडफाँड भए/नभएको आदि जस्ता पक्ष प्रक्रिया मूल्याङ्कन अन्तर्गत पर्दछन् ।

(ख) **परिणाम मूल्याङ्कन** : यो कार्ययोजनाको एक प्रमुख लक्ष्य वा परिणाम भनेको स्थानीय पाठ्यक्रम निर्माण गर्नु र सोको मूल्याङ्कन गर्नु हो । यस प्रक्रियाबाट निस्केको स्थानीय पाठ्यक्रमको गुणस्तर, प्रभावकारिता, हासिल भएको सिकाइ उपलब्धि, शिक्षक तथा विद्यार्थीका प्रतिक्रिया आदि जस्ता पक्षबारे अध्ययन गर्नु परिणाम मूल्याङ्कनअन्तर्गत पर्दछन् ।

**(ग) प्रभाव मूल्याङ्कन** : कार्यप्रक्रिया सकिएर प्रभावको अध्ययन गर्ने भएकाले अन्य मूल्याङ्कन भन्दा प्रभाव मूल्याङ्कन गर्न बढी समय लाग्न सक्छ । यो कार्ययोजनाले आफ्ना उद्देश्यहरूलाई पूरा गर्दै प्रभावकारी नतिजा हासिल गरे/नगरेको पक्ष प्रभाव मूल्याङ्कन अन्तर्गत पर्छ ।

## ५. मगर खाममा स्थानीय पाठ्यक्रम समीक्षा र परिमार्जन

समाज परिवर्तनशील रहेको हुन्छ । व्यक्तिका इच्छा र आकाँक्षाहरू पनि समाज परिवर्तनसँगै परिवर्तन भएको हुनसक्दछ । यसैगरी विकास निर्माण, राजनैतिक परिवर्तन, सामाजिक विकास, मिडिया र शिक्षाको विकासले गर्दा पनि समाजलाई परिवर्तनको दिशामा डोऱ्याइरहेको हुन्छ । विकाससँगै समाजमा सकारात्मक र नकारात्मक दुवै प्रकृतिका प्रभाव परेको हुन्छ । यस्तो परिस्थितिमा पालिका तहमा लागू भएको मगर खाममा स्थानीय पाठ्यक्रमको पनि समसामयिक समीक्षा हुन जरुरी हुन्छ । अर्कोतर्फ पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका व्यवहारिक समस्याहरू, पालिकाको छुटेका विषयवस्तुहरूको समस्या हल गर्न पनि आवधिक रुपमा समीक्षा गर्नु जरुरी हुन्छ । पाठ्यक्रमको कार्यान्वयनका शिलसिलामा आइपरेका बाधा अड्चन फुकाउन पनि पाठ्यक्रमका मुल्याङ्कन गरेर समसामयिक परिमार्जनको आवश्यकता रहन्छ ।

मगर खाममा स्थानीय पाठ्यक्रमको समीक्षा कम्तीमा पनि तीन बर्षमा समीक्षा गर्नुपर्दछ । समीक्षाको लागि गरिएको परामर्श कार्यक्रममा सरोकारवालाहरू, विज्ञहरू धेरै भन्दा धेरै सहभागी हुनु वान्छनीय हुन्छ । समीक्षाको समयमा परामर्श कार्यक्रममा उपस्थीत सहभागीहरू धेरै हुनु राम्रो हुनेछ । समीक्षामा परिमार्जनको आवश्यकता देखिएमा पाठ्यक्रमको विज्ञ परामर्शदाताद्वरा मुल्याङ्कन पनि पालिकाले गराउन सक्नेछ । समीक्षाको लागि गरिएको परामर्श कार्यक्रम,

मुल्याङ्कनबाट आएका सुझाबहरूलाई समेटेर यो पाठ्यक्रमको परिमार्जन गरिनेछ । सबै दृष्टिकोणबाट पाठ्यक्रमको मुल्याङ्कन गराउन एक बर्ष र परिमार्जनको लागि अर्को बर्ष समय राख्दा उपयुक्त हुन्छ । यसो गर्दा मगर खाममा स्थानीय पाठ्यक्रम लागू भएको छैटौं बर्षमा परिमार्जित पाठ्यक्रम लागू गर्न सम्भव हुनेछ । यो पाठ्यक्रम परिमार्जन गर्ने प्रक्रियाको शुरुवात गनै जिम्मेवारी पालिकामा शिक्षा अधिकृत/प्रमुखको जिम्मेवारी हुनेछ । नीजले गाउँ शिक्षा समितिबाट प्रस्ताव पारित गराई कार्यपालिकाको निर्णय गराउनुपर्नेछ ।

## ६. शिक्षक तालिम

मगर खाममा स्थानीय पाठ्यक्रमको भुईचरण (ग्रासरुट)मा मुख्य भूमिका शिक्षकको हुने गर्दछ । विद्यालयमा मगर खाममा स्थानीय पाठ्यक्रम पढाउने शिक्षकलाई मगर भाषाको प्रकृति, व्याकरण तथा पाठ्यक्रममा उल्लेखित विषयवस्तु, शिक्षण विधिहरूको बारेमा जानकारी आवश्यक पर्दछ । विद्यालयका शिक्षकहरू विश्वविद्यालयबाट मगर खाम पढेर आउने वातावरण नभएकोले पनि विद्यालयमा भैरहेका र मगर खामका वक्ता शिक्षकहरू नै यस पाठ्यक्रम पठनपाठन गराउने शिक्षक हुनेछन् । यसैले पनि उनीहरूको क्षमता अभिवृद्धि गर्नका लागि पाठ्यक्रमको पठनपाठन लागू गर्नु अगावै अभिमुखिकरण तालिम दिनुपर्ने हुन्छ । यो मगर खाममा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा गइसकेपछि पनि बार्षिक रुपमा पाठ्यक्रम कार्यान्वयन पक्षको समीक्षात्मक परामर्शका लागि अभिमुखिकरण तालिमको आवश्यकता पर्दछ । यसका साथै मगर खाममा स्थानीय पाठ्यक्रम कार्यान्वयन चरणमा जाँदा पनि शिक्षकहरूलाई समय-समयमा तालिमको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यस कार्यका लागि पालिकाको शिक्षा शाखा प्रमुखको प्रस्ताव तयार पारी गाउँ शिक्षा समितिबाट पास गराई कार्यपालिकाबाट पास गराउनुपर्ने जिम्मेवारी हुनेछ र पालिकाको स्वीकृत कार्यक्रममा रहेर तालिम कार्यक्रम सम्पन्न गराउने जिम्मेवारी पनि हुनेछ ।